
वैशाख ७, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



प्रचण्डको ताजा अन्तर्वार्ता



# विजयको दैलोमा

## राजाको आग्रह दलहरूद्वारा अस्वीकार

मूल्य रु. २५




भीम गौतम

जनआन्दोलनका क्रममा सहिद भएकाहरूका परिवारजन कोराकै वस्त्रमा बनेपामा आन्दोलनमा सहभागी हुँदै

वर्ष ३, अंक १०२, वैशाख १–७, २०६३




आवरण : जनआन्दोलनका क्रममा नागरिक समाजका नेता कर्फ्यु अवज्ञा गर्दै पद्मरत्न तुलाधर । *(तस्वीरः भास्वर ओझा)*, माओवादी अध्यक्ष प्रचण्ड *(तस्वीरः विनोद ढुंगेल)*

**आवरण :** जनआन्दोलन घोषित लक्ष्यको नजिक पुगेका बेला राज्यको सहारा आपराधिक दमन मात्र छ । र, दलहरू राजाद्वारा देखाइएको 'अभिभारा'को ललिपप लिन तयार छैनन् २६



**अन्तर्वार्ता**
प्रचण्डले आफ्नो ताजा अन्तर्वार्तामा भनेका छन्, 'हामी राजनीतिक विजय चाहन्छौं ।' ३४

**जनआन्दोलन भाग–२**
सात दलको शान्तिपूर्ण आन्दोलनमा सरकारले दमनको उत्कर्ष प्रस्तुत गरेको छ, विशेष फोटोफिचर १०

**जनआन्दोलन विशेष**
चिकित्सक र चिकित्साका विद्यार्थीमाथि वर्षियो सरकार १९
अस्पताल घाइतेहरूले भरिए २२
सबै पेसाकर्मी उत्रिए आन्दोलनमा २३
आन्दोलनले राष्ट्र बैंकको ढुकुटी ठप्प २५
विचरा प्रहरीहरू आफ्नो छट्पटी लाठी र गोलीमा प्रकट गर्छन् ३९




| | |
|---|---|
| सम्पादकीय | ५ |
| डाँक | ८ |
| दर्शन | ९ |
| मुलुक | १२ |
| साहित्य | ५१ |
| टिपोट | ४६ |
| साहित्य | ५२ |
| शून्य समय | ५८ |

समय
साप्ताहिक

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
भोंछे, न्युरोड
फोन नं. २०१०८२१

# सात दलको सफलता

## सम्पादकीय

**निरंकुशताको अन्त्य** र प्रजातन्त्र पुनःस्थापनाका लागि सात दलको आह्वानमा भएको आन्दोलनले नयाँ उचाइ मात्र हैन, व्यापक जनसहभागिता र सफलता हासिल गरेको छ । र, यो नागरिकको ज्यान लिने अधिकार सुरक्षानिकायलाई दिएकै आधारमा तानाशाही लम्ब्याउन सकिन्छ भन्ने मान्यताको पराजय पनि हो । बन्दुकको अगाडि छाती तेर्स्याउँदै कर्फ्युको अवज्ञा गरेर सामान्य नागरिकले आफ्नो मर्यादित अस्तित्व र संविधानले प्रत्याभूत गरेको हकका लागि उनीहरू कुनै पनि त्याग गर्न तयार रहेको प्रमाण पेस गरेका छन् । प्रजातन्त्र र राष्ट्रियताको खाका सार्वभौम जनताले कोर्ने गर्छन्, बन्दुकको 'ट्रिगर'मा औंला राख्ने दासहरू या तिनका अधिनायकवादी मालिकले हैन, अन्ततोगत्वा ।

व्यक्तिगत रूपमा राजा ज्ञानेन्द्रविरुद्ध चर्किएका नाराले अर्को कुरा के स्पष्ट पार्‍यो भने राजा न लोकप्रिय छन्, न जनताका नजरमा सम्मानित । उनी या त आफ्नो महत्त्वाकांक्षाका सिकार बनेका छन् या आसेपासे र दरबार संयन्त्रबाट पूर्णतया दिग्भ्रमित । तर चैत्र २४ गतेयता उर्लिएको जनलहरको सन्देश राजाले जस्तै राजनीतिक दल र माओवादी नेतृत्वले पनि बुझ्न सक्नु पर्छ । आमहडतालको पाँचौं दिनमा माओवादी नेताद्वय प्रचण्ड र बाबुरामले यो हडतालको सफलताको श्रेयमा हिस्सेदारीको दाबी गरेका छन् । निश्चय पनि आमहडतालपूर्व माओवादीले काठमाडौं उपत्यकामा आफ्ना तर्फबाट फौजी कारबाही नहुने घोषणाका साथ सर्वसाधारणलाई शान्तिपूर्ण आमहडतालमा सहभागी बन्न आग्रह गरेका हुन् । र, त्यो घोषणा सात दलको आग्रहमा गरेका थिए माओवादीले, सरकारले राजनीतिक दलहरूलाई हिंसा नत्यागेका माओवादीका मतियारका रूपमा चित्रित नगरोस् भन्ने उद्देश्यले ।


भास्वर ओझा

तर प्रचण्ड र बाबुराम भट्टराईको वक्तव्य त्यस बेला आयो जब गृहमन्त्री कमल थापा आन्दोलन सात राजनीतिक दलको नभएर माओवादी नियन्त्रणमा रहेको दाबी गरिरहेका थिए । आन्दोलन स्पष्टरूपमा सात दलको आह्वान र नेतृत्वमा भएको हो । र, त्यो यथार्थ कबुल गर्ने नैतिक हैसियत माओवादीबाट अपेक्षा गरिन्छ । सात दलका नेता गिरिजाप्रसाद कोइरालाले यस पक्षलाई सार्वजनिक रुपमा स्पष्ट गरेका मात्र छैनन् माओवादीको उक्त दाबीलाई गम्भीरताका साथ लिनसमेत अस्वीकार गरेका छन् ।

निश्चय पनि वर्तमान आन्दोलन सात दल र माओवादीको १२ बुँदे समझदारीको पृष्ठभूमिमा भएको हो । माओवादी प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थाका हिस्सा बनून् भनी सुनिश्चित गर्ने प्रतिबद्धता समझदारीले गरेको छ, तर माओवादीले हिंसा आफ्नो राजनीतिक अभीष्टको औजारका रूपमा प्रयोग गरिरहेसम्म सात दल र माओवादी साझा आन्दोलनमा उत्रिन मिल्दैन । सात दल त्यस्तो आन्दोलनमा उत्रिएमा त्यो उनीहरूको नैतिक र राजनीतिक पराजय हुनेछ । साथै सात दल र माओवादीबीच सम्पन्न समझदारी मुलुकमा निरंकुशताको अन्त, शान्ति, प्रगति र प्रजातन्त्रको स्थापनाको दीर्घकालीन योजनातर्फ पहिलो खुड्किलो हो भने त्यसमा भ्रम सिर्जना हुने खालका कुनै क्रियाकलाप र मन्तव्य दिनुअघि दुवै पक्षले गम्भीरतापूर्वक सोच्नु पनि आवश्यक हुन्छ । प्रचण्ड-बाबुरामको हालैको वक्तव्यले समझदारीपछाडिको उनीहरूको विश्वसनीयता र नियतलाई फेरि एकपल्ट शंकाको घेरामा ल्याएको छ र प्रश्न उब्जाएको छ, उनीहरु के चाहन्छन्– क्षणिक लोकप्रियता कि लोकतान्त्रिक शासन व्यवस्था ? ■




## साता संक्षेप

### एमाले पूर्व सासंदको हत्या

**एमालेबाट २०४८** सालको संसदीय निर्वाचनबाट प्रतिनिधिसभामा निर्वाचित पूर्व सांसद ओमविकास गौचन र उनकी धर्मपत्नीको अज्ञात समूहले चैत ३० गते हत्या गरेको छ । मुस्ताङ सदरमुकाम जोमसोमस्थित आफ्नै निवासमा भएको गौचन दम्पतीको हत्याको भर्त्सना गर्दै एमालेले छानबिनको माग गरेको छ । गौचन दम्पती एमालेमा सक्रिय थिए ।

### लोकदीपको नियुक्ति धरापमा

**नयाँ दिल्लीस्थित** शाही नेपाली दूतावासको सांस्कृतिक सहचरीमा राजनीतिक नियुक्ति गरी लोकदीप थापालाई पठाउने परराष्ट्रमन्त्री पाण्डेको योजना धराशायी हुने भएको छ । कूटनीतिक समूहका उपसचिवको पदमा राइजिङ नेपालका सम्पादक थापालाई नियुक्ति गर्ने उनको योजनामा सामान्य प्रशासन मन्त्रालय बाधक भएकाले अड्केको हो । सांस्कृतिक सहचरी पदमा कार्यरत ज्योति अधिकारीलाई दुई वर्ष पदावधि बाँकी रहँदै फिर्ता बोलाएर पाण्डेले थापाको ठाडो नियुक्ति प्रक्रिया अघि बढाएका थिए ।

निजामती पदमा बाहिरबाट नियुक्ति गर्न नपाइने ऐनको प्रावधानमा टेकेर निजामती किताबखाना र सामान्य प्रशासनले अडान लिएपछि पाण्डेको योजना तुहिन लागेको हो । प्रशासनिक तहबाट थापाको नियुक्तिमा आपत्ति प्रकट भएपछि मन्त्रिपरिषद्को प्रशासन समितिबाट उक्त पदलाई राजनीतिक भनी निर्णय गराउने दाउमा एक महिनादेखि लागे पनि पाण्डे सफल भएका छैनन् ।

सोझा स्वभावको परिचय बनाएका थापा नै उक्त पदमा जान त्यति उत्साही नभएको र निजामती पदमा शक्तिको आडमा राजनीतिक नियुक्तिको विपक्षमा सामान्य प्रशासन रहेकाले थापालाई दिल्ली पठाउन सपना चकनाचुर हुने निश्चित छ ।

### सार्क निर्देशकमा नियुक्ति

**मन्त्रालयको डेढ** वर्ष पुरानो निर्णय उल्ट्याउँदै परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले सार्क सचिवालयको निर्देशक पदमा मोहनकृष्ण श्रेष्ठलाई पठाएका छन् । परराष्ट्र राज्यमन्त्री प्रकाशशरण महतको पालामा डेढ वर्षअघि उपसचिव ऋषि घिमिरेलाई निर्देशकमा पठाउने निर्णय भएको थियो । माघ १९ पछि पाण्डे मन्त्रीमा नियुक्त हुनेबित्तिकै घिमिरेलाई रवाना नदिई एक वर्षसम्म उक्त पद खाली राखेर अहिले कनिष्ठ उपसचिव श्रेष्ठलाई पठाएका छन् । श्रेष्ठलाई पठाउने निर्णय चैत अन्तिम साता भएको हो ।




## समसामयिक सम्पादकीय

समय अंक १०१ को सम्पादकीयले समसामयिक राजनीतिक परिस्थितिको विश्लेषण गरेको छ। वास्तवमा राजा ज्ञानेन्द्रका लागि उत्तम विकल्प साझा एजेन्डाका आधारमा गठित राष्ट्रिय मान्यताप्राप्त दलहरूको सरकारलाई पूर्ण अधिकारयुक्त सत्ता हस्तान्तरण गर्नु हो। तर, राजा ज्ञानेन्द्रले यो बाटो अवलम्बन नगरी लोकतन्त्र प्राप्तिका लागि जागेका जनतालाई बर्बर दमन गरेमा अवश्य मुलुक गणतन्त्रको बाटोमा अघि बढ्नेछ। यस्तो अवस्थामा कसैले पनि राजतन्त्रलाई बचाउन सक्नेछैन।

■ **सुयोग्यराज केशी**
घट्टेकुलो, काठमाडौं

## इन्टरनेटमा *समय* खोइ ?

म नेपालमा छँदा *समय* साप्ताहिक नछुटाई पढ्ने गर्थें। रोजगारीको सिलसिलामा हाल म विदेशमा छु। यहाँ आएदेखि समय पढ्न पाएको छैनँ। यस पत्रिका इन्टरनेटमा पढ्न पाइन्छ कि भनी प्रयास गरेँ, तर मेरा सबै प्रयास अर्थहीन रहे। समयजस्तो पत्रिका त इन्टरनेटमा हालेकै रहेनछ। समय सूचक हो भन्ने थाहा हुँदाहुँदै पनि एक्काइसौं शताब्दीमा पनि सर्वसुलभ र सजिलो माध्यम बनेको पद्धति नअँगालेको देख्दा अचम्म परेको छु। विक्रम संवत् २०६३ सालको बिहानीसँगै समय पत्रिका वेव पेजमा पढ्न पाइयोस् भन्ने कामना गर्दछु।

■ **मोहन बन्जारा, काभ्रेपलाञ्चोक**
हाल : मलेसिया

## माओवादीको दोहोरो चाल

माओवादीले शान्तिपूर्ण राजनीतिक निकासको लागि तयार भएको जनाए पनि अझै उनीहरूले गाउँघरमा सर्वसाधारणबाट चन्दा असुलेर आतंकित पार्न छोडेका छैनन्। *समय* वर्ष २, अंक १०१ मा प्रकाशित विशेष रिपोर्टले माओवादीको द्वैध चरित्र उदांगो बनाएको छ। प्राकृतिक सम्पदाबाट समेत कर असुल्ने माओवादी नीतिबाट माओवादीले मुखले संरक्षणको कुरा गरे पनि व्यवहारमा उनीहरू संरक्षणविरोधी रहेको पुष्टि भएको छ। माओवादीले जनताको शक्तिको रूपमा स्थापित हुने हो भने जबर्जस्ती चन्दा असुल्ने जस्ता काम तुरुन्त रोक्नु पर्छ।

■ **रामप्रसाद उपाध्याय**
कलंकी, काठमाडौं

## कस्तो प्रतिबद्धता ?

*समय* साप्ताहिकको वर्ष २, अंक १०१ मा प्रकाशित *आन्दोलन नरोकिने* माओवादी र सात दलबीचको बाह्रबुँदे समझदारी भएर आन्दोलन अगाडि बढिरहेको छ। माओवादीले निरस्त्र व्यक्तिमाथि कुनै कारबाही नगरिने प्रतिबद्धता जनाएका थिए। यद्यपि, उनीहरूले आफ्नो प्रतिबद्धताविपरीत दैलेख, झापाको सुरुंगा र सिन्धुपाल्चोकको खाडीचौरमा एसएलसीको प्रश्नपत्र लिएर गइरहेका तथा पुऱ्याएर फर्किरहेका सुरक्षाकर्मीमाथि आक्रमण गरेका छन्। यसले माओवादीहरूले कुरा राम्रो गर्ने कामचाहिँ त्यसको ठिक उल्टो गरेको देखिन्छ।

यस्ता कार्यले उनीहरूको नियत र प्रतिबद्धतामाथि शंका गर्ने प्रशस्त ठाउँ देखिन्छ। यस्तै व्यवहार जारी रहने हो भने भविष्यमा उनीहरू नाराचाहिँ लोकतन्त्रका गर्ने राज्यसत्ता कब्जा गरेपछि पोलपट वा निरोको शासन पुनरावृत्ति हुने त होइन ?

■ **सुनिल डंगोल, कुपन्डोल**

## भविष्यमाथि खेलवाड

दैलेखको सरस्वती माध्यमिक विद्यालयमा एसएलसी परीक्षा दिइरहेका बेला बम विस्फोट गराएर माओवादीले विद्यार्थीको भविष्यमाथि खेलवाड गरेका छन्। विद्यालय शान्ति क्षेत्र हो भन्ने आधारभूत मान्यताप्रति मुखले प्रतिबद्ध छौं भनेर जनाए पनि परीक्षाकेन्द्रमा भएको आक्रमणले माओवादीको सक्कली अनुहार छर्लंग भएको छ। शान्तिपूर्ण रूपमा परीक्षा दिइरहेका विद्यार्थीलाई लक्षित गरी बम विस्फोट गराउनु वास्तवमै युद्धअपराध हो। यसको जति भर्त्सना गरे पनि पुग्दैन। आगामी दिनमा पनि माओवादीले यस्ता घटना दोहोऱ्याउँदै गए जनताबाट तिरस्कृत हुने निश्चित छ।

■ **केशवकुमार बन्जाडे**
विराटनगर, मोरङ

## कथा नै चाहियो

*समय*को वर्ष २, अंक १०१ मा प्रकाशित डा. तारानाथ शर्माको निबन्ध 'भ्रष्टाचारीलाई प्रवेश निषेध'मा आत्मकुण्ठाबाहेक केही छैन। यदि कुनै रचनाले पाठकलाई केही विचार दिन सक्दैन भन्ने त्यस्ता रचना छाप्नुको केही औचित्य हुँदैन। डा. शर्माको पछिल्ला निबन्धमा यो लागू हुन्छ। कुनै जमानाका सुन्दर निबन्ध सर्जक डा. शर्माले खालि गालीपुराणतिर मात्र नलागी सुन्दर रचना सिर्जना गरे आखिर उनकै उचाइ बढ्ने थियो। मुलुकमा रहन्जेल पदको आशामा राजाको कदमको समर्थन गर्दै टेलिभिजनमा अन्तर्वार्ता दिने, सरकारी पत्रमा लेख छपाउने उनै तारानाथले आज खरा कुरा गर्दै हिँड्न सुहाउँछ र ?

■ **शिवकुमार बोगटी**
बिर्तामोड, झापा

## साधुवाद विजयकुमार



समयका स्तम्भकार विजयकुमारले यसपटक अभिव्यक्त गरेका विचार गहन छन्। यसको अर्थ यसअघिका उनको लेख सतही भन्न खोजेको होइन। अहिलेका जमानामा हरेक मानिसमा जे गरेर भए पनि सफल बन्ने भूत सवार भएको छ। सफलताको मापदण्ड पनि बंगाला, गाडी, गरगहना ...यस्तै यस्तै। विजयकुमारकै शब्दमा 'भर्टिकल पर्सपेक्टिव'बाट हेरिन्छ जीवनलाई, अनि सफल व्यक्तिलाई। तर, जीवनको शाश्वत पक्ष सफलभन्दा पनि असल मानिस बन्नुमै झल्किन्छ। सारगर्वित प्रस्तुतिका लागि साधुवाद विजयकुमार।

■ **मेनुका काफ्ले**
हाल : नयाँ बानेश्वर, काठमाडौं

## महिला सहभागिता !

नेपाली स्रोतामाझ डिजेहरूले छोटोसमयमै राम्रो छाप छोडेका छन्। राजधानीबाहिर पोखरा, धरान, बुटवलमा पनि डिजेहरूको माग बढ्दो छ। *समय*को वर्ष २, अंक १०१ मा डिजेसम्बन्धी रिपोर्ट राखेको धन्यवाद दिन चाहन्छु। प्रतिभाशाली नेपाली डिजेहरू छोटो समयमै स्थापित हुनु अवश्य राम्रो कुरा हो। दुई दर्जनभन्दा बढी पुरुष डिजेमाझ केवल तीनजना महिला डिजे प्रतिस्पर्धामा उत्रनु सुखद पक्ष होइन। हीनताबोध त्यागेर महिला आएमा महिलाले पनि डिजे संगीतको क्षेत्रमा योगदान पुऱ्याउनेछन्।

■ **नीलिमा शर्मा**
हाल : त्रिवि, काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

अन्नमयकोष पारदर्शी भएमा त्यसभित्र लुकेको प्राणमयकोषको अनुभव हुन थाल्छ । त्यस्तै प्राणमयकोष पारदर्शी भयो भने त्यसभित्र लुकेको मनोमयकोषलाई अनुभव गर्न सकिन्छ । यही क्रमले जुन कोष पारदर्शी हुन्छ त्यसभित्र लुकेको कायाको अनुभव हुन थाल्छ । त्यसकारण यो पूरै साधना पद्धतिको उद्देश्य यी पञ्चकोषहरूलाई पारदर्शी, शुद्ध र हलुका बनाउँदै लैजानु हो ।

# पञ्चककोष



स्वामी आनन्द अरुण

**हाम्रो सनातन** संस्कृतिको मुख्य स्वर हो- ब्रह्म सत्यं जगत् मिथ्या । बाहिर फैलिएको यो संसार स्वप्नजस्तो छ, मायाद्वारा निर्मित छ, यसको यथार्थता छैन । जो नित्य चैतन्य आत्मा छ त्यो अदृश्य छ ।

अब प्रश्न उठ्छ, यो अविनाशी र शाश्वत आत्मा किन देखिँदैन ? यो मायाले बनेको संसार किन यति वास्तविक लाग्छ ? यथार्थमा भन्ने हो भने यस संसारमा आत्मावादी विरलै भेटिन्छन् । आफूलाई जति आत्मावादी भने पनि अधिकांशको पहुँच पदार्थमा मात्रै सीमित हुन्छ ।

आत्मा कहाँ लुकेको छ र किन अनुभूतिमा आउँदैन ? यो प्रश्न आज मात्रै होइन, हजारौं वर्षदेखि मनुष्यको मनमा उठ्दै आएको हो र यस्तै जिज्ञासा समाधानको प्रयासमा उपनिषद्को जन्म भयो । उपनिषद्हरूले मनुष्यको आत्मा पाँच शरीरभित्र लुकेको सत्य खोजे । यसैलाई पञ्चकोष भनिन्छ । यी हुन्:

- अन्नमयकोष (फिजिकल बडी)
- प्राणमयकोष (भाइटल बडी वा इनर्जी बडी)
- मनोमयकोष (मेन्टल बडी)
- विज्ञानमयकोष (कन्सस बडी)
- आनन्दमयकोष (ब्लिस बडी)

अन्नयमय कोष पहिलो शरीर हो । यो आमाबुबाको रज र वीर्यबाट निर्मित हुन्छ । आधुनिक कोषविज्ञान या जिनियोलोजीका अनुसार यही प्रारम्भिक कोषमा रहेको जिनहरूमा शरीर बनावटको पूरै प्रोग्राम सूक्ष्म रूपमा संरक्षित रहन्छ । तपाईंको कपालको रंग, शरीरको वर्ण र बनावट, उचाइ, आँखाको रंग, शरीरमा हुन सक्ने सम्भावित रोगहरू जस्ता शरीरसँग सम्बन्धित असंख्य जानकारी त्यसमा सूक्ष्म रूपमा संगृहित हुन्छन् । अन्नले यो शरीरको संवृद्धि, संरक्षण र पोषण हुन्छ । साथै रज र वीर्य पनि भोजनकै प्रभावले निर्मित हुन्छन् । त्यसैले यसलाई अन्नमयकोष भनिएको हो । यो शरीर सतत मरिरहेको हुन्छ र अन्नद्वारा सतत नयाँ कोषिकाहरू निर्मित भइरहेका हुन्छन् । वैज्ञानिकहरू भन्छन्, यो शरीरका सबै कोषहरू सात वर्षमा पुनर्निर्मित हुन्छन् । शरीर निर्माणको पहिलो चरण आमाबुबाको जिनहरूले हुन्छ तर बाँकी पालन र पोषणचाहिँ हामीले खाएको अन्नले हुन्छ ।

अन्नमय कोषभित्र प्राणमयकोष लुकेको हुन्छ । यो प्राणमयकोष ऊर्जाले बनेको हुन्छ । प्राणमय शरीरको पहिचान यसमा हुने वृद्धि हो । ढुंगामुढा बढ्दैनन् तर रूखविरुवा उम्रिन्छन् र बढ्छन् । रूखविरुवामा पनि संवेग हुन्छ भन्ने कुरा वैज्ञानिक तथ्य हो । यो संवेगको स्रोत उनीहरूमा रहेको प्राणमयकोष नै हो । बगैंचामा माली पस्नासाथ रूखविरुवाहरू रमाउँछन् । रूखको अगाडि बन्चरो लिएर कोही आएमा रूखको प्राण पनि काम्छ र यो कम्पन अत्याधुनिक यन्त्रहरूद्वारा पनि जाँचिएको छ । रूखहरूमा पनि केही रूख अत्यन्त संवेदनशील हुन्छन् र तिनीहरूका नजिक जुन भावना लिएर गइन्छ त्यसलाई त्यो रूखले त्यति नै गहिरो प्रतिसंवेदन गर्दछ । यसको मुख्य कारण ती रूखहरूको प्राण शरीर अत्यन्त सबल हुनुले नै हो । त्यसैकारण हिन्दुहरूले पीपल, वर, आँप, अमला, बेल जस्ता रूखहरूलाई पूजनीय मान्छन् र ती रूखमुनि गरिएका साधना आराधना पूर्ण हुन्छ भन्ने मान्यता छ ।




अन्नमयकोष पारदर्शी भएमा त्यसभित्र लुकेको प्राणमयकोषको अनुभव हुन थाल्छ । त्यस्तै प्राणमयकोष पारदर्शी भयो भने त्यसभित्र लुकेको मनोमयकोषलाई अनुभव गर्न सकिन्छ । यही क्रमले जुन कोष पारदर्शी हुन्छ त्यसभित्र लुकेको कायाको अनुभव हुन थाल्छ । त्यसकारण यो पूरै साधना पद्धतिको उद्देश्य यी पञ्चकोषहरूलाई पारदर्शी, शुद्ध र हलुका बनाउँदै लैजानु हो ।

मांसाहारी र तामसिक भोजनले अन्नमयकोषलाई भारी गर्ने र शरीर शुद्धिको प्रक्रियामा बाधा पुऱ्याउँछ । त्यसकारण अन्नमयकोषलाई शुद्ध गर्न नै पूर्वमा आहारको गहन विज्ञान नै विकसित भयो । यसै क्रममा शाकाहारी र सात्विक भोजन साधनाका लागि अनिवार्य ठानियो र उपवासको पनि उपयोगिता देखियो । त्यस्तै शरीरमा लचकता र हलुकापन राख्न योगासनहरू विकसित भए र प्राण शरीरलाई सबल र शक्तिशाली बनाउनलाई प्राणायामको विकास भयो ।

अन्नमयकोष शुद्ध र हलुको भएमा प्राणमयकोषको अनुभव हुन थाल्छ । प्राणमयकोषको झ्याल यस शरीरमा आँखाहरू हुन् । आँखा त्यो स्थान हो जहाँबाट हामी मानिसको प्राणमयकोषको झलक लिन सक्छौं । त्यसकारण आँखाभन्दा जीवन्त यस शरीरमा अन्य कुनै अंग देखिँदैन । शरीर र वचनले लुकाउन खोजेका कुरा पनि आँखाले भनिदिन्छ । आँखा प्राण शरीरको भाषा हो । त्यसैकारण सन्तहरूको शरीर जस्तो भए पनि आँखाचाहिँ तेजिलो हुन्छ । त्यो उनीहरूको प्राण शरीरको जीवन्तताको प्रतीक हो । अन्नमयकोषभन्दा प्राणमयकोष सूक्ष्म भएकाले यसको भोजन पनि सूक्ष्म छ । प्राणवायु र सत्संग प्राणमयकोषको भोजन हो । गहिरो र लामो श्वास लिनाले प्राणमयकोष सबल हुन्छ । सत्संग, साधु पुरुष र तीर्थहरूको दर्शनको त्यसैकारण महत्त्व छ किनभने त्यहाँ हाम्रो प्राणमयकोषलाई सूक्ष्म रूपमा भोजन मिल्छ । जसको प्राणमयकोष अत्यन्त जीवन्त र सबल छ, उसको सान्निध्यमा हाम्रो प्राणमयकोषलाई पनि पोषण र शक्ति प्राप्त हुन्छ ।


सम्मोहित पार्ने व्यक्तित्व भएका मानिसहरूमा अरू केही होइन त्यही प्राणमयकोषकै प्रबलता हुन्छ । जब प्राण शरीर सबल हुन्छ विस्तारै त्यसको झलक भौतिक शरीरमा पनि आउन थाल्छ । त्यसैलाई हामी 'आभा' वा 'ग्रेस' भन्छौं । शरीर समानुपातिक र सुडौल छ भने भौतिक रूपमा कोही सुन्दर हुन सक्छ तर आभा र ग्रेस त्योभन्दा गहिरो कुरा हो । महात्मा गान्धी शरीरले त्यति सुन्दर थिएनन् तर उनको प्राण शरीर यति सबल थियो कि जर्ज पाँचौं पनि उनको आँखामा आँखा मिलाएर कुरा गर्न डराउँथे ।

osho@tapoban.com

जनआन्दोलन भाग-२

# आन्दोलनको

तस्वीरहरू : भास्वर ओझा र तेजबहादुर बस्नेत



# आवेग



# जनआन्दोलन भाग-२














Manufacturing,
International Brand

# जनआन्दोलन भाग-२

**मैले जोगाएँ, मैले बचाएँ, मैले पिटाइ खाएँ**

डिएसपी शरद चन्दलाई आन्दोलनकारीको रोषबाट बचाउँदै एक विद्यार्थी, डिएसपीको मुखमा धेरै चोट लागेपछि छेक्दै ती विद्यार्थी, डिएसपीलाई बचाउने तिनै विद्यार्थीलाई पिट्दै सुरक्षाकर्मीहरू

(क्रमशः तस्वीर माथिदेखि तल)











# जनआन्दोलन भाग-२


चितवन


चितवन


बुटवल


बुटवल


महेन्द्रनगर




तस्वीरहरू : श्याम भट्ट/महेन्द्रनगर, रमेश पौडेल/चितवन, दीपक ज्ञवाली/बुटवल, रुद्र खड्का/नेपालगञ्ज, ओमआस्था राई/धरान, सुदर्शन रञ्जित/पोखरा, नरेन्द्र केसी/दाङ

# चिकित्सा क्षेत्र पनि तारो

■ मनीष गौतम/काठमाडौं (तस्वीर पनि)




सुरक्षाकर्मीले निर्ममतापूर्वक विद्यार्थीहरूलाई कुट्दै भित्तामा बजारेपछि लागेको रगतले लेखिएको लोकतन्त्र पक्षीय नारा

**सुरक्षाकर्मीले शिक्षण अस्पतालको छात्रावास प्रवेश गरेर विद्यार्थी, चिकित्सक र वार्डेनलाई मरणासन्न हुने गरी पिटेका छन् । अहिले शिक्षण अस्पताल परिवार यो घटनाको विरोध र प्रजातन्त्र प्राप्तिका लागि सशक्त रूपमा आन्दोलनमा उत्रिएका छन् ।**

**रातको सन्नाटामा** आएका सुरक्षाकर्मीको निर्घात कुटाइबाट आफू अध्ययनरत अस्पतालमै भर्ना भइएला भन्ने यी घाइते विद्यार्थीले सायदै सोचेका थिए, तर चैत २८ गते सोमवार राति शिक्षण अस्पतालको छात्रावास परिसरमा एक्कासि मच्चिएको कोलाहलले त्यहाँको सन्नाटा चिऱ्यो ।

छिनभरमै दर्जनौं विद्यार्थी रक्ताम्य भए । कति विद्यार्थीलाई माथिल्लो तलाबाट घिसार्दै प्रहरी भ्यानमा कोचियो भने कतिपय विद्यार्थीको टाउको प्रहरीले पिलर र भित्तामा निर्ममतापूर्वक बजारे । प्रहरी बर्बरताको साक्षी स्वयं घाइते विद्यार्थी त छन् नै, रगताम्य भित्ता र भुइँ पनि सरकारी दमनका प्रमाण बनेका छन् । सुरक्षाकर्मीले विद्यार्थीका साथै एक चिकित्सक र छात्रावासका वार्डेनलाई समेत निर्ममतापूर्वक प्रहार गरेका थिए । ड्युटीमा रहेका चिकित्सक घटना भएको ठाउँमा आई सुरक्षाकर्मीसँग विद्यार्थी नपिट्न अनुरोध गर्दा उनीमाथि बुट र लाठी बजारिएको थियो, जसका कारण उनले लगाएको एप्रोन रगतमा डुबेको थियो । सुरक्षाकर्मीहरू कतिसम्म निर्मम बनेका थिए भने विद्यार्थीलाई पिट्दा उनीहरूका लाठीसमेत भाँचिएका थिए ।

राति पौने दस बजे शिक्षण अस्पताल परिसरको छात्रावासमा विनासूचना छिरेका झन्डै अढाई दर्जन प्रहरीले बन्द च्यानलगेट जबरजस्ती खोल्न लगाएका थिए । 'ए साला, ढोका खोल् भने', घटनाका बेला छात्रावासको सुरक्षार्थ खटिएका गार्ड पुरुषोत्तम सापकोटा भन्छन्, 'मैले गेट खोलें, त्यसपछि भित्र पसेर उनीहरूले मलाई पनि बन्दुकको कुन्दाले हिर्काए ।' सुरक्षा गार्डपछि प्रहरीको आक्रमणमा वार्डेन विष्णुप्रसाद थपलिया परे । त्यसपछि ती प्रहरीले कोठाको ढोका जबरजस्ती फोर्दै सुतिरहेका विद्यार्थीमाथि निर्ममतापूर्वक प्रहार गरेका थिए ।

प्रहरीको कुटाइबाट २ दर्जन विद्यार्थी र

# प्रहरी अत्याचार

**२०६२ चैत २४** बिहान, कान्ति बाल अस्पतालमा आफ्नो डिउटी जाने क्रममा बालाजु चोकमा पुगियो। साथीभाइसँग भलाकुसारी गर्दै चिया पिउने क्रम सुरुमात्र भएको थियो, प्रहरी निरीक्षक अवधेश विष्टको नेतृत्वमा आएको प्रहरीको एउटा भ्यान आएर रोकियो र त्यहाँ भित्रबाट हामीलाई त्यस क्षेत्रबाट हट्ने आदेश आयो। निषेधित क्षेत्र नभए पनि हामी त्यहाँबाट हिड्यौं।

अलि तल पुगेपछि भेटिए दाजु डा. टीका पोखरेल। अभिवादनपछि भलाकुसारी सुरुमात्र के भएको थियो फेरि त्यही भ्यान आइपुग्यो र प्रहरी ओर्लिए अनि हामी दुवैजनाको कठालो समातेर भ्यानमा कोच्न खोजे। मैले प्रतिवाद गरें। 'म डाक्टर हुँ, डिउटीमा जान लागेको', म चिच्याउँदै थिए। मेरो कुरा उनीहरूले सुनेजस्तो लागेन, उनीहरू मलाई लछारपछार गर्न थाले र मलाई लडाइदिए, मेरो दाहिने घुँडामा गम्भीर चोट लाग्यो म अर्धमूर्च्छित भएछु। उनीहरू डा. पोखरेललाई बोकेर हिँडेछन्, मलाई अर्धमूर्च्छित अवस्थामा सडकमा अलपत्र छाडेर। पछि मेरा साथी माधवजीले मलाई त्रिवि शिक्षण अस्पताल पुर्‍याए र मेरो उपचार सुरु भयो। मेरो दाहिने घुँडाको पांग्रा (पटेला) फुटेर चार टुक्रा भएको रहेछ। अपरेसन भयो, म स्वास्थ्यलाभको क्रममा छु। यस क्रममा मेरो उपचार गर्ने र सहयोग गर्ने सबैलाई मैले हार्दिक साधुवाद टक्र्याउनै पर्छ।



घाइते भएका डा.केदारनरसिंह केसी अस्पतालमा

तेजबहादुर बस्नेत

यी त मेरा व्यक्तिगत कुरा भए, तर यो घटनाको क्रममा देखेको प्रहरी व्यवहारदेखि म अचम्भित छु। पहिलो बीच सडकमा नै लछारपछार लगाउने र दोस्रो त्यस क्रममा अर्धमूर्च्छित भएको मानिसलाई त्यसै छोड्ने। कस्तो अमानवीयता ! कति निष्ठुरीपन ! उनीहरूमा यो व्यवहारका बारेमा अनुसन्धान हुनु जरुरी छ र सुधार हुनै पर्छ। अर्कोतिर सारा मुलुक आन्दोलनमा होमिएका बेला राजा जिल्लाभ्रमणमा मस्त छन्। सारा संसारले उनको विरोध गरिरहेको छ। तैपनि, उनी जनाधार नभएका केही चाटुकारहरूको सल्लाहमा यो मुलुक हाँक्न खोज्दै छन्। ती चाटुकारका सल्लाहमा मुलुक हाँक्ने सपना सोम शर्माको कथा बन्ने निश्चित छ। ■



**सन्तोषकुमार ढुंगाना, एमबिबिएस अन्तिम वर्ष**

**प्रहरी एक्कासि** भित्र छिरेको थियो। बाहिर निस्कन सक्ने अवस्था थिएन। कोठाको चुकुल पनि लगाउन नपाउँदै प्रहरी कोठाभित्र छिरे। 'धेरै बोलिस् भने गोली हानिदिन्छु' भने। म र मेरो साथी रुन थाल्यौं। मलाई टाउकोमा हानेका थिए र त्यहाँबाट रगत बग्न थाल्यो। 'म मरें मरें' भन्दै कराएँ तर उनीहरूले 'तँ मरे केही फरक पर्दैन' भने। त्यसपछि पिट्दै मलाई बाहिर ल्याए र भ्यानमा कोचे।

भ्यानमा राखेर पनि उनीहरूले मलाई बुटले हान्न छोडेनन्। त्यसपछि उनीहरूले वीरेन्द्र प्रहरी अस्पतालको आकस्मिक कक्षमा पुर्‍याए। प्राथमिक उपचार नगरी हामी पठाउँदैनौं भने उनीहरूले। त्यसपछि ड्रेसिङ गरिदिए। त्यहाँ उनीहरूले 'प्रदर्शनका क्रममा गिरफ्तार गरिएको' भन्ने व्यहोराको कागजमा हस्ताक्षर गर्न लगाए। पछि हाम्रो अस्पतालको भ्यानमा मलाई यहाँ ल्याइयो। परीक्षण गर्दा मलाई गम्भीर चोट लागेको रहेछ। टाउकोमा ५ सेन्टिमिटर गहिरो घाउ छ भने पाँचवटा टाँका लगाइएको छ। ■



**खेमनारायण पोखरेल, बिपिएच दोस्रो वर्ष**

**राति १० बजेतिर** एक हुल सुरक्षाकर्मी होस्टेलका गार्ड र वार्डेनलाई जबरजस्ती धकेल्दै, लट्ठी र बुटले हान्दै होस्टेलभित्र छिरे। बाहिर निस्कने ठाउँ थिएन, त्यसैले हामी बत्ती निभाएर कोठाभित्रै बस्यौं। त्यत्तिकैमा पुलिस ढोका फोडेर भित्र छिरे। मलाई लाठीले टाउकोमा हाने। चोट लागेर घाइते अवस्थामा पुगेको मलाई उनीहरूले घिसार्दै मथिल्लो तलाबाट तल ल्याए। 'मलाई बाहिर नलैजानुस् यहीं हाम्रो अस्पतालमा पुर्‍याइदिनुस्', मैले भनें। प्रत्युत्तरमा उनीहरूले 'तेरो मात्रै अस्पताल छ हाम्रो पनि छ। मरिस् भने पनि बाटोमै मर्लास्, त एउटा मरिस् भने केही पनि फरक पर्दैन' भनेर बुटले हान्दै भ्यानमा कोचे।

उनीहरूले मलाई कुट्दै वीरेन्द्र प्रहरी अस्पतालमा पुर्‍याए। त्यहाँको स्वास्थ्यकर्मीले 'यसलाई सामान्य चोटपटक रहेछ' भने। मलाई 'बाहिर प्रदर्शनको क्रममा पक्रिएको' भन्ने व्यहोराको कागजमा जबरजस्ती हस्ताक्षर गर्न लगाए। पछि हाम्रो अस्पतालको एम्बुलेन्स पुगेर हामीलाई ल्यायो। यहाँ आएर सिटिस्क्यान र एक्स-रे गरियो। मेरो टाउकोको 'स्कल' भाँचिएको छ भने कम्मर र घुँडामा गहिरो चोट लागेको छ। ■



**डा. दीपेन्द्र केसी, त्रिवि शिक्षण अस्पताल**

**म आकस्मिक** विभागमा ड्युटीमा थिएँ। एक्कासि हल्लाखल्ला सुनें। ढोका फोडेको आवाज आइरहेको थियो। बाहिर निस्कँदा होस्टेलतिर जुनियर भाइ रोएको सुनें अनि म त्यतातिर दौडें। त्यहाँ प्रहरीले भाइहरूलाई कुटिरहेका रहेछन्।

मैले प्रहरीलाई हात जोडेर 'प्लिज छोडिदिनुस् दाइ' भनें। मैले 'एप्रोन' लगाएको थिएँ र उनीहरूलाई 'म डाक्टर हुँ' भनेको थिएँ, तर उनीहरूले सुनेन्। मलाई पनि बुट र लाठीले हिर्काए भने एकजनाले बन्दुक तेर्स्यायो। मैले पनि 'मार्न सक्छस् भने मार' भनें। त्यसपछि एकजना प्रहरीले 'यो डाक्टर हो नपिट' भन्यो। त्यत्तिकैमा एकजना 'जुनियर' भाइ रक्ताम्य अवस्थामा 'मलाई बचाउनुस् दाइ' भन्दै आयो। उसलाई मैले पूरै सम्हालें तर प्रहरीले उसलाई पिट्दै जबरजस्ती तानेर छुटाए। मैले 'प्लिज छोडिदिनुस्' भनें तर उनीहरूले 'तँ चुप लाग्' भन्दै उसलाई घिसार्दै भ्यानतिर लगे। प्रहरीको पिटाइले मेरा खुट्टामा घाउ लागेको छ। अहिले यसमा दुईवटा स्टिच लगाएको छ। ■

निहत्था विद्यार्थीमाथि भएको दमनको विरोधमा त्रिवि शिक्षण अस्पतालका सम्पूर्ण निकाय तथा विभागले ऐक्यबद्धता जनाएका छन् । यसका लागि चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा प्राध्यापकको संयुक्त जनआन्दोलन संघर्ष समिति गठन गरिएको छ । दमनको विरोध र शान्तिपूर्ण आन्दोलनमा ऐक्यबद्धता जनाउन आकस्मिक उपचारबाहेक सम्पूर्ण सेवा बन्द गर्ने चेतावनीसमेत त्रिवि शिक्षण अस्पतालले दिएको छ ।

अस्पतालमा 'ड्युटी'मा रहेका चिकित्सकसमेत घाइते भएका छन् । 'मैले एप्रोन लगाएको थिएँ र उनीहरूलाई डाक्टर हुँ भनेको थिएँ', घाइते चिकित्सक दीपेन्द्र केसी भन्छन्, 'तर, प्रहरीले मलाई बुट र लाठीले जथाभावी हिर्काए एकजनाले त बन्दुक तेर्स्याउँदै सिध्याइदिने धम्कीसमेत दियो ।' कतिपय विद्यार्थी प्रहरीको कब्जाबाट भाग्न भ्यालबाट हाम फाल्दा घाइते भएका छन् ।

त्यसैगरी दुई विद्यार्थी अस्पताल प्रशासन तथा परिवारको सम्पर्कमा आउन नसकेको त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान स्ववियुले बताएको छ । घटनाको निन्दा गर्दै अस्पतालका कार्यकारी निर्देशक डा. महेशप्रसाद खकुरेल भन्छन्, 'प्रहरीको ज्यादतीबाट विद्यार्थी आक्रोशित छन् ।'

प्रहरीको कुटाइबाट घाइते भएकामध्ये सातजना विद्यार्थीको अवस्था गम्भीर छ । 'यीमध्ये तीनजनाको टाउको नराम्ररी फुटेको छ भने एकजनालाई बेहोस अवस्थामा ल्याइएको थियो', उपचारमा संलग्न डा. सञ्जय मुखर्जी भन्छन्, 'टाउकोमा १० सेन्टिमिटरसम्मको गहिरो चोट लागेको छ ।'

चोट लागेका कारण केही विद्यार्थीको टाउकोमा रगत जमेको छ । उपचारमा संलग्न अर्का चिकित्सक विकल घिमिरे भन्छन्, 'पक्रिएर टाउकोमा हिर्काउनुले प्रहरीको नियत ज्यान लिनेसम्मको देखिएको छ ।'

आधा दर्जन घाइते विद्यार्थीलाई प्रहरीले त्यहीँको सुविधासम्पन्न अस्पतालमा उपचार गर्न नदिई पिट्दै भ्यानमा कोचेर नजिकैको वीरेन्द्र प्रहरी अस्पताल लगेको थियो । उपचार सुविधाको हिसावले त्रिवि शिक्षण अस्पताल सुविधासम्पन्न मानिन्छ । वीरेन्द्र प्रहरी अस्पतालमा सम्भव नहुने जटिल उपचार पनि यहीँ 'रिफर' गरिन्छ । तर, प्रहरीको त्यस दिनको व्यवहारले उनीहरू विद्यार्थीलाई चरम यातना दिने नियतले आएको प्रस्टिन्छ । 'मरिस् भने पनि बाटोमै मर्लास्, तँ एउटा मरिस् भने केही पनि फरक पर्दैन भन्दै प्रहरीले मलाई भ्यानमा पिट्दै वीरेन्द्र प्रहरी अस्पताल पुऱ्याए', गम्भीर घाइते विद्यार्थी खेमनारायण पोखरेल भन्छन् । उनको टाउकोमा १० सेन्टिमिटर गहिरो चोट छ रगत पनि जमेको छ ।

घाइते विद्यार्थीलाई प्रहरीले प्रदर्शनका क्रममा सडकमा ओर्लिएको भन्ने व्यहोराको कागज बनाई त्यसमा जबरजस्ती हस्ताक्षर गर्न लगाएका छन् । 'घटनाबाट चिकित्सा जस्तो सेवामुखी पेसाको मूल्य-मान्यतामा सरकारले आघात पुऱ्याएको छ', डा. खगेन्द्र दाहाल भन्छन्, 'त्यसैले यसको न्यायिक छानबिन तथा दोषीमाथि कारबाही हुनु पर्छ ।'

सरकारले यी विद्यार्थीलाई तारो बनाउनुको मुख्य कारण चैत २४ गतेदेखि सुरु भएको शान्तिपूर्ण आन्दोलनसँग जोडिएको छ । शान्तिपूर्ण आन्दोलनको तेस्रो दिन शनिवार त्रिवि शिक्षण अस्पताल परिसरबाट नागरिक समाजका अगुवा, चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सरकारले गिरफ्तार गरेको थियो ।

यसकै विरोधमा चिकित्सा शास्त्र अध्ययन संस्थानले चैत २६ गते शान्तिपूर्ण विरोध जुलुस निकालेको थियो । त्यस क्रममा सरकारले स्ववियु सभापति डा. विदुर ढकालसहित १९ जनालाई गिरफ्तार गरेको थियो । गिरफ्तारीविरुद्ध तथा शान्तिपूर्ण जनआन्दोलनमा ऐक्यबद्धता जनाउन चिकित्सा शास्त्रका यी विद्यार्थीले चैत २८ गते साँझ त्रिवि शिक्षण अस्पतालबाहिर आई सडकमा शान्तिपूर्ण जुलुस निकालेका थिए । तर, कान्ति अस्पताल नपुग्दै जुलुसमाथि प्रहरीले अश्रुग्याँस प्रहार गरेको थियो । इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम चिकित्सा क्षेत्रमा भएको प्रहरी ज्यादतीको भर्त्सना गर्दै भन्छन्, 'सरकारको यो कदम स्वास्थ्य क्षेत्रप्रतिको नियोजित प्रहार हो ।' यस घटनाको जिम्मवारी नलिए तथा दोषीमाथि कारबाही नगरे आन्दोलन अझ चर्काएर लैजाने चेतावनी विद्यार्थीले दिएका छन् । स्ववियु उपसभापति कार्तिकेश ठाकुर भन्छन्, 'घटनाप्रति माफी माग्न र यस्ता घृणित कार्य नदोहोऱ्याउन हामी सरकारसँग जोडदार माग गर्छौं ।'

निहत्था विद्यार्थीमाथि भएको दमनको विरोधमा त्रिवि शिक्षण अस्पतालका सम्पूर्ण निकाय तथा विभागले ऐक्यबद्धता जनाएका छन् । यसका लागि चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा प्राध्यापकको संयुक्त जनआन्दोलन संघर्ष समिति गठन गरिएको छ । दमनको विरोध र शान्तिपूर्ण आन्दोलनमा ऐक्यबद्धता जनाउन आकस्मिक उपचारबाहेक सम्पूर्ण सेवा बन्द गर्ने चेतावनीसमेत त्रिवि शिक्षण अस्पतालले दिएको छ । यहाँ कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले आन्दोलनका क्रममा घाइते भएकाहरूको सुलभ उपचारका लागि आकस्मिक सेवा सशक्त बनाएको संघर्ष समितिले जनाएको छ । 'घटनाको छानबिन हुनु पर्‍यो, दोषीमाथि कारबाही हुनु पर्‍यो र थुनेका साथीहरूको रिहाइ हुनु पर्‍यो भन्ने हाम्रो माग छ', संघर्ष समितिका अध्यक्ष डा. शशि शर्मा बताउँछन् । घटनाको विरोधमा मंगलवार अस्पतालका विद्यार्थी, स्वास्थ्यकर्मी र चिकित्सकले विरोध जुलुस गरेका थिए । जुलुसमा सहभागी डा. अशोक देवकोटा भन्छन्, 'सुरक्षाकर्मीको ज्यादतीबाट संघर्षपूर्ण आन्दोलनमा होमिएका चिकित्सक र विद्यार्थी पछि हट्नेछैनन् ।' ■

## स्वास्थ्यकर्मी लोकतान्त्रिक आन्दोलनमा

**मुलुकभरबाट** चिकित्सक तथा स्वास्थ्यकर्मीले निरंकुशताविरुद्ध र प्रजातन्त्र पुनःस्थापनाका लागि सशक्त आवाज उठाइरहेका छन् । यसै क्रममा डा. मथुरा श्रेष्ठ, डा. सुन्दरमणि दीक्षित, डा. भरत प्रधान, डा. मधु घिमिरे, डा. शरद वन्त, डा. महेश मास्केलगायतका चिकित्सकलाई सरकारले गिरफ्तार गरेको छ । त्यसैगरी 'ड्युटी'मा आइरहेका कान्ति अस्पतालका चिकित्सक केदारनरसिंह केसीलाई सुरक्षाकर्मीले आक्रमण गर्दा घाइते भएपछि उपचारका लागि अस्पताल भर्ना गर्नुपऱ्यो ।

दमन बढ्दै गएको अवस्थामा मुलुकभरका स्वास्थ्यकर्मी एकजुट भई उपचार सेवा अवरुद्धसमेत गर्ने चेतावनी चिकित्सकको छाता संगठन नेपाल चिकित्सक संघले दिएको छ । 'निरंकुशतन्त्रको अन्त्य तथा प्रजातन्त्र बहालीका लागि हामी स्वास्थ्यकर्मी अब चुप लागेर बस्दैनौं', नेपाल मेडिकल एसोसिएसनका कोषाध्यक्ष डा. अर्जुन लामिछाने भन्छन्, 'दमन बढ्दै गए अहिलेसम्म सांकेतिक तथा शान्तिपूर्ण तवरले भएको कार्यक्रमको रूप फेरिनेछ ।'

संघले मानवअधिकार तथा प्रजातन्त्रलाई आधारभूत सिद्धान्त मानी यसको रक्षाका लागि जस्तोसुकै कठोर कदम पनि चाल्ने बताएको छ । त्यसैगरी आन्दोलनमा घाइते भएकालाई औषधोपचार जुनसुकै हालतमा पनि उपलब्ध गराउने प्रतिबद्धता संघले जनाएको छ ।

उता काठमाडौं मोडल अस्पतालमा घाइते आन्दोलनकारीको उपचारका लागि 'जनआन्दोलन स्वास्थ्य कोष' स्थापना गरिएको छ ।



# घाइतेले भरिए

घाइतेहरूको उपचारमा स्वास्थ्यकर्मीले कुनै कसर बाँकी राखेनन्

▲घाइतेको उपचार गर्दै त्रिवि शिक्षण अस्पतालमा चिकित्सकहरू

**निशस्त्र जनआन्दोलनकारी** तथा सशस्त्र सुरक्षाकर्मीको मुठभेडले काठमाडौं उपत्यका युद्धभूमिमा परिणत भएको छ। भिडन्तमा परी घाइतेको संख्या पनि दिनहुँ चुलिँदै गएको छ। चैत २४ गतेपछि राजधानीका विभिन्न अस्पतालमा मात्रै झन्डै १ हजार ५ सय जनआन्दोलनकारी घाइते भर्ना भएका छन्। यी अस्पतालमा थेग्न नसक्ने गरी घाइतेको चाप बढेकाले चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले तनावपूर्ण अवस्थामा काम गर्नु परिरहेको छ।

चैत २९ गते मंगलवार मध्यान्ह राजधानीमा विभत्स दृश्य देखिए, विशेषगरी गोंगबुको मुठभेडमा। गोंगबुमा सुरक्षाकर्मीको दमनका क्रममा २ सयभन्दा बढी आन्दोलनकारी घाइते भए। यस दिन मात्रै वीर, शिक्षण, गोंगबुस्थित सामुदायिक अस्पतालमा गोंगबु मुठभेड र अन्य घाइते भएकासमेत गरेर ३ सय ५० जनाभन्दा बढीको उपचार गरियो।

त्यो दिन त्रिवि शिक्षण अस्पतालको आकस्मिक कक्षका सबै शय्या घाइतले भरिएपछि सँगैको खुला ठाउँमा विरामीलाई सुताएर उपचार गरियो। चापका कारण एक्स-रे गर्न पनि घाइतेले लामो समय कुर्नु पर्‍यो। रक्ताम्य भएर आएका घाइतेको चित्कारले वातावरण स्तब्ध बनाएको थियो।

यस्तो अवस्थामा घाइते विरामी राखिएको परिसरलाई अस्पतालले 'डिजास्टर एरिया' घोषित गरेको छ। यहाँ स्वास्थ्यकर्मीबाहेक अरूलाई आवत जावत गर्न दिइएको थिएन।

आफैं आन्दोलनमा भए पनि उत्रिएका शिक्षण अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी घाइते विरामीको उपचारमा खटिएका थिए। त्रिवि शिक्षण अस्पताल संयुक्त जनआन्दोलन संघर्ष समितिका अध्यक्ष डा. शशि शर्मा भन्दै थिए, 'जनआन्दोलनमा घाइते भएकाहरूको हामी जस्तोसुकै अवस्थामा पनि उपचार गर्नेछौं।'

प्रहरीको अन्धाधुन्द अश्रुग्याँस, लाठीचार्ज, गोलीप्रहारबाट घाइते भएकाहरूको प्राथमिक उपचारका लागि घटनास्थलमा नेपाल रेडक्रस सोसाइटीले प्राथमिक उपचार सेवा उपलब्ध गराएको छ। प्राथमिक उपचारपछि रेडक्रसको एम्बुलेन्सले घाइतेलाई विभिन्न अस्पतालमा पुर्‍याउने गरेको छ।

घाइतेको प्राथमिक उपचारका लागि राजधानीका विभिन्न स्थानमा रेडक्रसका झन्डै ३० जना स्वयंसेवी स्वास्थ्यकर्मी उपत्यकाका विभिन्न ठाउँमा खटिएका छन्। 'यसको उद्देश्य घाइतेलाई तुरुन्त प्राथमिक उपचार उपलब्ध गराई यथाशीघ्र स्वास्थ्य केन्द्रसम्म पुर्‍याउनु हो,' नेपाल रेडक्रस सोसाइटी काठमाडौंका मन्त्री शंखरत्न शाक्य बताउँछन्। २०४६ सालको जनआन्दोलनमा पनि सोसाइटीले यस खाले उपचार सेवा पुर्‍याएको थियो। अमेरिकी चिकित्सक ब्रायन कब घाइतेको उपचारका लागि निकै खटिए। उनी पनि प्रहरी निसानाको सिकार बनेका छन्।

भिडन्त भएका ठाउँमा स्ट्रेचरमा घाइतेलाई बोकी प्राथमिक उपचार गरेको दृश्यले राजधानी युद्धभूमिझैं देखिन्थ्यो। घटनास्थलमै सिलिन्डर बोकेर घाइतेलाई अक्सिजनसमेत दिइएको थियो। ढुंगामुढा, अश्रुग्याँस, गोलीका बीच सेतो 'एप्रोन' लगाई उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा स्वयंसेवीको प्रयास चुनौतीपूर्ण देखिन्थ्यो।

युद्धमा घाइतेहरूको उपचार आम उपचारभन्दा फरक हुन्छ। भिडन्त भएकै ठाउँमा स्वास्थ्यकर्मी खटिएर घाइतेको उपचार गर्नु पर्छ। युद्धमा लागेका चोटपटक चाँडै जीवाणुबाट संक्रमित हुने पनि गर्छन्। गोली बारुदको छर्राजस्ता चुच्चो र बढी गति भएका वस्तुले शरीरका नरम तन्तु, हड्डी र शरीरका अन्य संरचनामा व्यापक क्षति पुर्‍याउँछन्।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)द्वारा युद्धमा घाइते भएकाहरूका लागि गरिने शल्य चिकित्सासम्बन्धी 'युद्धपीडितका लागि शल्य चिकित्सा' नामक पुस्तकमा उल्लेख छ, 'सफल शल्य चिकित्सक हुन सिक्ने इच्छा र परिस्थितिअनुसार आफूलाई ढाल्न सक्ने हुनु पर्छ।'

यस्तो उपचारका लागि पहिलो र दोस्रो विश्वयुद्धको अनुभवबाट घाइते छनोटको महत्त्व दर्साइएको छ। यसलाई 'ट्रियाज' विधि भनिन्छ। यो विधि विरामीको बढी भीड हुने अस्पतालमा लागू गरिन्छ। युद्धका बेला घाइतेहरूको संख्या बढेका बेला स्रोत र साधनको कमी हुने भएकाले प्राथमिकता निर्धारण गरी उपचार गर्नु पर्छ।

जनआन्दोलन भाग-२ मा घाइते भएकाहरूको उपचारमा पनि त्रिवि शिक्षण लगायतका अन्य अस्पतालले 'ट्रियाज विधि' अपनाएको छ।

■ **मनीष गौतम/काठमाडौं** (तस्वीर पनि)

# सबै ओर्लिए सडकमा

■ किरण भण्डारी/काठमाडौं

**लोकतन्त्र स्थापनाका** लागि पेसाकर्मी, गैरसरकारी संस्था, मानवअधिकारवादी, लेखक, कवि, कलाकारको आन्दोलन खेप्दै आएको सरकार चैत अन्तिम सातादेखि निजामती र संघसंस्थाका कर्मचारीको प्रहारमा परेको छ।

सरकारी संस्थानका कर्मचारीसमेत लोकतन्त्र स्थापनाको आन्दोलनमा उत्रिएपछि सरकारसँग अब शाही सेना र प्रहरी मात्र बाँकी छन्। सरकार, मन्त्री, मुख्यसचिव, सचिव, क्षेत्रीय-अंचल प्रशासकको धम्कीको प्रवाह नगरी लोकतान्त्रिक नेपालको स्थापनाका लागि कर्मचारीहरू एकताबद्ध भएर आन्दोलित भएका छन्।

जागिर खोसिने सरकारी धम्कीलाई चुनौती दिँदै लोकतन्त्रमा मात्र पेसागत हकहित संरक्षण हुने निष्कर्षसहित कर्मचारीका संगठन आन्दोलनमा थपिने क्रम जारी छ। स्थायी सरकार भनिने निजामती कर्मचारीसमेत अलग्गै कार्यक्रम लिएर आन्दोलनमा होमिएका छन्।

जीवनयापनको स्रोत जागिरलाई आहुति दिन तत्पर भएर मन्त्रालय, विभाग, सरकारी कार्यालयका कर्मचारी आन्दोलनमा समर्थन जनाएपछि आन्दोलनलाई थप रक्तसंचार भएको छ। निजामती कर्मचारीले समेतले जनआन्दोलनकारीलाई आर्थिक सहायता दिइरहेका छन्।

आन्दोलनका घाइतेलाई उपचार खर्च दिने अभियानको श्रीगणेश नै गृह, संचार जस्ता मन्त्रालयका कर्मचारीले गरेर गृहमन्त्री कमल थापा र संचार राज्यमन्त्री श्रीसशमसेर राणालाई दह्रो चड्कन दिएका छन्। कर्मचारीले विभिन्न तप्काबाट ओइरिएको धम्कीको पर्वाह नगरी आमहडतालको अवधिभर अधिकांश मन्त्रालय-विभाग-कार्यालयमा काम ठप्प गरेका छन्।

निजामती कर्मचारी संगठनका महासचिव भोलानाथ पोखरेलका अनुसार आमहडतालको अवधिमा केन्द्रदेखि जिल्लास्तरसम्म काम ठप्प भएको छ। पेसागत मागका साथै संगठनहरूले राजनीतिक माग पनि अघि सारेका छन्। प्रजातान्त्रिक व्यवस्था सहभागितामूलक, पारदर्शी र जवाफदेहीपूर्ण हुने हुँदा त्यस्तो राजनीतिक प्रणालीमा मात्र कर्मचारीको हित हुने ठहरसहित संघसंगठनहरू आन्दोलनमा आएका छन्। सरकारको अंग निजामती कर्मचारीको संगठनले देशमा लोकतन्त्र बहालीका लागि भइरहेको जनआन्दोलनमाथि गरिएको बर्बरतापूर्ण दमन र ज्यादतीको भर्त्सना गरेको छ।

निजामती कर्मचारीभन्दा अघि नै वित्तीय, उत्पादन र सेवा क्षेत्रका संस्थानका कर्मचारी लोकतन्त्र स्थापनाको आन्दोलनमा सरिक भइरहेका छन्। कृषि विकास बैंक, चलचित्र निर्माण संघ,



तस्वीरहरू : तेजबहादुर बस्नेत

▲ बर्बरतामा ओर्लिएको सरकारले वकिलहरूलाई पनि छोडेन

कलाकार, चलचित्रकर्मीलगायतले आमहडतालको क्रममा आफ्नो सहमति जनाएपछि आन्दोलनको मनोबल झनै उच्च भएको छ।

राष्ट्र बैंकका कर्मचारीले राष्ट्रिय ढुकुटी बन्द, सरकारी वाणिज्य बैंकमा वित्तीय सेवा ठप्प गर्ने कार्यक्रमले आन्दोलनको पक्षमा माहोल बनिरहेको छ। सरकारी-अर्धसरकारी निकायका कर्मचारीलाई आन्दोलनबाट निरुत्साहित गर्न आवश्यक सेवा संचालन ऐन, २०१४ लाई हतियार बनाएर १५ वटा सेवामा हडताल गर्न निषेध गरिएको सूचना प्रकाशित भएको छ। संचार, जल, स्थल, हवाई यातायात, छापाखाना, विद्युत्, खानेपानी, बैंकिङ, विमाजस्ता सेवालाई अत्यावश्यक सेवाको रूपमा सूचीकृत गरिएको छ।

सरकारको देखाएको कारबाहीको डन्डाले त्यस्ता सेवा प्रवाह गरिरहेका सार्वजनिक संस्थानको आन्दोलनको रापलाई कुनै प्रभाव पारेको छैन। विद्युत् प्राधिकरण, नेपाल टेलिकम, जनकपुर चुरोट कारखाना, खानेपानी संस्थान र शाही नेपाल वायुसेवा निगमका कर्मचारीले आन्दोलनमा चालेको पाइला झनै अघि बढिरहेकाले हडताल रोक्न दिइएको धम्कीले ऊर्जाको काम गरेको छ। आमहडतालको अवधिभर आन्दोलनमा उत्रिएका सबै संस्थाका कर्मचारीले कलम बन्द, कालोपट्टी बाँधेर सशक्त प्रदर्शन गरेका छन्।

सात दल संयुक्त आन्दोलनमा रहेकाले जुनसुकै आस्था बोकेका कर्मचारी संयुक्तरूपमा उत्रिएका छन्। आन्दोलन दबाउन सरकारले अत्यावश्यक सेवा ऐनका प्रावधानलाई समातेर कर्मचारीविरुद्ध झूटा मुद्दा लगाउने सम्भावना रहेको जानकारहरूले बताएका छन्।

लामो समयको मौनता तोड्दै सरकारी संचारमाध्यमका पत्रकार र कर्मचारीहरू लोकतन्त्र स्थापनाको आन्दोलनमा सरिक भएका छन्। सरकारले सबैभन्दा बढी निगरानी र नियन्त्रणमा राख्न खोज्ने संचारमाध्यमका कर्मचारी आन्दोलनमा उत्रेपछि छुट्टै कम्पन उत्पन्न भएको छ। व्यवस्थापनका तर्फबाट भोग्नुपर्ने सरकारी प्रताडनको प्रवाह नगरी रेडियो नेपाल, टेलिभिजन, गोरखापत्रका पत्रकार २७ गतेदेखि आन्दोलनमा समाहित भएका छन्। पत्रकारलाई साथ दिँदै ती निकायका अरू कर्मचारी पनि आन्दोलनमा उत्रिएका छन्। पत्रकारहरूले लोकतन्त्र स्थापनाको माग मात्र गरेका छैनन्, सरकारले संचारमाध्यममार्फत जारी राखेको झूटको खेतीमा असहयोग गर्ने नीतिसमेत अख्तियार गरेका छन्।

माघ १९ पछि सरकारी संचारमाध्यममा भएको तीव्र मण्डलेकरणले पेसागत असुरक्षा र व्यवसायिकताको लक्ष्मण रेखाको धज्जी उडाएको भन्दै उनीहरू आन्दोलनमा सरिक भएका छन्। पत्रकार महासंघ रेडियोका सभापति चन्द्र बानियाँ, राससका एकराज पाठक र गोरखापत्रका आनन्दराम आचार्यले जारी गरेको विज्ञप्तिमा निरंकुश सत्ताको अन्त्य र लोकतन्त्र स्थापनामा मात्र पत्रकार र पत्रकारिताको भविष्य सुरक्षित रहेको उल्लेख छ। उनीहरूले जनआन्दोलनलाई निस्तेज पार्ने नाममा यी संचारमाध्यमबाट हुने झूटको खेतीको सहायक नबन्ने प्रण पनि गरेका छन्।

देशभरका छापा र श्रव्यदृश्य माध्यमका सबै पत्रकारको साझा संगठन नेपाल पत्रकार महासंघले निरंकुश सत्ताको चाकडीका लागि पेसागत मर्यादा कुल्चेर निर्लज्ज उत्रेका पत्रकारको अभिलेख राख्ने कामलाई तीव्रता दिएको छ। सरकारले सबैभन्दा बढी काबुमा राख्न खोजेको सरकारी संचारमाध्यमका पत्रकार र कर्मचारी आन्दोलनको समर्थनमा उत्रेको समाचार संचारमाध्यमहरूमा आएपछि व्यवस्थापनले शाखा सभापतिहरूसँग त्यसबारे स्पष्टीकरण सोधेको छ।

माघ १९ पछिको 'मण्डलेकरण' सिकार बनेर सरकारी संचारमाध्यमका दर्जनौं पत्रकार आस्थाकै कारण जागिरबाट निकालिएका छन्। रेडियो, गोरखापत्र, राससका जिल्ला प्रतिनिधि सबैभन्दा तारो बनाइएका छन्। निरंकुशता समर्थन वा राष्ट्रिय पत्रकार माहासंघमा नलागेकै कारण जिल्ला

# स्रष्टाहरूमाथि क्रूर दमन

**स्रष्टाहरूको शान्तिपूर्ण** भेलामा चर्को दमन गरेपछि शाही सत्ताको निरंकुश चरित्र थप उदांगो भएको छ। सात दलको लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउन भेला भएका स्रष्टामाथि सुरक्षाकर्मीले लाठीमात्र बजारेन, उनीहरूलाई लक्षित गरेर गोलीसमेत प्रहार गर्‍यो। शान्तिपूर्ण भेलाबाट १२ स्रष्टालाई निर्घात कुटपिट गर्दै गिरफ्तार गरिएको छ।

गुरुकुल सम नाट्यघर चैत ३० गते खचाखच भरिएको थियो। सधैँ नाटक हेर्न दर्शकको ओइरो लाग्ने त्यस स्थानमा स्रष्टाहरू लोकतान्त्रिक आन्दोलनमा उभार ल्याउन भेला भएका थिए। आन्दोलनमा ऐक्यबद्धता जनाउन वयोवृद्ध स्रष्टा सत्यमोहन जोशी, प्राध्यापक डिपी भण्डारीलगायत कवि, लेखक, कलाकार जुटेका थिए। बन्दुकको आडमा शासन गरिरहेको शाहीसत्तालाई करिब ५ सय स्रष्टाको उपस्थितिले चुनौती दिइरहेको थियो। कार्यक्रममा सुनिल पोखरेल, विष्णुविभु घिमिरे, किरण मानन्धर, डा. अरुण सायमी, निखिल उप्रेती, हरिगोविन्द लुइँटेल, देशभक्त खनाललगायत स्रष्टाले निरंकुशतन्त्रको विरोध गर्दै लोकतन्त्रको पक्षमा आफ्नो विचार राखेका थिए।



▲ सडकमा उत्रिएका स्रष्टाहरू पनि सुरक्षाकर्मीको सिकार बने

कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले प्रस्तुत गरेको 'पञ्चायतको श्राद्ध' नामक प्रहसनले लोकतन्त्र प्राप्तिको निम्ति लागी परेका त्यहाँ उपस्थित स्रष्टामा ऊर्जा संचार गरेको थियो। महको प्रहसनले अहिलेको शाहीसत्ता र यसका खलनायक डा. तुलसी गिरीप्रति कटाक्ष प्रहार गरेको थियो। महजोडी भन्दै थिए, '२०४६ सालमा पनि देखाइएको यो प्रहसन अबचाहिँ फेरि देखाउन नपरोस्।' त्यसपछि भेला भएका सबै स्रष्टा मर्यादितरूपमा लोकतन्त्रको नारा लगाउँदै सम नाट्यघरबाट निस्केर सडकमा लोकतन्त्र, स्वतन्त्रता र स्वाभिमानले ओतप्रोत कविता वाचन गर्न लागे। तर, प्रहरीले दमनकारी अनुहार देखाएर जथाभावी लाठीचार्ज र गोली प्रहार गर्‍यो, स्रष्टाहरूको भीडमाथि।

मौलिक अधिकार प्राप्तिको लागि शान्तिपूर्णरूपमा निस्केको जुलुसमा प्रहरीले बल प्रयोग गरी एकदर्जन स्रष्टालाई घोक्र्याउँदै निर्ममतासाथ भ्यानमा कोचेर गौशाला प्रहरी कार्यालयमा पुर्‍याएको थियो। गुरुकुलबाट सुरु भएर बानेश्वरचोकमा पुगी कविताबाचन सुरु गर्न लाग्दा प्रहरीले एकसाथ स्रष्टामाथि लाठी चार्ज र फायरिङसमेत गरेर शाही सरकारको दमनको नमुना देखाएका थिए। केही समयसम्म सडकमै बसेर धर्ना दिइरहेका स्रष्टाहरूले लोकतन्त्रको नारा लगाइरहे, तर प्रहरीले स्रष्टालाई लक्षित गरी फायरिङ गरेपछि भागदौड मच्चिएको थियो।

भीड तितरबितर भइसकेपछि प्रहरीको जत्था गुरुकुल परिसरमा पसी फायरिङ गरेर सिर्जनाको सुन्दर मन्दिरलाई क्षतविक्षत पार्ने प्रयास गरेका थिए। नवनिर्मित नाट्यघरमा बसेका दर्जनौं स्रष्टालाई लात्तीले भकुरेका थिए प्रहरीले। गुरुकुल परिसरमा पसेर प्रहरीले अन्धाधुन्ध गोली हानेको प्रहरी त्यहाँबाट उम्केका एक स्रष्टाले बताएका छन्, तर त्यहाँ रहेका कसैलाई पनि गोली लागेन। प्रहरीले फायरिङ गरेपछि त्यहाँ रहेका स्रष्टाले कोठामा लुकेर, पर्खालबाट हाम फालेर बचाउ गरेका थिए।

शान्तिपूर्ण जुलुसमाथिको भएको हस्तक्षेपप्रति लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च र पेसाकर्मीले भर्त्सना गरेका छन् र, मुलुकमा निरंकुशतन्त्रले घुँडा नटेकेसम्म आन्दोलन जारी रहने बताएका छन्।

■ **छत्र कार्की/काठमाडौं**

प्रतिनिधिबाट जागिर खोसिनेको संख्या ठूलो छ।

रेडियो नेपालले समाचार शाखाको सिफारिसमा स्थानीय प्रतिनिधि नियुक्ति गर्ने स्थापित प्रक्रिया भत्काउँदै त्यस्तो जिम्मा प्रशासनलाई दिइएको छ। धनकुटाका विजयसन्तोषी राई, स्याङ्जाका ओम शर्मा, सर्लाहीका रमेश दाहाल राजनीतिक आस्थाका कारण सेवाबाट हटाइएकामध्येका चर्चित नाम हुन्। कर्मचारी फेर्नेमा रासस र टेलिभिजनभन्दा गोरखापत्र र रेडियो नेपाल अग्रणी छन्।

सरकारी संचारमाध्यममा पत्रकारमा नियुक्त हुन राष्ट्रिय पत्रकार महासंघ, अंचल-क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारीको सिफारिस चाहिने परिस्थितिले पनि पत्रकारलाई थप आन्दोलित बनाएको छ। सरकारी कर्मचारीमध्ये चिकित्सक-नर्स लगायतका स्वास्थ्यकर्मीको आन्दोलन सबैभन्दा सशक्त बनेको छ। शिक्षण अस्पताल महाराजगन्जले आन्दोलनमा अग्रता लिएको छ। राजधानीका ठूला र देशभरका अस्पतालमा लोकतन्त्रको पक्षमा दिनहुँ प्रदर्शन भइरहेको छ।

असोज १८ देखि नै पेसाकर्मीमध्ये आन्दोलनको अग्रपंक्तिमा रहेका वकिलहरूले चैत ३१ गते अर्को सशक्त प्रदर्शन गरेका छन्। आन्दोलनकारीलाई रोक्ने नाममा सुरक्षाकर्मीले गोली चलायो। यसबाट चार वकिल घाइते भएका छन्। बार अध्यक्ष शम्भु थापा पनि प्रहरी निर्ममताको सिकार बने।

आन्दोलन नियन्त्रण गर्न लाठीचार्ज, अश्रुग्याँस, पानीको फोहोराको प्रयोग हुने गरेकोमा यसपाला शिक्षक, वकिल, कवि, साहित्यकारको शान्तिपूर्ण प्रदर्शनमा समेत राजाको सरकारले प्रारम्भमै गोली बर्साएर उसको रूप उदांगो पारिरहेको छ। ■




**आवश्यकता**

रेडियो सगरमाथाका लागि एकजना रिसेप्सनिस्टको आवश्यकता परेकोले आफ्नो बायोडाटा र एकप्रति फोटो सहित २०६३ वैशाख ४ गतेसम्म स्टेसनमा आवेदन दिनुहुन आह्वान गरिन्छ।

**महिलालाई विशेष प्राथमिकता दिइनेछ।**

सम्पर्क ठेगाना :

**रेडियो सगरमाथा**

बखुन्डोल, ललितपुर, पोष्ट बक्स नं. ६९५८ काठमाडौं।

(टेलिफोनबाट सोधपुछ स्वीकार्य हुनेछैन)

# राष्ट्रिय ढुकुटी नै ठप्प

■ मधुसूदन पौडेल/काठमाडौं



▲ सबै काम ठप्प पारेर आन्दोलनमा उत्रिएका राष्ट्र बैंकका कर्मचारीहरू

**राजाको निरंकुशताविरुद्ध** नेपाल राष्ट्र बैंकका कर्मचारीले सरकारको ढुकुटी पनि बन्द गरिदिएका छन् । निरंकुश सत्ताले एक वर्षमा राष्ट्रिय ढुकुटीमाथि मचाएको अपारदर्शी खर्चविरुद्ध अहिले राष्ट्र बैंकका कर्मचारीले मूल ढुकुटी नै बन्द गरिदिएर निरंकुश सत्तालाई दैनिक खर्च सञ्चालनमा समेत बाधा पुऱ्याइरहेका छन् । उनीहरूले २०४६ साल चैत २४ गते ढुकुटी बन्द गरेका थिए । राष्ट्र बैंक कर्मचारी संघले विज्ञप्तिमा भनेको छ, 'प्रजातन्त्र र मानवअधिकारका लागि केन्द्रीय बैंकको ढुकुटी बन्द गर्न राष्ट्र बैंकका कर्मचारी सफल भएका छन् ।'

महिनाको अन्तिम सातामा राष्ट्र बैंकस्थित ढुकुटीमा अत्यधिक चाप रहन्छ । २४ गतेपछि सरकारका निजामती कर्मचारी, प्रहरी, सेनाको तलब भुक्तानी सुरु हुन्छ । त्यसका लागि सरकारले राष्ट्र बैंकबाट अत्यधिक रकम निकाल्नुपर्छ । तर, राष्ट्र बैंकका कर्मचारीले चैत २४ गतेदेखि नै ढुकुटी बन्द गरिदिएकाले सरकारले यो महिनाको तलब कर्मचारीहरूलाई भुक्तानी गर्न सकेको छैन । संघका एक पदाधिकारी भन्छन्, 'बरु हामी पनि खादैंनौ तलब तर, ढुकुटी खोलेर रकम भुक्तानी गर्ने काममा संलग्न हुदैंनौं ।'

सरकारको दैनिक आम्दानी र खर्च सबै राष्ट्र बैंकको थापाथलीस्थित बैंकिङ कार्यालयबाट हुँदै आएको छ । सरकारलाई आवश्यक पर्ने रकमका लागि दिनदिनै ढुकुटी खोल्नु पर्छ । बैंकका अधिकारीहरूका अनुसार दिनमा त्यहाँबाट करिब २० करोड रुपैयाँको कारोबार हुन्छ । सरकारले उठाउने भन्सार अन्तःशुल्क र अन्य राजस्वलगायत सबै आम्दानी सरकारी खातामा जम्मा गर्ने र आवश्यकतानुसार काटिएका चेकको भुक्तानी त्यहाँबाट हुन्छ । तर, कर्मचारीहरू आन्दोलनमा उत्रिएपछि यी सबै काम रोकिएका छन् ।

कर्मचारी आन्दोलनका कारण रक्षा र परराष्ट्र मन्त्रालयका केही महत्त्वपूर्ण भुक्तानीसमेत रोकिएको छ । स्रोतका अनुसार रक्षा मन्त्रालयले विदेशबाट खरिद गरी ल्याएका हातहतियार, युद्धसामग्री लगायतका केही 'पेमेन्ट' पठाउन सकिएको छैन । परराष्ट्रमन्त्रालयअन्तर्गत विभिन्न मुलुकमा रहेका राजदूतावास वा कूटनीतिक निकायमा पठाउन पर्ने रकमसमेत रोकिएको छ ।

विदेशमा बसाइँसराइ गर्ने वा अध्ययनका लागि जाने विद्यार्थीले पनि आवश्यक डलर सटही स्वीकृति नपाउँदा समस्या व्यहोरिरहेका छन् । मुख्य कार्यालय बालुवाटारका कर्मचारी पनि अवज्ञा आन्दोलनमा समर्थन जनाउँदै सहभागी बनेपछि यहाँबाट हुने दैनिक काम हुन सकेका छैनन् । चैत २४ पछिका कतिपय दिनमा राष्ट्र बैंकमा गभर्नर, डेपुटी गभर्नर र उनीहरूका ड्राइभरमात्रै उपस्थित थिए ।

सुरक्षानिकायले रकम भुक्तानी पाउन नसकेपछि सरकारले गभर्नरलाई राष्ट्र बैंकको काम सुचारु बनाउन ठूलो दबाब दिएको छ । यसै कारण गभर्नर विजयनाथ भट्टराईले कर्मचारीलाई काममा फर्किन चेतावनी दिँदै कारबाही गर्नेसम्म धम्की दिएका छन् । नेपालगन्जमा कर्मचारीहरू विरोधमा उत्रिएपछि उनले फोनबाटै धम्की दिएको बुझिएको छ, कर्मचारीहरू भने आन्दोलनमा प्रतिबद्ध छन् ।

राष्ट्र बैंकका कारोवार ठप्प भएपछि सरकारी राजस्व संयुक्त लगानीका दुईवटा वाणिज्य बैंकमा जम्मा गराउने व्यवस्था राष्ट्र बैंकले मिलाएको छ । चैत ३० मा दैनिक पत्रिकाहरूमा सूचना जारी गरेर उसले एभरेस्ट बैंक र नेपाल बंगलादेश बैंकका स्थानीय शाखामा पनि राजस्व जम्मा गर्न सम्बन्धित निकायहरूमा जानकारी गराएको छ ।

ढुकुटी बन्द भएका कारण सेना र प्रहरीलाई तत्काल आवश्यक रकम पनि झिक्न नपाएपछि पछिल्ला दिनमा डेपुटी गभर्नर वीरविक्रम रायमाझी बालुवाटारको आफ्नो कार्यालय छाडेर थापाथलीस्थित बैंकिङ कार्यालय जान थालेका छन् । उनले आफूसँगै बालुवाटारबाट दुई दर्जन माथिल्लोस्तरका कर्मचारी पनि त्यहाँ लगेर सुरक्षानिकायको भुक्तानी गर्दै आएका छन् । मुलुकका दुई मुख्य बैंकहरू राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका कर्मचारीले पनि बैंकका सबै कामकाज ठप्प पारेका छन् । नेपालमा अधिकांश बैंकिङ क्षेत्र ओगटेका दुई बैंकका कर्मचारीको आन्दोलनका कारण राजधानी बाहिरको सरकारी खर्च सञ्चालनमा अवरोध ल्याउन उल्लेख्य भूमिका निर्वाह गरिरहेको छ ।

नेपाल बैंक लिमिटेड कर्मचारी युनियनका उपाध्यक्ष स्वयम्भुमान शाक्य भन्छन्, 'लोकतन्त्रको आन्दोलनमा ऐक्यबद्धता जनाउन हामीले देशभरिका सबै शाखाको काम बन्द गरिदिएका छौं ।' अहिले कृषि विकास बैंकका कर्मचारीले पनि आन्दोलनको पक्षमा आफ्ना काम बन्द गरिदिएका छन् ।

दलहरूको आन्दोलनमा कुनै पनि हिसाबमा संलग्न भएको पाइए जागिर नै खाइदिनेसम्मका धम्की विभागीय मन्त्रीहरूबाट आइरहेको छ । राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी संघका महासचिव नारायण सुवेदी भन्छन्, 'जागिर त भोलि पनि खान सकिएला, तर त्यसका नाममा अधिकार गुमाउन हामी तयार छैनौं ।' ■

## गुम्यो सहयोगीको साथ

**मुलुकका उद्यमीव्यवसायी** पनि लोकतन्त्रको पक्षमा खुलेर लागेका छन् । प्रत्यक्ष शासनका एक वर्षमा निराशाबाहेक केही पनि हात नलागेपछि उनीहरू लोकतन्त्रका पक्षमा नैतिक समर्थनसहित उत्रिएका छन् । नेपालका उद्यमीहरूको मुख्य छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले प्रजातान्त्रिक मूल्यमान्यताका आधारमा संयम र सुझबुझसहित देशलाई बर्बादीबाट बचाउन राज्यसत्ता, राजनीतिक दललगायत सबै पक्षसँग आग्रह गरेको छ ।

प्रजातान्त्रिक मूल्यमान्यताका आधारमा मात्र देशको अर्थ व्यवस्था फस्टाउन सक्ने उल्लेख गर्दै महासंघले भनेको छ, हिंसा, आतंक, दमन बन्द एवं पूर्वाग्रह राखी अहिलेको समस्या समाधान हुन सक्दैन । र, उद्योग, व्यापार व्यवसायको जग भत्काई राष्ट्रलाई नै संकटग्रस्त बनाउने काम कसैबाट हुन सक्दैन ।' महासंघले असोज १८ र माघ १९ को शाही कदमलाई स्वागत गरेको थियो ।

राजा निकट मानिएका पद्म ज्योतीले नेतृत्व गरिरहेको राष्ट्रिय व्यवसायिक पहल (एनबिआई)ले पनि देशलाई अरू बर्बादीबाट जोगाउन द्वन्द्व अन्त्य गरी गम्भीरताका साथ तत्काल वार्ताको थालनी गर्न सबै पक्षसँग आग्रह गरेको छ । उसले असफल समाजमा सफल व्यवसाय हुन सक्दैन भन्दै राजाको १४ महिने कार्यकालमा मुलुक असफल मोडमा पुगेको निष्कर्ष प्रस्तुत गरेको छ ।

उद्यमी-व्यवसायीको अर्को संगठन नेपाल उद्योग परिसंघ (सिएनआई)ले पनि लोकतन्त्रको पक्षमा पुनः प्रतिबद्धता जनाएको छ । उसले यसअघि पनि प्रजातन्त्रविना औद्योगिक विकास हुन नसक्ने बताउँदै आएको थियो । सिएनआईका उपाध्यक्ष राजेन्द्र खेतान भन्छन्, 'वार्ताद्वारा विद्यमान समस्याको समाधान खोज्नु नै उत्तम विकल्प हो ।' प्रजातन्त्रका माध्यमबाट अहिलेको विश्वव्यापीकरणमा खुला अर्थतन्त्र सम्भव रहेको र यसकै माध्यमबाट मुलुकको विकास सम्भव हुने विश्लेषण उनको छ । ■



# विजयको दैलोमा

■ युवराज घिमिरे/काठमाडौं, (तस्वीरहरू: भास्वर ओझा र तेज बस्नेत)



**चैत ३० गते** बुधबार अपराह्न एकपछि अर्को गरी चार हेलिकोप्टर नारायणहिटीतिर सोझिँदा राजधानीवासीमा नयाँ कौतुहल उत्पन्न भएको थियो । के सेना र नारायणहिटी जनआन्दोलनको हवाई निगरानी गर्दै छन् ? तर, तीमध्ये एक हेलिकोप्टर राजा ज्ञानेन्द्र र रानी कोमललाई लिएर पोखराबाट आएको थियो, बाँकी उनका सुरक्षाकर्मी र भ्रमणटोलीका सदस्य ओसार्दै थियो ।
राजधानीमा विद्रोह र आन्दोलनका धुवाँ अझै उडिरहेका थिए भने सडकमा आन्दोलनकारीको रगत आलै थियो ।

पोखरामा नै आन्दोलनको ज्वार उर्लिरहेको थियो, तर राजाविरोधी उन्माद राजाको 'नजर'मा नपार्न उनी वरिपरिको पर्खाल अझै पनि सक्रिय छ । राजाविरोधी नारा प्रखर रूपमा रहेका आमहडतालमा चैत २४ गतेपछि सुरक्षाकर्मीहरूको गोलीबाट चितवन, पोखरा, बनेपा र नवलपरासीमा गरी ४ प्रदर्शनकारी ठहरै भएका छन् । आमहडताल सुरु हुनुभन्दा एक दिनअघि चैत २३ मा पनि सुरक्षाकर्मीको गोलीबाट सप्तरीमा प्रदर्शनकारी दर्शन यादव मारिएका थिए । राजधानीमा समेत गरी करिब २ हजार ५ सय घाइते भएका छन् । तीमध्ये ३ सयभन्दा बढीको स्थिति गम्भीर भएको बताइएको छ । काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा नुवाकोटका सुभास थापा एउटा आँखा गुमाएको अवस्थामा उपचारार्थ छन् भने आफ्नी ठूली दिदी तुलसी क्षेत्री गुमाएका चितवनका प्रमिला केसी र प्रतीक्षा अधिकारी पनि त्यही उपचारार्थ भर्ती छन् ।

राजा ज्ञानेन्द्रसँगै युवराज पारसविरुद्ध लागेका नारा र उनीहरूविरुद्धको आक्रोश मुलुकको चार हदमा मात्र सीमित छैन । 'आफ्ना लागि, आफ्ना उत्तराधिकारीहरूका लागि र नेपालका लागि राजाले आफ्नो कदम फिर्ता लिनु पर्छ । उनी गलत बाटोमा छन् र राजतन्त्रलाई समाप्तिको चरणमा लैजाँदै छन् उनले', राजाका हितैषी मानिने भारतीय जनता पार्टीका नेता तथा पूर्व प्रधानमन्त्री अटलविहारी वाजपेयीका सुरक्षा र वैदेशिक मामिलाका सल्लाहकार ब्रजेश मिश्राले एउटा टेलिभिजन अन्तर्वार्तामार्फत चेतावनी दिएका छन् ।

चैत्र २४ गते सात दलको आह्वान र नेतृत्वमा सुरु भएको आमहडताललाई उक्साउन सम्भवतः सबभन्दा बढी सरकारका मन्त्रीहरूले नै सहयोग पुऱ्याए । सात दल गठबन्धनलाई आतंकवादका मतियार भन्दै उनीहरूलाई विफल तुल्याउन कर्फ्युको घोषणा गरेपछि आन्दोलनकारीहरू स्वतःस्फूर्त र अवज्ञाको मुद्रामा ओर्लिए सडकमा ।

पोखरामा सैनिक ब्यारेकमा संगीत श्रवणमा व्यस्त राजाको विरोधमा महेन्द्रपुलमा उत्रेको जुलुसमा सेनाले गोली चलाउँदा पोखरामा व्यवसाय गर्दै आएका काभ्रेका भीमसेन दाहाल ठहरै भए । 'सेनाले बाध्यात्मक परिस्थितिमा गोली चलाएको' दाबी काठमाडौंमा सैनिक प्रवक्ता ब्रिगेडियर नेपालभूषण चन्दले गरे पनि दाहालको मृत्युले राजधानी र चितवन लगायतका ठाउँमा अवज्ञाको आगोमा घिउ थपेको थियो । दाहालको लासलाई अपहरण शैलीमा सेनाले उनको गृहनगर काभ्रेको घाटमा पुऱ्याएर आन्दोलनको उत्तेजना बढाउन सहायक बनेको थियो सेना ।

चार दिनको आमहडतालको नेतृत्व गर्न कुनै ठूलो नेता आउने स्थितिलाई सरकार स्वयंले धरापमा पारेको थियो । वास्तवमा गृहमन्त्री कमल थापा र सञ्चारमन्त्री श्रीसशमशेर राणा भीडलाई नेतृत्वविहीन देखाउन चाहन्थे- त्यो सात दलको नभएर माओवादीको नियन्त्रणमा भएको प्रमाणका रूपमा । 'आन्दोलन अनियन्त्रित भीड बनेको छ,' माओवादीको घुसपैठ प्रशस्त भएको आरोपसहित गृहमन्त्री थापाले पत्रकारहरूलाई भने । वास्तवमा दोस्रो दिनको कर्फ्युको पनि अवज्ञा भएपछि सुरक्षाकर्मीहरू अन्धाधुन्ध आक्रमणमा उत्रिए । चैत २९ गतेमात्र गोंगबुमा २ सय राउन्डभन्दा बढी गोली चल्यो जसमा २ सयभन्दा बढी घाइते भए ।

भीडबाट गोली चलाइएको र माओवादी घुसपैठको प्रमाण भएको दाबी गर्ने गृहमन्त्री थापाका लागि मंगलवारको गोंगबु घटना प्रशासनिक र नैतिक संकटका रूपमा उपस्थित भयो । अतिरिक्त महानिरीक्षक रूपसागर मोक्तानका घरबाट प्रदर्शनकारीमाथि गोली चलाइएको थियो ।

आन्दोलनको प्रारम्भिक सफलताको ध्येय माओवादीले खोस्ने कोसिस गरेर गृहमन्त्री थापालाई जनआन्दोलन दल-माओवादी सहकार्य भएको प्रमाण झन्डै उपलब्ध गराइदिएका थिए प्रचण्ड, बाबुराम र कृष्णबहादुर महराले । त्यो सँगसँगै राजनीतिक हडताललाई आफ्नो (माओवादीको) कार्यक्रमका रूपमा पनि लागू गर्ने घोषणा गरे उनीहरूले, तर माओवादी दाबीले अन्तर्राष्ट्रिय जगत् तथा मुलुकभित्रै पुग्न सक्ने क्षतिको अग्रिम आँकलन गर्दै नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले नैतिक अडान लिए त्यसमा । 'माओवादीले के भन्छन् म जान्दिनँ, तर यो सात दलको शान्तिपूर्ण आन्दोलन हो', उनले भने ।

हो पनि लोकाचार र सिद्धान्तकै कारण १२ बुँदे समझदारी पत्र दोस्रो भाग अलग अलग हस्ताक्षरसमेत जारी गरिएको थियो । 'माओवादीले हिंसा नत्यागेसम्म उनीहरूसँग सहकार्य हुन नसक्ने हाम्रो अडानकै कारण त्यसो गरिएको हो,' कोइराला भन्छन् । 'निश्चय पनि आन्दोलनमा माओवादीको सहभागिता नभएको दाबी सत्य नहोला, तर उनीहरू आन्दोलनको 'शान्तिपूर्ण प्रकृति'लाई स्वीकार गरेर आउन सक्छन्', कांग्रेस केन्द्रीय समितिका नेता अर्जुननरसिंह केसी भन्छन् ।

समझदारी अन्ततोगत्वा माओवादीलाई प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थामा सामेल गराउने उद्देश्यले भएकोले शान्तिपूर्ण आन्दोलनबाट उनीहरूलाई हतोत्साहित गर्न नहुने चर्चा कांग्रेसभित्र पनि बराबर भइरहेको छ, तर समझदारीको पहिलो बुँदा अर्थात् 'निरंकुश राजतन्त्रको अन्त'ले भने अपेक्षाभन्दा बढी जनअनुमोदन हासिल गरेको सात दल गठबन्धनको मान्यता छ । यसलाई अन्तर्राष्ट्रिय समर्थन पनि हासिल भइसकेको छ ।

'निर्दोष गैरसैनिकको नरसंहार जारी हुँदा म



# हात्ती आयो ...फुस्सा

राजा ज्ञानेन्द्रको विश्वसनीयता विवाद र शंकाको घेरामा छ, दलहरूको विश्लेषणमा । नयाँवर्षको परम्परागत सन्देशमा उनले फेरि एउटा पासा फ्याँके दलहरूसमक्ष, बहुदलीय व्यवस्था क्रियाशील तुल्याउने अभिभारा लिन र योगदान दिन । तर, आफूले सत्ता त्याग्ने कुनै संकेत नदिएर र राजनीतिक दलका नेताहरूको गिरफ्तार र राज्यद्वारा भएका ज्यादतीबारे केही नबोलेर उनले आफ्नो आग्रहमा आशंका गर्ने थुप्रै ठाउँ दिएका छन् ।

'हामी आन्दोलनलाई निर्णायक उचाइमा पुऱ्याउँछौं र राजाद्वारा सिर्जित भ्रममा पर्दैनौं', एमाले कार्यवाहक महासचिव अमृतकुमार बोहराले *समय*लाई भने ।

सन्देशमा निर्वाचनद्वारा बहुदलीय प्रजातन्त्र (संसद् लगायत)लाई जीवन्त तुल्याउन ढिलो नहोस् भन्ने चाहना राखे पनि राजाले समयसीमा भने बाँधेनन् निर्वाचनका लागि । 'शान्ति र प्रजातन्त्रमा विश्वास गर्ने सबै दलहरूको भूमिका तथा सहभागिताबाट आमनिर्वाचन जस्तो उत्कृष्ट प्रजातान्त्रिक प्रक्रियाद्वारा बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यास सुरु होस् भन्ने हाम्रो चाहना छ' भने पनि राजाले राष्ट्रिय दलहरूलाई खासै सम्बोधन नगरेको र आफूद्वारा नियन्त्रण गरिएको सत्ता छोड्ने संकेत नदिएकाले आन्दोलनले निरन्तरता पाउने स्पष्ट देखिन्छ । ■

**अमेरिका विदेश मन्त्रालयका प्रवक्ता सिन म्याककोम्याक**



'प्रत्यक्ष शासन लाद्ने १४ महिनाअघिको राजा ज्ञानेन्द्रको निर्णय हरेक पक्षबाट असफल भएको छ।'

'अमेरिका तत्काल प्रजातन्त्र पुनःस्थापना गर्न र राजनीतिक दलसँग संवाद थाल्न राजालाई आह्वान गर्छ।'

**युरोपेली संघ (फिनल्यान्ड, अध्यक्ष राष्ट्र)**



प्रजातन्त्र पुनःस्थापना गरी शान्तिका लागि दलहरूसँग संवाद थाल्न इयु अध्यक्ष राष्ट्र राजालाई आह्वान गर्दछ।'

**दक्षिण एसियाका लागि युरोपेली संसद् डेलिगेसनकी अध्यक्ष नीना गिल**

'रक्तपात रोक्ने अपिल राजाले नसुने राष्ट्रसंघलाई कारबाही गर्न दबाब दिनेछौं। कारबाही भनेको राष्ट्रसंघीय शान्ति सेनामा शाही नेपाली सेनालाई सहभागी नगराउनु हो।'

आफ्नै देशका जनतामाथि दमन गर्ने सेनाले अरू देशमा स्थिरता ल्याउन कसरी मद्दत गर्न सक्छ भनेर कसरी पुष्टि गर्ने।

**ब्रजेश मिश्र (पूर्व प्रधानमन्त्री अटलविहारी वाजपेयीका सुरक्षा तथा विदेश मामिलासम्बन्धी सल्लाहकार)**



राजाको बाटो गल्ती छ र त्यसलाई सच्याउन भारतले दबाब दिनु पर्छ। निरंकुश राजतन्त्र तर्फ उन्मुख छन् राजा ज्ञानेन्द्र र एक्काइसौं शताब्दीमा त्यसलाई नेपाललगायत कसैले पनि स्वीकार गर्नेछैन।

हामीले राजालाई भन्नै पर्छ यो बाटो तपाईं अगाडि बढेमा राजसंस्थाको अन्त हुनेछ। रोकिनुहोस्- आफ्ना उत्तराधिकारी र आफ्नो देशका लागि पनि।

मुकदर्शक रहन सक्तिनँ', दक्षिण एसियाका लागि युरोपेली संघ प्रतिनिधि मण्डलका अध्यक्ष नीना गिल भन्छिन्, 'अन्तर्राष्ट्रिय जगत्लाई मूर्ख बनाउन उठाइएका केही सतही कदमले बहुदलीय प्रजातन्त्र सुदृढ हुन सक्तैन।' राजा अब माघ १९ गतेको घोषणा र त्यसको असफलताको कसीमा नापिँदै छन्। एकातिर शासकीय असफलता र अर्कोतिर शासनद्वारा उठाइएका मानवअधिकार उल्लंघनका मामिलाका व्यक्तिगतरूपमा उनीमाथि औंला ठड्याउन थालेका छन् विदेशी निकायहरूले।

युरोपेली संघजस्तै भारत र बेलायतले पनि राजामाथि आफ्नो आक्रोश व्यक्त गरेका छन्। '१४ महिनाअघि सत्ता ग्रहण गरेयता राजा चौतर्फीरूपमा असफल भएका छन्', दक्षिण एसिया मामिलासम्बन्धी अमेरिकी उपविदेशमन्त्री रिचार्ड बाउचर भन्छन्।

यी दबाबलाई सम्भवतः आफ्नो पूर्ण अधोगति या सत्ताको अन्तलाई स्वीकार गरेर मात्र राजाले अवज्ञा गर्न सक्छन्। सबैले उनलाई पहिला सत्ता त्याग र प्रजातन्त्रको स्थापना, दोस्रो दलहरूसँग वार्ता र तेस्रो माओवादी समस्या सम्बोधनको सुझाव दिएका छन् उनलाई। मुलुकभित्र पनि त्यस्तै सुझाव निकै चिन्ता र रचनात्मक अभिप्रायका साथ आइरहेका छन्। पूर्ण संवैधानिक प्रक्रिया स्थापित भएमा वार्ता सम्भव हुन्छ र त्यसबाट सबै किसिमका समस्यालाई समाधानतर्फ अगाडि बढ्न बढाउन सकिन्छ', पूर्वमन्त्री तथा कूटनीतिज्ञ डा. भेषबहादुर थापा भन्छन्।

राजाको बाहिर देखिन थालेको 'भूमिगत गिरोह'ले के सल्लाह दिँदैछ उनलाई ? दरवारनजिकको एक सूत्रका अनुसार वर्तमान आन्दोलन केही दिनमै सकिने भविष्यवाणी शरदचन्द्र शाहले गरेका छन्, आवश्यक परेमा संकटकाल फेरि लगाउनु पर्ने सुझावका साथ। परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले राजाको कदमको सह्राना सर्वत्र भई नै रहेको दाबी गर्न छोडेका छैनन्। राजाका मानार्थ एडिसी तथा विश्व हिन्दु महासंघका अध्यक्ष भरतकेशर सिंहले भारतको हिन्दु संगठन राष्ट्रिय स्वयंसेवक संघ र विश्व हिन्दु परिषद्लाई राजाको समर्थनमा ल्याउने अन्तिम प्रयास असफल भएको प्रमाण हो ब्रजेश मिश्राको चेतावनी राजालाई।

उता सात दलको आन्दोलनमा भएको तीव्र दमनकै कारण अमेरिकी कंग्रेस सभामुख डेनिस हास्टेर्टको नेतृत्वमा चैत ३० गते बुधवार आउने भनिएको शिष्टमण्डलको भ्रमणसमेत अनिश्चित कालका लागि स्थगन गरिएको छ। यो भ्रमण रद्दसँगै अमेरिकाले काठमाडौंस्थित भिसा कार्यालय र अमेरिकी लाइब्रेरी बन्द गरेको छ। कानुन व्यवस्थाको हालत खराब भएको र संकटकालीन 'इभालुएसन' (अमेरिकीहरूको फिर्ता पठाइने काम) हुन सक्ने संकेतका रूपमा यसलाई लिइएको छ। कतिले भोलि राजा प्रजातन्त्रविरोधी अडानमा रहिरहे सम्बन्ध 'निलम्बन हुन सक्ने' संकेतका रूपमा पनि यसलाई लिएका छन्। अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले चैत ३० गते बुधवार नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा, एमाले कार्यवाहक अध्यक्ष अमृतकुमार बोहरा र अर्का एमाले नेता भरतमोहन अधिकारीसँग छुट्टाछुट्टै भेटेर सात दलको आन्दोलनप्रति नैतिक समर्थन जनाउँदै सरकारी दमनको निन्दा गरेका छन्। दूतावासले आफ्ना कर्मचारीलाई सकभर परिवारका सदस्यलाई अमेरिका नै फिर्ता पठाउन सचेत गराएको छ।

यसैबीच अहिलेको परिस्थितिले मन्त्रिपरिषद्भित्रै पनि राजाकै विरुद्ध आक्रोश निम्त्याउने प्रारम्भिक संकेत पनि देखा परेको छ। कृषिमन्त्री केशरबहादुर विष्टको नेतृत्वको प्रजातान्त्रिक नेपाल पार्टीले दमनबाट स्थिति नियन्त्रित नहुने र तत्काल मुलुकभित्रका 'संवैधानिक शक्तिहरू'बीच गम्भीर


MOBILE REPAIR CENTER

All Kinds of Mobile Phone Unlock and Repair



N70

SAGEM - All Models
SONY ERICSSON - All Models
MOTOROLA - All Models
PANASONIC - All Models
SIEMENS - All Models

SHARP - All Models
LG - All Models
BENQ - All Models
SAMSUNG - All Models
SANYO, 02 - TOSHIBA & NOKIA



Sharp 903

१. हाम्रा ग्राहकहरुलाई छिटोभन्दा छिटो सर्भिस दिन्छौं।
२. सबै थरीको स्पेयर पार्टसहरु उपलब्ध छन्।

Electro Concern

SHOP NO. 113, BISHAL BAZAR, 1ST FLOOR NEW ROAD 4266833, 4223101



# ‘सरकारले सन्तुलन गुमाउँदै छ’

**जनआन्दोलन भाग–२ ले** सबैलाई आन्दोलित र उद्वेलित बनाएको छ। राजनीतिक विश्लेषक नीलाम्बर आचार्य सात दलको आह्वानमा सुरु भएको आन्दोलनमा पेसाकर्मी, सबै क्षेत्र र वर्गका मानिसको सहभागिता हुनुलाई उत्साहपूर्ण रूपमा लिन्छन्। ‘अब यो आन्दोलन सात दलको मात्र रहेन, यसले जनआन्दोलनको रूप लिएको छ’, उनी भन्छन्। कर्फ्यु अवज्ञाले आन्दोलन नयाँ मोडमा पुगेको उल्लेख गर्दै आचार्य सरकारले सन्तुलन गुमाउँदै गएको बताउँछन्।

सात राजनीतिक दलको आह्वानमा भएको आन्दोलनबाट राजा सबै खाले राजनीतिक र अन्तर्राष्ट्रिय शक्तिबाट एक्लिएका छन्। प्रजातन्त्रमा विश्वास राख्ने सबै खाले व्यवसायिक संघसंगठन, पेसाकर्मी तथा सरकारी र सरकारी संस्थानका कर्मचारीसमेत खुलेर आन्दोलनको पक्षमा लागेका छन् भने अन्तर्राष्ट्रिय समुदाय राजाका व्यवहारमा विश्वास गर्न नसक्ने अवस्थामा पुगेको छ। माओवादीको मामलामा राजासँग नजिक मानिएको अमेरिकाले पनि राजालाई विश्वास गर्न छाडेको छ। अमेरिकाले प्रजातान्त्रिक प्रक्रिया पुनःस्थापना गरेर मात्र राजनीतिक संवाद सुरु गर्न सुझाएको छ।

राजनीतिशास्त्री कृष्ण हाछेथु नेपाली जनताले आन्दोलनको गन्तव्य ठम्याइसकेको विश्लेषण गर्छन्। विभिन्न ठाउँमा आन्दोलनकारीले सरकारी कार्यालयका साइनबोर्डबाट श्री ५ को सरकार काटेर ‘नेपाल सरकार’ र ‘लोकतान्त्रिक सरकार’ लेखेको सन्दर्भ उल्लेख गर्दै हाछेथुले भने, ‘जनताले आन्दोलनको गन्तव्य ठम्याएका छन्, उनीहरुको लक्ष्यलाई राजनीतिक दलले सम्बोधन गर्नु पर्छ।’ राजनीतिक दलले आह्वान गरेको आन्दोलनले चारपाँच दिनमै देशव्यापी रूप लिनु, पेसाकर्मी र जनसाधारणसमेत सडकमा ओर्लिएको वर्तमान अवस्थालाई दलहरुको साथमा जनता छन् भन्ने अर्थमा लिनु पर्ने हाछेथु बताउँछन्। राजनीतिक दलहरुले आन्दोलनको नेतृत्व लिनु पर्ने सुझाव पनि उनले दिए।

राष्ट्रिय जनमोर्चाका महासचिव नवराज सुवेदी आन्दोलनबाट राजा राजनीतिक रूपमा सबै वर्ग र क्षेत्रबाट अलगिएको उल्लेख गर्छन्। सुवेदी भन्छन्, ‘सुरक्षानिकायको समर्थनमा मात्र राजनीति चल्दैन, यो कुरा राजाले बुझेका छैनन्।’ कांग्रेस केन्द्रीय सदस्य भीमबहादुर तामाङ अहिलेको पुस्ताले गरेको माग उपेक्षा गरेर राजनीतिक दल अघि बढ्न नसक्ने बताउँछन्।

नेपाली कांग्रेसका सहमहामन्त्री डा. रामशरण महत अहिलेका राजा कठोर भएकाले ४६ सालमा गरेजस्तो आन्दोलनले मात्र राजनीतिक निकास नआउने उल्लेख गर्दै यसलाई चर्काएर लैजानु पर्ने बताउँछन्। ‘सतहमा प्रकट हुँदा राजाले आन्दोलनप्रति बेवास्ता गरेको देखिए पनि भित्रभित्रै उनी सशंकित र भयभीत भएको जानकारी मैले पाएको छु’, उनी भन्छन्।

राजनीतिक चिन्तक श्रीभद्र शर्मा आन्दोलनलाई हेर्ने सरकारी दृष्टिकोण गलत भएको उल्लेख गर्छन्। ‘सरकार आन्दोलनलाई ध्वंसात्मक रूपमा लान खोज्दै छ, जुलुसहरूमा सादा पोसाकमा बमसहित शाही सेनाका मान्छे फेला परेका समाचार आउन थालेका छन्। यसबाट सरकार दलहरूलाई बदनाम गर्न चाहन्छ भन्ने देखिन्छ, तर अहिलेको यो आन्दोलनलाई त्यसरी सतहमा आँकलन गरेर हुँदैन,’ उनी भन्छन्। कर्फ्युको ठाडो अवज्ञा गरेका जनताले कर्फ्यु लागेको क्षेत्रमा सभा गरेको उल्लेख गर्दै शर्मा राजनीतिक दलका मात्र होइन, विभिन्न पेसाकर्मी र जनसाधारणको सहभागिता भएको आन्दोलनमा माओवादी घुसपैठ भएको ठान्नु सरकारको घातक विश्लेषण भएको बताउँछन्।

■ **विश्वमणि पोखरेल/काठमाडौं**




र सार्थक वार्ता हुनु पर्ने जनाएर विद्रोहको संकेत दिएका छन्। यद्यपि, आन्दोलनको सफलताबाट उत्साहित दलहरू सत्ता हातमा लिएका राजालाई अब संवैधानिक शक्ति भन्न नमिल्ने अडान लिन थालेका छन्।

यसैबीच नेपाल आउने भएको अमेरिकी प्रतिनिधिसभाका सभामुख आफ्नो नेपाल भ्रमण रद्द गरी भियतनाम पुगेका छन्। नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संगठन (एसआइएन)ले आयोजना गरेको शान्तिपूर्ण ऱ्यालीमा हस्तक्षेप गरी दुई सयलाई पक्राउ गरेको छ। सो संघका अध्यक्ष शिवेशचन्द्र रेग्मी भन्छन्, 'हाम्रो कुनै पनि राजनीतिक एजेन्डा छैन। देशमा चालू द्वन्द्वका कारण विकासका काममा साह्रै नकारात्मक असर परेकाले हाम्रो चासो देखाएका हौं।'

यसैगरी दल-माओवादी समझदारीलाई वैधानिकता दिन पनि उक्त दलले 'दलहरूले माओवादीलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउनु पर्ने सुझाव दिएको छ। राजाबाट मेलमिलापको चित्तबुझ्दो प्रक्रिया थालनी नभए मन्त्री विष्टले राजीनामा गर्ने जानकारीसमेत गराएका छन्।

के नेपालभित्रै राजाविरोधी लहर उठेकाले राजा 'भिलेन' बन्न पुगेका हुन् त? भन्न गाह्रो छ, तर राजा मुलुकभित्रै अब रक्षात्मक बन्न पुगेका छन्। 'म सधैं नै वार्ताको पक्षमा छु। दलहरूसँग मिलेर सहमति खोज्न तत्पर छु,' पोखरामा राजालाई भेट्न काठमाडौंबाट बोलाइएका एक पत्रकारले राजाको भनाइ उद्धृत गर्दै *समय*लाई भने। तर, अब परिस्थिति र एजेन्डाका मालिक राजा मात्र छैनन्। राजाले तत्काल सत्ता त्यागको इमानदार मनसायसँगै वार्ताका लागि आह्वान गरिए मात्र दलले सकारात्मक रूपमा लिने देखिन्छ। स्वतःस्फूर्त भीडले राजाविरोधी अनुहार देखाएको अवस्थामा निसर्त राजासँग वार्ता सम्भव देखिँदैन। 'सार्थक संवाद र आपसमा विश्वास जागृति गर्नुका साथै संविधानलाई सग्लो तुल्याई क्रियाशील गराउने प्रक्रिया सुरु हुने' विश्वास पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापा राख्छन्। नयाँ वर्षको राजाको सन्देशमा त्यस्तो संकेत आउने धेरैले आशा राखेका भए पनि राजाको सन्देश त्यो रूपमा नआउँदा 'संसद्वादी' मेलमिलाप टाढिएको छ।

उसो त राजाको विगत दुई महिनाको बाहिर बसाइँ, उनका प्रायोजित जिल्ला भ्रमण र भेषभूषाले पनि नकारात्मक दृष्टिकोण जन्माएको छ राजाप्रति। 'ढुकुटीबाट मनपरीसँग गरिएको खर्च, उनका प्रायः फेरिने महँगा चस्मा र रवाफले मार्कोस र इरानका शाहको पुनरावृत्ति देखिन्छ उनमा', एकजना कांग्रेसी नेता भन्छन्। आन्दोलनमा राजसंस्थाविरुद्ध चर्किएका नारामा राजाको यो झलकले काम गरेन भन्न सकिँदैन।

राजाले यसैबीच आफ्ना पुराना मित्र प्रभाकरशमशेर राणालाई दिल्ली पठाएको समाचार बाहिर आए पनि भारत यथाशीघ्र प्रजातन्त्र स्थापना नभएमा राजाको अन्त्य सन्निकट रहेकै निष्कर्षमा देखिन्छ। त्यस्तै भारतको मार्क्सवादी कम्युनिस्ट पार्टी पोलिटब्युरो सदस्य सीताराम येचुरीले प्रधानमन्त्री मनमोहन सिंहसँग नेपालबारे परामर्श गर्दा पनि डा. सिंहमा त्यस्तै निराशा र 'तत्काल केही गर्नु पर्ने' भावना रहेको बताइएको छ। प्रजातन्त्रको स्थापनाका लागि निश्चितरूपमा राज्य सर्वत्र तिरस्कृत र एक्लिएका छन्। विगतका अनुभवले 'राजालाई विश्वास गर्न नसकिएको' निष्कर्ष निकालेका छन् युरोपेली संघ र अमेरिका साथ भारतले पनि त्यस्तै अनुभव र दलहरूको पनि।' कुरा मिठा गर्छन्, काम उल्टो पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा भन्छन्। त्यस्तै अनुभव छ कोइरालाको। 'राजालाई विश्वास गर्न सकिन्नँ। म माग्न उनीसमक्ष जान्नँ', कोइराला भन्छन्।

उता गत वर्ष माघअघि राजालाई सत्ता लिन उक्साउने राजपरिषद्ले काठमाडौंमा आफ्नो प्रस्तावित भेला रद्द गरेको छ। 'चुनाव गराई आतंकवाद र तिनका मतियारलाई जुनसुकै सर्तमा पनि पराजित गर्न राजालाई बिन्ती चढाउने' तयारीमा रहेको परिषद्को बैठकलाई आन्दोलनको आँधीले बढारेको हो। यो संकेत पनि हो राजा अझै आन्दोलनको वेग र तीव्रता जाँच्दै छन् भन्ने। त्यसैले उनले राजपरिषद्लाई वैकल्पिक सुझाव या दलहरूसँग वार्ता र राजाद्वारा सत्ता त्यागको सुझाव दिनुको साटो बैठक रद्द गर्न अह्राएको बुझिएको छ।

बुधवार गुरुकुलद्वारा सञ्चालित सम नाट्यकला केन्द्रमा ८४ पार गरेका इतिहास तथा संस्कृतिविद् सत्यमोहन जोशीको अध्यक्षतामा भएको स्रष्टाहरूको बैठकले सांकेतिक विरोधपश्चात् सडकमा धर्नामा बस्नेबित्तिकै प्रहरीले गोली चलाएर सरकारले दमन कम नगर्ने संकेत दिएको छ। भोलिपल्ट नेपाल बार एसोसिएसनको ऱ्यालीमा गोली चलाएर त्यही आपराधिक चरित्र पुनरावृत्ति गरेको छ सरकारले। राजा असफल मात्र हैन आपराधिक संयन्त्रमाथि पूर्णतया निर्भर देखिन्छन्।

यसको परिणामबाट उम्कन सम्भवतः अब सहज देखिँदैन सरकारका लागि संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्त लुइस आर्बरले सरकारद्वारा भएको अत्यधिक बल प्रयोगको निन्दा गर्दै मानवअधिकार उल्लंघनमा सामेल सशस्त्र र जनपद प्रहरी पनि राष्ट्रसंघीय शान्ति सेनाको निगरानीमा रहने र आफ्ना सम्पूर्ण प्रतिवेदन उसलाई पठाउने चेतावनी दिएकी छन्। उच्चायोगद्वारा पठाइएका सुझाव र निर्देशनलाई लगातार सरकारले उल्लंघन गरेको पनि उनले जनाएकी छन्। लुइस आर्बरको वक्तव्यले मानवअधिकार उल्लंघनका लागि उत्तरदायित्व निर्धारित हुनसक्ने र त्यसमा राजाले उन्मुक्ति नपाउने संकेत पनि त्यत्तिकै प्रबल छ। यी सबै प्रवृत्ति र राजाप्रतिको प्रतिकूल आन्तरिक र अन्तर्राष्ट्रिय सोचले के स्पष्ट पार्छ भने विगत १४ महिनामा राजाले 'बार्गेनिङ पावर र हैसियत त दुवै गुमाएका छन् नै, अब उनको चुलिएको अलोकप्रियताबाट दलहरूले र प्रजातन्त्रले फाइदा उठाउनेछन्।

अर्कोतिर नेपालमा राजाविरोधी आन्दोलन उत्कर्ष या निष्कर्षतिर नबढे पनि त्यसले जरा गाडेको छ। शिक्षण अस्पताल, गोंगबु, सामाखुसी, चितवन, पोखरा र बनेपामा सुरक्षानिकायको बर्बर आक्रमणका कारण झरेमा रगतले त्यसलाई मलजल गरेको छ। साथै अबको सहमति खोसिन नसक्ने प्रजातन्त्रको सर्तमा हुनुपर्ने बाध्यात्मक पनि सिर्जना गरेको छ, त्यसले सात दलका नेताहरूसमक्ष। ■

# गाउँ–गाउँबाट उठे जनता



**'आत्मीय मित्रहरू,** चैत २४ देखि २७ गतेसम्मको आमहडताल लोकतन्त्रको लागि हो, सबैले आफ्नो ठाउँबाट सहयोग पु¥याऊँ', सात दलको पूर्वघोषित आमहडतालको पूर्वसन्ध्यामा रंगकर्मी राजेन्द्र रिमालको मोवाइलमा यस्तो एसएमएस आयो। यसको अन्त्यमा लेखिएको थियो, 'यो कम्तीमा दसजना साथीलाई पठाउनुहोला।'

मनछुने भाषामा लेखिएको यो सन्देश रिमाललाई जुन साथीले पठाएका थिए, उनलाई त्यसअघि कहिल्यै सात दलको प्रदर्शनको चासो थिएन। रिमालले हत्तपत्त अरूलाई पनि त्यो पठाउन थाले। पछि 'सेन्ड आइटम' हेर्दामात्रै थाहा पाए, २३ जनालाई पुगेछ।

सात दलको आमहडतालको पूर्वसन्ध्यामा धरान, विराटनगर, इटहरी र इनरुवाजस्ता सहरमा यस्तो मोवाइल सन्देश पठाउने लहर नै चल्यो। यो लहरबाट यसअघि राजनीतिमा खासै चाख नलिने युवा आकर्षित भए।

आमडतालको पहिलो र दोस्रो दिन अपेक्षित प्रदर्शन हुन नसकेपछि युवालाई आन्दोलित पार्ने खालका सन्देश रच्ने, पठाउने अर्को लहर सुरु भयो। प्रजातन्त्रकै उपलब्धि मानिने सूचना प्रविधिको उपयोग गर्दै एक-अर्कालाई आन्दोलित पार्ने लहरले चैत २६ गते धरानमा हजारौंको जुलुस निक्लियो, जुन आकार र गुणमा २०४६ सालमा भन्दा ठूलो थियो।

'यति ठूलो प्रदर्शन धरानमा कहिल्यै भएको थिएन', कवि बद्री पालिखे भन्छन्, '२०४६ सालको जनआन्दोलन उपत्यकाकेन्द्रित थियो, यसपालि चाहिँ सबैतिर उस्तै उभार देखियो।' हुन पनि आमहडतालको पहिलो दिनदेखि पूर्वका विभिन्न सहरमा दिनैपिच्छे निरंकुशताविरुद्ध प्रदर्शन हुँदै आएका छन्। चैत २६ गतेदेखि नै पूर्वका खनार, दुहबी, भरौल, वराहक्षेत्र, महेन्द्रनगर, झुम्का, पथरी, मधुमल्ला, सलकपुर, गोठगाउँ, रंगेली, उर्लाबारी, बेलबारी र दर्वेशाजस्ता गाउँमा पनि प्रदर्शन हुन थालेका छन्।

प्रदर्शनमा प्रत्यक्ष सहभागी नहुने गृहिणीले पनि घरका छत र कौसीबाट तातो घाममा चर्का नारा लाउने आन्दोलनकारीलाई चिसो पानी खन्याइदिँदै ताली बजाएर हौस्याउँदै साथ दिन थालेका छन्। पूर्वका सहरमध्ये धरान तुलनात्मक रूपले शान्त छ।

धरानभन्दा इटहरी र इनरुवा दिनैपिच्छे तनावग्रस्त बन्दै आएका छन्। चैत २७ गते प्रदर्शनकारीले दिनभर विराटनगर उपमहानगरपालिका कब्जा गरे। चैत २९ गते काँकडभिट्टामा गृहिणीहरूले घैला, कुचो र डाडुपन्यु जुलुस निकाले।

इलाममा सदरमुकाममात्र हैन, शान्तिडाँडा, सुम्बेक, जमुना, बरबोटे, पुवाखोला, कन्याम, फिक्कल, आइतवारे र करफोकजस्ता गाउँमा पनि दिनैपिच्छे विशाल जनप्रदर्शन र मसाल जुलुस भइरहेका छन्। उदयपुर, धनकुटा र पाँचथरजस्ता पहाडी जिल्लामा पनि दिनैपिच्छे आन्दोलन चर्किरहेको छ।

प्रहरीले आन्दोलनको समाचार संकलन गर्न गएका पत्रकारहरूमाथि समेत लाठी प्रहार ग¥यो। नेपाल पत्रकार महासंघ, पाँचथरका सभापति लवदेव ढुंगानाको टाउको फुटेको छ। पत्रकारमाथि भएको ज्यादतीविरुद्ध चैत ३० गतेको अंकमा पूर्वका सबै दैनिक पत्रिकाले समाचार ऐक्यबद्धता जनाए। नेपाल पत्रकार महासंघ, मोरङले ज्यादतीको नेतृत्व गर्ने प्रहरीका निरीक्षक सन्तोष तामाङ र विनोद भण्डारीलाई कालोसूचीमा राखेको छ।

जनआन्दोलन दबाउन प्रहरीले पक्राउ र धरपकड तीव्र पारे पनि त्यसप्रति सर्वसाधारणको उत्साह घट्नुको सट्टा दिनप्रतिदिन बढ्दै गएको देखिएको छ। विपी प्रतिष्ठान, धरानका चिकित्सक, कर्मचारीले चैत २९ गते विशाल जुलुस निकाल्दै सात दलको आमहडतालले जनआन्दोलनको हैसियत हासिल गरेको सन्देश दिए।

'हामीलाई माओवादी, कांग्रेस वा एमालेको छाप नलाइयोस्', भानुचोकमा कोणसभा सुरु गर्दै डा. भूपेन्द्र नेपालीले भने, 'हामी केवल लोकतन्त्रवादी हौं, राजाको निरंकुशताको विरोध गर्छौं।' प्रा. डा. नीलाम्बर झाको नेतृत्वमा निस्किएको जुलुसमा अस्पतालमा 'ड्युटी' परेका चिकित्सक, कर्मचारीबाहेक सबै सहभागी थिए। सात दलको कार्यक्रममा कहिल्यै सहभागिता वा ऐक्यबद्धता नजनाएका चिकित्सक अचानक राजाको निरंकुशताको विरोध गर्दै सडकमा उत्रिँदा सबैले स्वागतमा ताली बजाएका थिए।

चिकित्सकमात्र हैन, सुकुमवासी, आदिवासी जनजाति, पूर्व ब्रिटिस गोर्खा सैनिक, प्राध्यापक, शिक्षक सबैले पालैपालो सडक प्रदर्शन गर्न थालेका छन्। पत्रकार, कानुनव्यवसायी, अधिकारकर्मी, मजदुर र विद्यार्थी त पहिल्यैदेखि नै अग्रपंक्तिमा थिए। प्याब्सन, एन प्याब्सन, उद्योग वाणिज्य संघका शाखाहरूले पनि विज्ञप्ति प्रकाशित गर्दै लोकतन्त्रको आन्दोलनमा ऐक्यबद्धता जनाउन थालेका छन्।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

## एउटै मुद्दा लोकतन्त्र

गर्मी बढेर घरबाहिर निस्कन गाह्रो परिरहे पनि नेपालगन्जमा दिनहुँ निरंकुश राजतन्त्रविरुद्धका कार्यक्रम जारी छन्। भोक र पसिनाले निथ्रुक्क भएका सर्वसाधारणले लोकतन्त्रको माग दोहो¥याइरहेका छन्। नेपालगन्जमा भएका आन्दोलनका कार्यक्रममा टाढा-टाढा ग्रामीण बस्तीबाट साइकलमा सर्वसाधारणमा सहभागी भएर आन्दोलनमा ऊर्जा थपे।

लोकतन्त्रको माग र निरंकुश राजतन्त्रको अन्त्यको लागि घन्टैपिच्छे राजनीतिक दलका कार्यकर्ता, सर्वसाधारण, व्यापारी, चिकित्सक, कर्मचारी, सञ्चारकर्मी, कानुनव्यवसायी, महिलाहरू आन्दोलनमा निस्किएपछि सबैको साझा एजेन्डा नै आन्दोलन हुन पुगेको छ। सरकारी कार्यालयभित्र कर्मचारीले लोकतन्त्रको माग गर्दै नाराजुलुससमेत गरिरहेका छन्।

माओवादीले विशेष क्षेत्र घोषणा गरेको यहाँको राजनीतिक आन्दोलन मुलुकका अन्य स्थानको भन्दा पृथक् छ। सात राजनीतिक दलहरू र माओवादीले लोकतन्त्रको पक्षमा संयुक्त लोकतान्त्रिक कार्यक्रम आयोजना गरेका छन्। सात दलको सहर केन्द्रित आन्दोलन सुरु हुनुभन्दा अघिल्लो दिन माओवादी र सात दलले बर्दियाको मैनापोखर र बाँकेको खजुरामा संयुक्त कार्यक्रमको आयोजना गरेका थिए। माओवादी र सात राजनीतिक दलले नेपालगन्जदेखि १० किलोमिटर पश्चिम खजुरामा बृहत् संयुक्त लोकतान्त्रिक कार्यक्रम आयोजना गरेर राजा ज्ञानेन्द्रको पुत्ला जलाउनुका साथै बाँके क्षेत्र नम्बर ३ लाई लोकतन्त्र क्षेत्रसमेत घोषणा गरेका छन्।

### अधिकारीको सपना

उच्च रक्तचापका विरामी प्राध्यापक हरिराज अधिकारी चैत २६ गते नियमित औषधोपचारको लागि अस्पताल पुग्नु पर्ने थियो, तर निरंकुश राजतन्त्रविरुद्ध भएका विभिन्न कार्यक्रममा भाग लिँदालिँदै नेपालगन्जको महेन्द्र बहुमुखी क्याम्पस एकाइ प्राध्यापक संघका अध्यक्ष अधिकारी नियमित औषधीको लागि अस्पताल पुग्न सकेनन्। चैत २६ गतेको विरोध कार्यक्रममा भाग लिएको डेढ घन्टा बित्न नपाउँदै उच्च रक्तचापका कारण अधिकारीको मृत्यु भयो।

मृत्युको डेढ घन्टाअघिसम्म ४८ वर्षीय अधिकारीले लोकतन्त्रको पुनर्बहाली नभएसम्म मुलुकमा आन्दोलनको आवश्यकता रहेको धारणा राखेका थिए। निरंकुश सत्ताको विरोधमा लागेका अधिकारीझैं यहाका कयौं सर्वसाधारण यति खेर पनि जीउ ज्यानको परवाह नगरी लोकतन्त्रको आन्दोलनमा होमिएका छन्।

■ **रुद्र खड्का/नेपालगन्ज**

## मानवमय सुर्खेत


प्रजातन्त्रका लागि उठेका यी हातहरू कसैले रोक्न सक्ने छैनन्

सात राजनीतिक दलले जारी राखेको निरंकुशताविरोधी आन्दोलनमा ऐक्यबद्धता जनाउँदै चैत २९ गते सुर्खेतमा झन्डै १० हजारको व्यापक जुलुस निस्किएको छ । उक्त जुलुस सुर्खेतको इतिहासमा हालसम्मकै धेरै जनसहभागिता भएको ठूलो जुलुस मानिएको छ । आन्दोलनमा सहभागी ५५ वर्षीय टेकनारायण अधिकारीले भने, 'यति ठूलो जुलुस त ४६ सालको आन्दोलनताका पनि भएको थिएन ।'

जुलसमा राजनीतिक दलका कार्यकर्ता र समर्थित विद्यार्थीहरूमात्र होइन स्थानीय व्यापारी, शिक्षक, मजदुर, कर्मचारीलगायत विभिन्न पेसाकर्मीहरूको सहभागिता थियो ।

निरंकुश राजतन्त्रविरोधी नाराबाजी गर्दै सडकमा उर्लिएको जनभेल दबाउन तथा बिथोल्न प्रहरीले हस्तक्षेप गर्ने प्रयास भने प्रहरीले गरेन । लोकतन्त्रका पक्षमा नाराबाजी गर्दै गाउँगाउँ पुगेको जुलुसमा गाउँमा रहेका सर्वसाधारणको सहभागिता पनि ह्वात्तै बढेको थियो ।नियमित जसो मंगलगढीचोकबाट सुरु भई बजार परिक्रमा गरी नेताचोक पुगी समापन हुने जुलुसले उक्त दिन बौद्धचोक, मूलपानी, ढोडेखाली, कालागाउँ बुद्धपथ हुँदै पीपलचौतारी पुगी कोणसभामा परिणत भएको थियो ।

चैत २७ गते राति वीरेन्द्रचोकदेखि पश्चिम खोर्केलाइनका जनताले स्वत:स्फूर्तरूपमा लोकतन्त्रका पक्षमा व्यापक नारावाजी गरे । वीरेन्द्रचोकदेखि खोर्केखोलासम्म पाँच ठाउँमा टायर बाली स्थानीय जनताले लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता प्रदर्शन गरे ।

सुरुमा घरका छत छतबाट नारा लगाइरहेका सर्वसाधारणले पछि सडकमै ओर्लिएर निरंकुश राजतन्त्रविरोधी चर्का नारावाजीसमेत गरेका थिए । अधिकांश महिला र बालबालिकाको सहभागिता रहेको उक्त जुलुसमा कुनै पनि राजनीतिक दलको नेतृत्व र सहभागिता भने थिएन् । घरका कौसीमा बसेका वृद्धहरूले भने ताली बजाउँदै प्रदर्शनकारीप्रति समर्थन जनाएका थिए । जुलुसमा भरिया र मजदुरले समेत चर्का नारा लगाएका थिए । देशमा निरंकुश राजतन्त्रको अन्त्य र लोकतन्त्र बहाली नभएसम्म आफूहरू यसरी नै स्वत:स्फूर्तरूपमा आन्दोलन जारी राख्ने स्थानीय व्यापारी पदम खड्काले बताए ।

■ **गणेशकुमार कार्की/सुर्खेत** (तस्वीर पनि)

## हजारौं सडकमा

चैत २६ गते दाङको सदरमुकाम घोराहीमा बिहानैदेखि सुरक्षा कडा गराइएको थियो । घोराही प्रवेश गर्ने मुख्यद्वार ट्राफिकचोकमा नाम लेखाउँदै भित्र पस्दै गर्ने स्थिति थियो, तर जब घोराहीपूर्वका दुई गाविस रामपुर र लक्ष्मीपुरबाट झन्डै दस हजारको संख्यामा जनता नाराजुलुसका साथ प्रवेश गर्न थाले त्यसपछि उनीहरूलाई कसैले रोक्न सके न त चेक जाँच नै गरियो न त नाम लेख्ने काम नै भयो ।

सो दिनमात्रै जिल्ला सदरमुकाम घोराहीमा झन्डै २० हजार, तुलसीपुरमा ५ हजार, लमहीमा ५ हजार, पुरन्धारा हापुरेमा २ हजार, राजपुर बेलामा २ हजार गरी कम्तीमा ३५ हजार दङाली जनता सडकमा ओर्लिए ।

चैत २४ गतेदेखि सुरु भएको आमहडतालसहितको आन्दोलनमा आजभोलि दाङमा हजारौं जनता दैनिक सडकमा उत्रन्छन् । गणतन्त्रको पक्ष तथा राजतन्त्रविरुद्ध नारावाजी गर्दै सदरमुकाम घोराहीमा मात्रै दिनहुँ कम्तीमा तीनपल्ट प्रदर्शन हुने गरेका छन् । बिहान एउटा कुनै संस्थाले आयोजना गर्छ, दिउँसो एउटा संस्थाले प्रदर्शन आयोजना गर्छ भने बेलुकातिर प्राय: विद्यार्थीले जुलुस गर्ने गरेका छन् । उता गाउँ-गाउँमा प्रत्येक बेलुका मसाल जुलुस प्रदर्शन भइरहेका छन् । अधिकांश गाउँमा संयुक्त जनआन्दोलन परिचालन कमिटी पनि गठन गरिएका छन् ।

■ **नरेन्द्र केसी/दाङ**




## प्रेरणाप्रद रगत

दुई वर्षअघि माघ १९ गते जब राज्य निरंकुशताको ओथारोमा थुनिएको थियो, पोखरा एकमात्र भूमि थियो, जहाँ विद्यार्थीले खुलेर सडकमा निरंकुशताविरुद्ध शंख बजाए । त्यस बेलाको प्रदर्शन रोक्न सुरक्षाकर्मीले चलाएको गोली लागेर गीता केसी भएकी थिइन् र उनको रगत आन्दोलनकारीको लागि प्रेरणा बनेको थियो । अहिले फेरि उही प्रवृत्ति दोहोरिएको छ, निर्णायक भनिएको आन्दोलनको उभार पोखराकै भूमिमा पोखिएको रगतले तताएको छ ।

यसबीच जनताको कर उठाएर किनेको गोली सुरक्षाफौजले डेढ दर्जनभन्दा बढी पटक पोखराका जनतालाई दागिसकेको छ । आन्दोलन नियन्त्रण गर्ने न्यूनतम प्रक्रिया र मान्यता पनि तोडेर सुरक्षाकर्मीले मनपरी जनतामाथि सिकार खेल्ने अभ्यास गरिरहेका छन् । दलहरूले निर्णायक भनेको पछिल्लो आन्दोलनको पहिलो सिकार भए भीमसेन दाहाल ।

भीमसेनको सहादत नै आन्दोलनको यस्तो टर्निङ प्वाइन्ट भयो, जनता स्वभाविक रूपमा सत्ताधारीमाथि आक्रोश पोख्न सडकमा उत्रिए र सरकारसँग भीमसेनको रगतको मूल्य चुकाउन भने ।

मानवअधिकारकर्मीहरू भन्छन्, 'दाहालको निधन भएको घटनामा गोली चलाउनै पर्ने स्थिति पोखराका कुनै पनि दिनका प्रदर्शनमा आएन, तर प्रहार नगरेका दिन पनि कमै रहे ।' २७ गते पृथ्वीनारायण क्याम्पसबाट आएको विद्यार्थीको समूह महेन्द्रपुल आइपुगेपछि प्रहरीसँग सामान्य झडप भएको थियो । यस क्रममा प्रदर्शनकारीले हानेको दुईवटा ढुंगा चोकमा रहेको नेपाल टेलिकमको भवनको दोस्रो तलाका झ्यालमा लागेको थियो । यसैलाई बहाना बनाएर चौथो तलामाथि छतमा रहेको सेन्ट्रीबाट शाही नेपाली सैनिकले फायर गरेका थिए । तीन राउन्ड फायर भएकोमा दुई राउन्डसम्म प्रदर्शनकारी भागाभाग गरेपछि सैनिकले हतियार तलतिर सोझ्याएर प्रदर्शनकारी भागिरहेको स्थानमा ताकेर गोली हानेका थिए ।

■ **केशव लामिछाने/पोखरा**

# पश्चिमबाट उदाउँदै सूर्य

एक सातादेखि स्वस्फूर्त रूपमा चलेको ऐतिहासिक आन्दोलनले सुदूरपश्चिम तातेको छ। बिहानदेखि बेलुकासम्म सडकका गल्लीमा केवल प्रदर्शनकारीमात्र देखिन्छन्। पसलहरू बन्द छन्, उपभोक्ताले चामल नपाएकोमा कुनै दुःख छैन। प्रदर्शन सुरु गर्न पहल मात्र कसैले गरिदिनु पर्छ, सर्वसाधारण प्रदर्शनको पछाडि स्वस्फूर्तरूपमा लागिहाल्छन्। निरंकुश राजतन्त्रविरुद्ध नारा लगाउँदै बजार परिक्रमा गर्नु दैनिकी बनेको छ। बजारका चोकदेखि लिएर राजमार्गमा पर्ने प्रत्येक साना बजारमा दिनहुँ जलिरहेका टायर र काठका ज्वालाले परिवर्तन चाहेका छन् भन्ने प्रमाणित हुँदै गएको छ। पहिलो दिनको ऐतिहासिक प्रदर्शनमा प्रहरीद्वारा अनियन्त्रित भीड तितरबितर गर्न दर्जनौं सेल अश्रुग्याँस प्रहार गरिएको थियो। अश्रुग्याँसबाट दर्जनौं व्यक्ति पीडित भएका थिए भने उपचार गर्न अस्पताल आएकी युवतीसमेत अश्रुग्याँसबाट बेहोस भएकी थिइन्।

डडेल्धुरामा पनि प्रदर्शनकारीलाई नियन्त्रण गर्न प्रहरीले १५ राउन्ड गोली प्रहार गर्‍यो। तैपनि, आन्दोलनकारीले गोलीको प्रवाह नगरी सडकमा अगाडि बढिरहे। आन्दोलनको फोटो खिचिरहेका पत्रकार एवं नेपाल पत्रकार महासंघका केन्द्रीय उपसभापति डिआर पन्तलाई प्रहरीले निर्ममतापूर्वक कुट्दै उनको क्यामरासमेत खोसे। छिमेकी सहर धनगढीमा क्षेत्रकै सबभन्दा विशाल प्रदर्शन भइरहेका छन्। प्रदर्शनकारी देखेर तर्सिएको शाही सरकारले नियन्त्रणमा लिन सयौं राउन्ड गोली प्रहार गरे, जसमा तीनजनाको अवस्था गम्भीर छ। गोली चलेको दिन धनगढीमा ७१ जना घाइते भएका थिए। लगातार प्रदर्शनले व्यापकता पाएपछि प्रशासनले मंगलवार साँझदेखि बिहानसम्म अर्को आदेश नहुन्जेल कर्फ्यु घोषणा गरेको, छ धनगढीमा। आन्दोलनका क्रममा सुदूरपश्चिममा तीन महिला पक्राउ भएका छन्। दुईजना पत्रकार गिरफ्तार भएका छन् भने झन्डै एक सय नेता र कार्यकर्ता गिरफ्तार गरिएका छन्। जिल्ला कारागारमा ठाउँ नभएपछि पक्राउ गरिएकालाई जिल्ला प्रहरी, अञ्चल प्रहरी र गणमा राखिएको छ।

बैतडी, अछाम, डोटीमा पनि प्रदर्शनका क्रममा व्यापक धरपकड र दमन भएको छ। आन्दोलनमा पहाडी जिल्ला डडेल्धुरा, डोटी र अछाम अग्रस्थानमा छन्। बुधवार भएको प्रदर्शनमा डोटीको दिपायलमा प्रहरीले लाठी जार्च गर्दा तीन दर्जन घाइते भएका छन्। बुधवार मात्रै महेन्द्रनगर र धनगढीमा भएका विशाल प्रदर्शनमा ३० हजारभन्दा बढी जनताले सडकमा उत्रेर लोकतन्त्रको नारालाई घन्काएका थिए। विभिन्न पेसाकर्मीले आन्दोलनलाई समर्थन जनाउँदै आ-आफ्नो ढंगले सहभागिता जनाएपछि आन्दोलनले थप ऊर्जा पाएको छ। प्राध्यापक संघ, बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, चिकित्सक, अधिकारकर्मी, प्राविधिक, शिक्षक, गैसरकारी संस्था, यातायात व्यवसायी, होटल व्यवसायीलगायत सबै आन्दोलनका होमिएका छन्।

■ **श्याम भट्ट/महेन्द्रनगर**


# दोहोरियो इतिहास


निहत्था सर्वसाधारणप्रति सरकारले दमनको पराकाष्ठा प्रस्तुत गर्‍यो

चारदिने आमहडतालको पहिलो दिनदेखि नै चितवनमा भव्य जनप्रदर्शन सुरु भएको थियो। २५ गते प्रदर्शनकारी र प्रहरीबीच बिहानैदेखि झडप सुरु भयो। त्यस दिन प्रहरीले जुलुसलाई भरतपुर जान नदिई रोकेको थियो। रोक्दा प्रदर्शनकारीले ढुंगा प्रहार गर्थे भने प्रहरीले दर्जनौं सेल अश्रुग्याँस, लाठी र ढुंगा हानेको थियो। यस क्रममा एक दर्जन आन्दोलनकारी र दुई प्रहरी घाइते भए। जनआन्दोलन दिवसका दिन १२ नबज्दै नारायणगढ खचाखच भयो। कार्यक्रमअनुसार त्यस दिन र्‍याली र सभा हुनु पर्ने थियो, तर सहभागीहरू सभामा भाषण सुन्नभन्दा अघिल्लो दिन रोकेको प्रहरीको घेरा तोड्न चाहन्थे। भरतपुर नगरपालिका र चौबीसकोठीमा रहेको स्वर्गीय राजा महेन्द्रको सालिकवरपर सुरक्षाकर्मी तैनाथ थिए। सुरुमा प्रहरीले जुलुसलाई अगाडि बढ्न दिएन। फलस्वरूप अघिल्लो दिनको जस्तै तनावको स्थिति आयो, जुलुस तितरबितर भयो।

दिउँसो सवा तीन बजेतिर आन्तरिक राजस्व कार्यालय, भरतपुरमा तोडफोड हुँदा मालपोत कार्यालय नजिकबाट स्थिति नियन्त्रणमा लिन भन्दै प्रहरीले गोली चलायो। मालपोत कार्यालयबाट राजस्व कार्यालय सय मिटर पर उत्तर दिशामा छ, तर प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा मालपोत कार्यालयबाट पूर्व घर भएका महिलाहरूलाई गोली लाग्यो। एक महिला तुलसी क्षेत्रीको निधन नै भयो।

■ **रमेश पौडेल/चितवन** (तस्वीर पनि)

# ‘हामी राजनीतिक विजय चाहन्छौं’

**सात दलको शान्तिपूर्ण आन्दोलन विजयको उत्कर्षमा पुगिरहेकै बेला सशस्त्र विद्रोही माओवादी अध्यक्ष प्रचण्डले जनआन्दोलन अझै चर्किंदै गयो भने आफ्नो पार्टी पनि शान्तिपूर्ण रूपमा सडकमा उत्रिने बताएका छन्। सडकमा लाखौं जनता निस्किएर पनि उनीहरूले नेतृत्व नपाए आफ्नो पार्टी जनताको बीचमा जाने उनको भनाइ छ। माओवादीले युद्धमार्फत होइन, राजनीतिक रूपमै विजय पाउन चाहेको बताउँदै अध्यक्ष प्रचण्ड सामन्ती सत्तालाई थिलथिलो पार्न जनयुद्धको प्रयोग गरिएको बताउँछन्।**

***समय*का लागि पत्रकार विनोद ढुङ्गेलले माओवादी अध्यक्ष प्रचण्डसँग केही दिनअघि लिएको प्रत्यक्ष अन्तर्वार्ताको प्रमुख अंश :**



तस्वीरहरू : विनोद ढुङ्गेल

**तपाईंहरूको राजनीतिमा आएको ‘यु’ टर्नको रहस्य के हो ?**

कुन सन्दर्भमा ? कसरी त्यसो भन्नुभएको ?

**पहिला शान्तिपूर्ण आन्दोलन र चुनाव, त्यसपछि सशस्त्र जनयुद्ध र चुनाव बहिष्कार अनि अहिले फेरि शान्तिपूर्ण आन्दोलन र चुनावका कुरा। यो ‘यु’ टर्न होइन ?**

होइन। यो त विकासको एउटा क्रम हो। २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछिको राजनीतिक वातावरणमा जनसमुदायलाई प्रशिक्षित गर्न हामीले संसद्लाई उपयोग गरेका थियौं। तीन वर्षसम्मको हाम्रो त्यो भण्डाफोरपछि नयाँ राजनीतिक वातावरण बन्यो र हामीले जनयुद्धको पहल गऱ्यौं। दस वर्षको जनयुद्ध र यसबीचमा गरेको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको गहिरो अध्ययनबाट हामीले क्रान्ति र प्रतिक्रान्तिका सकारात्मक र नकारात्मक अनुभवको संश्लेषण गरेर हेरेका छौं। फेरि अहिले हामीले बहुदलीय प्रतिस्पर्धा भन्नुको तात्पर्य विशुद्ध संसदीय प्रजातन्त्र भन्न खोजेका होइनौं। भन्न खोजेको त के हो भने- जनवाद र समाजवादमा पनि बहुदलीय प्रजातन्त्र हुनु पर्छ। दलहरूबीचको प्रतिस्पर्धात्मक राजनीतिबाट मात्रै प्रतिक्रान्तिलाई रोक्न सकिन्छ। यसरी हाम्रो बुझाइ विचारको विकासको क्रम हो, ‘यु’ टर्न होइन।

**तपाईंहरू ‘निरंकुश राजतन्त्रको अन्त्य’ भनिरहनुभएको छ। यो भन्नुको अर्थ राजतन्त्र निरंकुश नभएको अवस्थामा स्विकार्ने कुरा हो ?**

सात दलसँगको साझा समझदारीका लागि यो पदावलीको प्रयोग भएको हो। लोकतन्त्रको स्थापनाभन्दा हामीचाहिँ पूर्ण लोकतान्त्रिक गणतन्त्र नै बुझ्छौं भनेर त्यति बेलै दलहरूलाई स्पष्ट पारेका छौं। तत्काल साझा दुस्मनका रूपमा निरंकुश राजतन्त्रविरुद्ध सहमति बनाएर लड्न तयार भएका छौं। हाम्रो न्यूनतम लक्ष्य संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र नै हो। कुनै पनि खालको राजतन्त्र होइन, गणतन्त्र नै हो। पूर्ण लोकतन्त्र भनेको लोकतान्त्रिक गणतन्त्र नै हो भनेर हामीले पटक-पटक प्रस्ट पार्दै आएका छौं।

**भनेपछि, दलहरू र माओवादीबीचको मुख्य द्वन्द्व त देखिन बाँकी रहेछ, हैन ?**

त्यसलाई ‘रुल आउट’ गर्न सकिँदैन। हामी त जनआन्दोलनको बलमा जाऊँ र सात दलले पनि आफ्ना माग उठाउँदै लगेर गणतन्त्रमा पुऱ्याऊन् भन्ने चाहन्छौं, तर एउटा विन्दुमा दलहरू राजासँग सम्झौता गर्न जाने र हामी नजाने हुन सक्छ।

**तर, तपाईंहरूले नै राजासँग मिलेर शासन गरौं, दलका नेता सबैलाई जेल हालौं भनेर राजासँग प्रस्ताव राख्नुभएको थियो रे !**

निश्चित रूपमा पोहोर माघ १९ भन्दापहिले शेरबहादुर देउवाको प्रधानमन्त्रित्व कालमा हामीले राजासँग कुरा गर्ने भनेकै हो र राजाको पनि एक खालको ‘एप्रोच’ थियो। हामी २०४६ सालको आन्दोलनका उपलब्धिबाट पछि हट्ने हिसाबले होइन, अघि जाने हिसाबले राजासँग कुरा गर्न चाहन्थ्यौं। तर, माघ १९ मा पूरै प्रतिगामी कदम

चालिसकेपछि राजासँगका सबै कुराकानी खारेज गरेका हौं। राजाले हामीसँग मिलेर दलहरूलाई दमन गरौं भने पनि हामी कहिल्यै मान्न सक्दैनथ्यौं र सक्दैनौं। माघ १९ पछि त हामीले राजाका मान्छेसँग प्रत्यक्ष वा परोक्ष रूपमा कुरा नगर्ने भनेर निर्णय नै गरेका छौं।

**दरवार हत्याकाण्डको लगत्तै तपाईंहरूले नयाँ कोतपर्वलाई मान्यता नदिने भन्नुभयो। तर, २०६१ माघ १९ अघि 'नयाँ मालिक' भनेर राजासँग मात्रै कुरा गर्ने भन्नुभयो। अहिले फेरि कुरा गर्नुको अर्थै छैन भन्दै हुनु हुन्छ। यो ढुलमुलको रहस्य के हो ?**

हामी अहिल पनि दरवार हत्याकाण्ड नेपाल र नेपाली जनताविरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय षड्यन्त्रको परिणाम थियो भन्ने ठान्छौं। हामीले सल्लाह गरेर नै कमरेड बाबुराम भट्टराईले लेखमा त्यो कुरा उल्लेख गर्नुभएको हो। दरवार हत्याकाण्ड जनतान्त्रिक आन्दोलनविरुद्ध षड्यन्त्रका रूपमै आएको हो। त्यसमा सामन्तवादी कट्टरपन्थी तत्त्व र साम्राज्यवादको एउटा हिस्सा संलग्न छ भन्ने हाम्रो मान्यता अहिले पनि यथावत् छ। त्यसपछि यो राजतन्त्र नक्कली र कृत्रिम छ भन्ने मान्यताका आधारमा 'गणतन्त्रको संस्थागत विकास गरौं' भनेर हामीले नारा पनि दियौं। हामीले हाम्रो ठाउँमा गणतन्त्रको विकास गरेका पनि छौं। गणतन्त्रको कुरा छोडेर मालिक भनिएको होइन।

**राजाले २०६३ साललाई प्रतिनिधिसभाको निर्वाचनको वर्ष भनेको सन्दर्भमा तपाईंहरूको नीति के हुन्छ ?**

राजाले पोहोर माघ १९ को लगत्तैदेखि गरेका निर्वाचनका सबै कुरा ढोङ हुन्। नगरपालिकाको निर्वाचनलाई नौटंकी सावित गर्नु र ध्वस्त गर्नु थियो, जनताले आफ्नै पहलमा त्यो ध्वस्त गरे। अहिले आन्दोलन चलिरहेको अवस्थामा संसद्को चुनावको कुरा गर्नु अर्को नौटंकी हो। घोषणा गरेको दिनदेखि नै त्यस्तो हास्यास्पद र लज्जास्पद चुनाव असफल र ध्वस्त हुन सुरु हुन्छ। निरंकुश सत्तालाई सुदृढ गर्ने त्यस्तो बहानालाई नौटंकी सावित गर्दै ध्वस्त गर्नुको विकल्प पनि छैन। राजाले चुनाव साँच्चै चाहेको भए त संसदीय दलहरूले मागेजस्तो संसद् पुनःस्थापना गरेर उनीहरूलाई चुनाव गर्न दिएको भए त केही पत्याउँथे दुनियाँले। यसबाट पनि राजाले चुनावको नाममा बेइमानी गरेको देखिन्छ। यद्यपि, दलहरूले भनेजस्तो संसद् पुनःस्थापनाले पनि नेपाली राजनीतिका विद्यमान समस्यालाई समाधान गर्दैन। न त्यो वैध हुन्छ, न जनताको चाहनानुसार हुन्छ, न इतिहासको आवश्यकतानुसार नै हुन्छ। राजाको चुनाव घोषणाभन्दा त्यो एक कदम अगाडि भए पनि देश र जनताको आवश्यकताको तुलनामा त्यो पनि पछाडि नै हुन्छ। तसर्थ राजाको चुनावको घोषणाबाट मुलुकमा झन् भीषण लडाइँ हुन्छ, रक्तपात मच्चिन्छ र मुलुक थप अराजकतातर्फ जान्छ। त्यो नहोस् भनेर नै हामीले असाध्यै लचिलो नीति लिएका हौं।

**दलका कार्यकर्ता र माओवादी सेना मिलाएर राष्ट्रिय सेना बनाउने भन्ने तपाईंहरूको प्रस्ताव कहाँ पुग्यो ?**

मैले दलहरूसँग कुरा गर्दा सुरुदेखि नै भनेको छु- तपाईंहरूले जनमुक्ति सेनालाई समस्या देख्नु भएन। नेपालको समस्या भनेको दुई-अढाई सय वर्षदेखि सामन्ती दरवार र निरंकुशतन्त्रप्रति बफादार बनाइएको र प्रशिक्षित शाही सेना हो। यसको पनि नेतृत्व मात्रै मुख्य समस्या हो। जनसेना त निश्चित वैचारिक प्रगतिशील मान्यतानुसार लोकतान्त्रिक आन्दोलनका लागि भनेर जनताका छोराछोरीले बनाएको सेना हो। जनमुक्ति सेनालाई त सबै लोकतान्त्रिक दलहरूको साझा सेनाको रूपमा रूपान्तरण गर्न सकिन्छ। दोस्रो कुरा, शाही सेनाका पनि सबै मान्छे गलत छैनन्। तल्लो तहका शाही सेनालाई पनि राष्ट्रिय सेनामा सामेल गर्न सकिन्छ। दलका मान्छेहरूलाई भन्ने गरेका छौं- तपाईंहरू जनसेनामा आएर मजासँग कमान्डर, कमिसार बन्न सक्नु हुन्छ। शाही सेना, सशस्त्र प्रहरी र प्रहरी र त्यसको पूरै 'र्‍याङ्क एन्ड फाइल' पनि हाम्रो समस्या होइन, त्यसका ३२-३४ जना जर्नेलहरू मात्रै समस्या हुन्। शान्तिपूर्ण र सशस्त्र विद्रोहद्वारा यो कुरा प्रस्ट गर्न सकियो भने उनीहरूको जागिरको निरन्तरता रहन्छ। सात दल र हामीले उनीहरूको जागिर र जीवनको ग्यारेन्टी गरेर उनीहरूको भविष्यलाई मूलधारमा समेट्छौं भन्ने कुरामा विश्वास दिलाउनेबित्तिकै समस्याको समाधान हुन्छ।

**सेना र शस्त्रसँग रमाउने यही प्रवृत्तिले हैन र, समाजलाई थिलथिलो पारेको ?**

भावनात्मक कुरा गर्दा त्यसो भन्न सकिएला, तर इतिहासको गम्भीर अध्ययन गर्ने हरेकलाई थाहा छ- समाजको प्रगतिशील रूपान्तरणको निम्ति हिंसाको प्रायोजक पुरानो सत्ताविरुद्ध विद्रोह गर्नेलाई हिंसावादी भन्न मिल्दैन। संसारका अहिले आफूलाई असाध्यै सभ्य भन्ने देशहरू पनि सामन्ती सत्ताविरुद्ध ठूलो रक्तपातको बीचबाटै आएका हुन्। अमेरिका, बेलायत, जर्मनी, फ्रान्सलगायत युरोपेली देशहरू पनि हिंसाबाट मुक्त छैनन्। वास्तवमा जनयुद्धले नेपाली समाजलाई थिलथिलो बनाएको होइन, जगाएको हो। बरु, जनयुद्धमार्फत सामन्ती सत्ता र सामन्तहरूचाहिँ थिलथिलो भएका छन्।

**मान्छेहरू गाउँघरबाट विस्थापित भएको, निराशा र अन्योलमा बाँचेको, टुहुरा र विधवा भएको अहिलेको अवस्थामा कसरी समाज जागेको भन्न मिल्छ ?**

एउटा पाटोबाट हेर्दा त्यस्तो देखिन्छ। जुनसुकै युद्धमा पनि जनसमुदायको एउटा हिस्सा भागदौड र निरास त हुन्छ, तर गाउँका आमजनताको हृदय छाम्दा हामीलाई त्यस्तो लाग्दैन । तपाईंहरू सहरबजारमा बसेर के देख्नुहुन्छ कुन्नि ? त्यहाँको मध्यम वर्गको आँखाबाट हेर्दा त्यस्तो देखिन्छ होला, तर गाउँका जनताका बीचमा निराशा र कुण्ठा छैन। बरु, गाउँका गरिब जनताको त हिजोसम्म जीवनको मूल्य र अर्थ थिएन, जनयुद्ध सुरु गरेपछि जीवनको मूल्यबोध भएको छ र उनीहरूले हामी पनि समाजका अग्रिम मान्छेहरू हौं भन्ने महसुस गरेका छन्।

**त्यसो भए, हतियार उठाउनु अनिवार्य थियो, यो देशको लागि ?**

हतियारमाथि सामन्ती प्रभुहरूको एकाधिकार नतोडी सुखै थिएन र तोड्ने क्रममा रगतको खोलो नबगाईकन सम्भव थिएन। मलाई कसैले एउटा देश देखाउने आँट गर्न सक्छ यो प्रक्रियाबाट नगुज्रिएको ? दुई-अढाई सय वर्षदेखि सामन्ती प्रभुहरूले जमाएको हतियारमाथिको एकाधिकार र दमनचक्रलाई प्रतिरोध गर्न नेपाली जनताको हातमा पनि हतियार आएको छ। यो इच्छा होइन, बाध्यताको कुरा थियो। हामीले नउठाएको भए अरू कसैले उठाउँथ्यो। अहिले पनि नेकपा (माओवादी)ले हतियार छोड्यो भने पनि नेपाली समाजको विद्यमान समस्या र अन्तरद्वन्द्वको हल नभएमा अरू कसैले हतियार उठाउँछ। भावुकताको कुरा गर्दा त यसबीचमा म जति भावुक कोही पनि भएको छैन जस्तो लाग्छ। थोरैभन्दा थोरै रगत बगेर समस्याको हल होस् भन्ने मात्र हाम्रो चाहना हो।

**हतियारमाथि यत्रो विश्वास हुँदाहुँदै अहिले सुरक्षित अवतरणका लागि किन छटपटाउनु भएको त ?**

सुरक्षित अवतरण भन्ने शब्द मलाई असाध्यै 'इरिटेसन' हुने शब्द भएको छ। हामीले सुरक्षित अवतरण खोजेकै होइन। नेपाली जनताको सर्वोत्तम हितका लागि, कम रक्तपातमै अग्रगामी राजनीतिक निकासका निम्ति जिम्मेवारीपूर्वक सोचेको कुरालाई हामी थाकेको र सुरक्षित अवतरण खोजेर छटपटिएको भनेर प्रचार गर्ने गरिएको छ। त्यसरी प्रचार गर्नेहरू नै वास्तवमा छटपटिएका छन्। हाम्रो जिम्मेवारीबोधलाई 'बल्ल माओवादीको बुद्धि आएछ' भन्ने गरेका छन्। शेरबहादुरलाई ४० बुँदे ज्ञापनपत्र पनि हामीले बुद्धि भएरै दिएका थियौं। त्यति बेला ती माग पूरा गरेको भए जनयुद्ध नहुन पनि सक्थ्यो। अहिले पनि संविधानसभामार्फत जनताले जे भन्छन्, त्यो मान्छौं भनिरहेका छौं। यसको अर्थ हामी थाक्यौं, अब हतियार बुझाइदिन्छौं भनेको होइन। जरुरी पर्छ भने हामी अझै लड्छौं।

**संविधानसभामा अडिग देखिनुहुन्छ। संविधानसभाको परिणाम लोकतान्त्रिक गणतन्त्रको पक्षमै आए पनि राजाले त्यसलाई नमाने फेरि रक्तपात र जटिलता जन्मिँदैन र ?**

राजाले निसर्त संविधानसभा नमानेसम्म त्यो हामी पनि स्वीकार गर्दैनौं। त्यसकै लागि त संयुक्त राष्ट्रसंघ वा अरू कुनै भरपर्दो अन्तर्राष्ट्रिय मध्यस्थता भनेका हौं।

**परिमाण संवैधानिक वा 'सेरेमोनियल' वा सक्रिय राजतन्त्र पनि आउने विकल्प छ नि ! भन्न जति मान्न सजिलो होला ?**

हाम्रो विश्वास छ- संविधानसभाको चुनावको परिणाम लोकतान्त्रिक गणतन्त्र नै हुन्छ। आउन त संवैधानिक वा 'सेरेमोनियल' राजतन्त्र वा सक्रिय राजतन्त्र पनि आउन सक्ने भयो। जनताले घोर तानाशाही सरकार हुनु पर्छ भने पनि मान्नु पर्छ। हामी जनताको अभिमत भनेर स्विकार्छौं। सिद्धान्ततः जुनसुकै परिणामलाई पनि नस्विकार्ने हो भने त संविधानसभाको चुनाव गर्नै भएन।

**त्यति बेला माओवादी जनयुद्धका कारण**

**मरेका मान्छे र बगेको रगतको औचित्य कसरी पुष्टि हुन्छ ?**

सबै गणतन्त्रको पक्षमा देखिएको एक्काइसौं शताब्दीको मानवचेतनाको अवस्थामा कुनै पनि प्रकारको राजतन्त्रको पक्षमा जनताले अभिमत प्रकट गर्छन् भन्ने कुनै आधार छैन। मलाई त जनताले बुर्जुवा लोकतन्त्र होइन, जनगणतन्त्र हुनु पर्छ भन्ने पक्षमा मत हाल्छन् भन्ने विश्वास छ।

**लोकतान्त्रिक गणतन्त्र भनेको त भारतको जस्तै व्यवस्था भयो। तपाईंहरूको राजनीतिक चिन्तन र लक्ष्यसँग यो मेल खान्छ ?**

बाह्रबुँदे समझदारीको प्रस्तावनामा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लैंगिक, क्षेत्रीय आदि समस्याको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै लोकतन्त्रको अवधारणा कार्यान्वयन गर्ने कुरा छ। त्यहाँ गएर त हाम्रो ठूलो बहस हुनेवाला छ। क्रान्तिकारी भूमिसुधार, आत्मनिर्भर उद्योग र अर्थनीति, समग्र राष्ट्रिय नीतिलगायत सबै अधिकार संस्थागत हुनु पर्छ। लोकतान्त्रिक गणतन्त्र भनेको संसदीय प्रजातन्त्र मात्र होइन। त्यो संक्रमणकालीन गणतन्त्र हुन्छ। त्यहाँ कांग्रेस, एमालेलगायतको जोड विशुद्ध संसदीय गणतन्त्रमा लैजाने हुन सक्छ। हाम्रो जोड जनगणतन्त्रतिर लैजाने हुन्छ। हामी शान्तिपूर्ण प्रतिस्पर्धा गर्छौं। बुर्जुवा गणतन्त्र हुँदाहुँदै पनि त्यो नेपालको भू-राजनीतिक अवस्थानुसारको राज्यको पुनर्संरचनासहितको गणतन्त्र हुनेछ। जनताको मन जितेर सबैले आफ्ना नीति तथा कार्यक्रम लागू गर्न पाउनेछन्। राजनीतिक द्वन्द्व समाधान हुनेछ।

**तपाईंले भारतका माओवादीले पनि शान्तिपूर्ण र चुनावी बाटोमा जानु पर्छ भन्नुभएको छ। त्यसको अर्थ तपाईंहरूलाई आफैँले चलाएको सशस्त्र संघर्ष गलत बाटोमा छ भन्ने लाग्न थालेछ, हैन ?**

त्यस्तो पनि हैन। कुराको व्याख्या जसरी पनि गरेर हुँदैन। भारतका माओवादीले लड्न छोड्नु पर्छ भन्ने हाम्रो भनाइ होइन। लड्न त हामीले नै पनि छोडेका छैनौं। हतियार उठाएर ठिक गरेका छौं भन्ने नै छ। कुरा के भने, हामी बहुदलीय प्रतिस्पर्धाबाट अघि बढ्नु पर्छ भन्नेमा पुग्यौं, तर भारतका माओवादी त्यहाँ पुगेका छैनन्। हामी भारतका माओवादीले पनि बहुदलीय प्रतिस्पर्धा स्विकारून् भन्ने चाहन्छौं। उनीहरूले पनि त्यो कुरा सिक्नु पर्छ। हामी उनीहरूसँग बहस गर्न चाहिराखेका छौं।

**भारतले नेपालमा लोकतान्त्रिक आन्दोलनलाई किन सहयोग गरेको होला ?**

भारतको शासक वर्ग नेपाली जनताको लोकतन्त्रप्रति चिन्तित छ भन्ने मलाई लाग्दैन। उनीहरूको त्यो चिन्ता होइन। यो लोकतान्त्रिक आन्दोलनमा माओवादीलाई कुनै तरिकाले 'डिफ्युज' गर्न सकियो भने त्यो शिक्षाका आधारमा भारतको माओवादी आन्दोलनलाई कमजोर पार्न सकिन्छ र भारतीय शासक वर्गको वर्चस्व पनि नेपालमा बढेर जान्छ भन्ने नै उनीहरूको प्रमुख उद्देश्य हो।

**भारतका गैर-माओवादी कम्युनिष्ट दलहरूको मनसाय पनि त्यस्तै होला ?**

संस्थागत पक्षको त त्यही नै हो, तर सबैको त्यो होइन। हरेक पार्टीभित्र ध्रुवीकरण बढ्न थालेको छ। त्यसअनुसार राम्रो उद्देश्यका साथ नेपालमा हामीले केही गर्नु पर्छ भन्नेहरू प्रायः गैर-माओवादी वामपन्थी दलहरूमा छन्।

**लोकतान्त्रिक आन्दोलनमा सहयोग गरिरहेको भारतलाई पनि यस्तो आलोचना र शंका ... ?**

तर, भारतका कयौं राजनीतिक दलहरू, प्रगतिशील जनता र बुद्धिजीवीहरूको ठूलो तप्का नेपालमा साँचो अर्थमा लोकतान्त्रिक गणतन्त्र आओस् भन्ने चाहन्छन्। भारतीय शासक वर्गको भने विस्तारवादी स्वार्थ छिमेकीहरूमाथि रहँदै आएको छ, उनीहरूको त्यो चरित्रमा फेरबदल आइसक्यो भन्ने हामीलाई लाग्दैन।

**यसको अर्थ भारतलाई हेर्ने दृष्टिकोणमा कुनै परिवर्तन गर्नुभएको छैन ?**

आधारभूत रूपले केही फेरबदल गरिएको छैन। माघ १९ मा राजाले 'कु' गरेपछि अरू अन्तरविरोध गौण हुन पुगेका हुन्, हल भएका छैनन्। माघ १९ पछि निरंकुशता नै प्रमुख समस्या भएर आयो। भारतले पनि राजाको कदमको विरोध गऱ्यो। हामी निरंकुशताविरुद्ध केन्द्रित भयौं। त्यति मात्र हो। भारतप्रतिको हाम्रो दृष्टिकोण यथावत् छ।

**भारतविरुद्ध सुरुङ युद्ध नै भनेर कस्सिनुभएको थियो नि। अहिले त त्यस्तो देखिँदैन। यो परिवर्तन होइन ?**

सुरुङ युद्ध अहिले तत्कालको एजेन्डा बनेन। माघ १९ पछि तत्कालको एजेन्डामा फेरबदल भयो। निरंकुशताविरुद्धको लडाइँ नै अहिले प्रमुख भयो, भारतविरुद्धको लडाइँ मुख्य भएन।

**नेपालको माओवादी द्वन्द्वलाई भारतले आफ्नो आन्तरिक सुरक्षाको विषयमा राखेपछि तपाईंहरू भारतप्रति नरम र राजाप्रति कडा हुनुभएको होइन र ?**

सयका सय गलत। शाही सेनालाई ७० प्रतिशत हतियार भारत सरकारले दिने गरेको थियो। भारतमा हाम्रा साथीलाई गिरफ्तार गर्ने क्रम बढ्दै गयो। नेपाली सेनालाई दिएको तालिमको ९० प्रतिशत भारतले नै हो। अमेरिकाको योजनानुसार रेन्जर गणलाई हैदरावादमा विशेष तालिम भारतले दिने गरेको छ। त्यो अवस्थामा निश्चितरूपमा भारतसँग लड्नु पर्छ भनेर हामीले सोच बनाएका थियौं। भारतसँग डराएको भए त हाम्रा साथीहरू भटाभट पक्रिएको बेला नै त्यसो गर्थ्यौं नि! झन् उल्टो 'ट्रेन्च' खनेर भारतसँग लड्नु पर्छ किन भन्थ्यौं र? राजाले 'कु' गरेपछि र भारतले त्यसको विरोध गरेपछि मुख्य दुस्मन निरंकुश राजतन्त्र बन्यो। त्यसविरुद्ध आउने सबैसँग एक खालको तालमेल हुनसक्ने भयो नै।

**तपाईंको हतियार स्रोत पनि भारत नै होइन र ?**

भारतका बजारमा पाइने हतियार हामी पैसा भएसम्म निश्चित रूपमा खरिद गर्छौं। त्यो पनि भारतीयहरूले ट्रकका ट्रक पक्रिने गरेका छन्।

**२०५२ सालमा ४० बुँदे माग पत्रको एक नम्बर बुँदामै राख्नुभएको सन् १९५० को सन्धि खारेज गर्नुपर्ने मागचाहिँ किन उठाउन छोड्नुभएको नि ?**

अहिले पनि राष्ट्रियतासम्बन्धी प्रश्नमा त्यो एक नम्बरमै छ। संघर्ष कतापट्टि केन्द्रित हुन्छ, त्योअनुसार हेर्नुपर्छ। अहिले त्यो प्राथमिकतामा नपरेको मात्र हो।

**नेपालदेखि भारतका माओवादी प्रभावित क्षेत्रहरू मिलाएर बनाइएको 'रेड कोरिडोर' कत्तिको बलियो भएको छ ?**

त्यस्तो कोरिडोरको कुरा हामीले कहिल्यै गरेका छैनौं। क्रान्ति आयात र निर्यात गर्ने वस्तु पनि होइन, यो सम्बन्धित देशका जनताले गर्ने काम हो। हामीले कुनै 'कम्प्याक्ट जोन' वा 'कोरिडोर' बनाएका छौं भन्ने कुरा नै सत्य होइन।

**त्यो भए तपाईंहरूको सिकम्पोसा र भारतका माओवादी नेता गणपतिसँगको तपाईंको सयुक्त विज्ञप्ति पनि सत्य होइन ?**

सिद्धान्ततः हामी दक्षिण एसिया र विश्वमै क्रान्ति होस् भन्ने चाहन्छौं। यस अर्थमा भारतमात्र नभएर संसारकै माओवादीसँग हाम्रो वैचारिक सम्बन्ध छ। त्यसै अर्थमा गणपतिसँगको संयुक्त वक्तव्य पनि आएको हो।

**भारतले भारतका माओवादीविरुद्ध कडाइ र नेपालको लोकतान्त्रिक आन्दोलनलाई सहयोग एकसाथ गरेर के गर्न खोजेको होला ?**

भारतीय शासक वर्गको आफ्नै स्वार्थ छ, हामी निरंकुशताविरुद्ध लड्नेहरूको आफ्नै स्वार्थ छ। स्वार्थहरू सारमा फरक-फरक छन्, रूपमा मिल्न आएको छ। भारतले साँचो अर्थमा नेपालमा लोकतान्त्रिक गणतन्त्रको निम्ति भूमिका खेल्यो भने त्यसबाट नेपाली जनतामा बलियो सन्देश जान्छ र इतिहासदेखि भारतीय शासकप्रति नेपाली जनताको हृदयमा रहँदै आएको शंका हट्छ। भारतले त्यसो गर्ला भन्नेमा चाहिँ अहिले पनि शंका छ। यदि भारत वास्तवमा सकारात्मक नै हो भने हाम्रो पार्टीका किरणजी, सिपी गजुरेललगायत पटनामा थुनिएका जिम्मेवार कमरेडलाई छोड्न भारतलाई केको हिचकिचावट? भारतीय शासक वर्गको अर्कै स्वार्थ पो छ कि! उनीहरूले हामीलाई 'बार्गेनिङ टुल्स'को रूपमा प्रयोग गर्न खोजेका त छैनन् कतै! यसप्रति हामी गम्भीर छौं।

**दल-माओवादी समझदारीमा भारतको भूमिका के छ ?**

देखिने गरी भारतको केही भूमिका भएको हामीलाई थाहा छैन।

**नदेखिने केही हुन सक्छ ?**

यो सबै काम उनीहरूको जानकारीभन्दा बाहिर छ भन्ने हामीलाई लाग्दैन, तर भारतले प्रत्यक्ष उपस्थिति देखाएर र भूमिका खेलेर केही पनि भएको छैन। हामीले दलका नेताहरूलाई भारतमा भेट्दा पनि भूमिगत तरिकाले भेट्ने गरेका छौं। कतिपय ठाउँमा भने हाम्रो भेटघाट सकिएको केही बेरमा गुप्तचर पुग्ने गरेका छन्।

**दल र माओवादीको संयुक्त वक्तव्य किन आउन नसकेको ?**

एउटा त दलहरूको नेतृत्व डराएको छ। हामीसँग संयुक्त वक्तव्य दिनेबित्तिकै आफूहरूमाथि बढी दमन हुन सक्छ भन्ने डर। अर्कोतिर, अन्तर्राष्ट्रिय दबाब। संयुक्त वक्तव्य ननिकाल्न

भारतको दबाब छ भन्ने हामीलाई लागेको छैन। यसमा अमेरिकाकै बढी दबाब छ जस्तो लाग्छ।

**आन्दोलनका संयुक्त कार्यक्रम बनाउन नसकेपछि दल-माओवादी समझदारीको अर्थ र आयाम के भयो त ?**

१२ बुँदे समझदारीमा धेरै कुरा छन्। त्यो एउटा ऐतिहासिक 'ब्रेक थ्रु' हो। त्यहाँभित्र गम्भीर आशंका र अमूर्तता पनि छन्। दोस्रो समझदारी त नयाँ कुरै होइन, पहिलाकै कुरालाई पुनः प्रतिबद्धता गर्न खोजेको मात्रै हो।

**यस्तो सम्बन्धबाट गन्तव्यमा पुग्न सकिनेमा कत्तिको विश्वास गर्नुभएको छ ?**

गन्तव्य अर्थात् लोकतान्त्रिक गणतन्त्रमा पुग्नको लागि यो कदम त ठिक छ। सबैको साझा दुस्मन अर्थात् निरंकुशतन्त्रका विरुद्ध लड्ने कुरामा एक मत त भयो नि, तर गणतन्त्रसम्म जाने कुरामा सात दलभित्रै सहमति छैन। छलफल गर्दै गएर साझा कार्यक्रम बनाउनु पर्छ भन्नेमा हाम्रो सहमति छ। यही आधारमा अघि बढ्न सकिन्छ भन्ने सोच हो।

**तपाईंहरू जनताप्रति विश्वासको कुरा गरेर थाक्नु हुन्न। तर अहिलेचाहिँ आफैं किन दलहरूको बैसाखी टेक्न खोज्नुभएको हैं ?**

सकिएन नि त (हाँसो....) यदि शाही सेना, शाही अमेरिकी सेना नबनेको हुन्थ्यो भने हामीले दुई वर्षअगाडि नै काठमाडौं कब्जा गरिसकेका हुने थियौ। उनीहरूसँग एसएलआर मात्रै भएका बेला एक दुई वटा मात्रै भए पनि हामीसँग एके-४७ जस्ता प्रभावकारी हतियार थिए, तर पछि त अमेरिकी सेनासँग लडेको जस्तो भयो। अब त हामीले राजनीतिकरूपले जित्नु पर्ने भयो। काठमाडौंमा अमेरिकी राजदूत जेम्स एफ मेरियार्टीसँग हाम्रो सीधैसीधै लडाइँ परिरहेको हुन्छ। अमेरिकासँग राजनीतिक लडाइँ चलिरहेको हुन्छ। अमेरिकी राष्ट्रपति जर्ज बुस भारतमा आएर पहिलो पटक नेपालको बारेमा नामै लिएर बोल्नु पर्‍यो। हामीले सैनिक उपायद्वारा अमेरिकालाई जित्ने होइन कि राजनीतिकरूपले जित्न खोजेका छौं। एउटा बृहत्तर राजनीतिक सोचअन्तर्गत नै यो सबै भइरहेको छ।

**तपाईंले फौजी र गैरफौजी आन्दोलनको पर्खाल भत्किन्छ, दलहरू सशस्त्र र हामी शान्तिपूर्ण आन्दोलन गर्ने 'फ्युजन'को चरण आउँछ भन्नुभएको छ। त्यो कहिले र कसरी हुन्छ ?**

पर्खाल भत्किने क्रम सुरु भइसकेको छ। दोस्रो समझदारी भयो। सात दलले आमहडताल घोषणा गरे, हामीले समर्थन गर्‍यौं। हामीले पहिला बन्द, नाकाबन्दी र आमहडतालको घोषणा गरेका थियौं। हामीले ती सबै फिर्ता लियौं। चैत २४ गते सर्लाहीको सदरमुकाममा हामीले हमला गर्‍यौं। दलहरूको शान्तिपूर्ण आन्दोलनले त्यसबाट उर्जा पायो। आन्दोलनमा कति गाडी र सरकारी कार्यालय जलाइए, सरकारले आन्दोलनमा आएका मान्छे मार्‍यो। शान्तिपूर्ण आन्दोलनमा त यस्तो हुँदैन। शान्तिपूर्ण आन्दोलन हिंसामा बदलिँदै छ, हामी शान्तितिर गएका छौं। यो नै 'फ्युजन'को प्रक्रिया हो।

**शान्तिपूर्ण आन्दोलन हिंसात्मक भएर भड्किए तपाईंहरू दंग पर्नु हुँदो रहेछ, हैन ?**

हामीले शान्तिपूर्ण आन्दोलन पनि गर्न नपाइने ? नारा लगाउन, जुलस निकाल्न पनि नपाइने ? हो, हामी शान्तिपूर्ण आन्दोलनमा जान पाइरहेका छैनौं। चर्किंदै गयो भने हामी काठमाडौं जान्छौ। लाखौं जनता सडकमा निस्कने भए भने जनताको बीचमा हामी निस्कन्छौं। हामी त्यो तयारी गर्दै पनि छौं।

**कहिले जानु हुन्छ ?**

लाखौं जनता सडकमा निस्किए तर नेतृत्वविहीन भए भने हामी काठमाडौं जान्छौं। जनताको बीचमा हुन्छौं। त्यसो गर्दा हामी मर्न पनि तयार छौं।

**शान्तिपूर्ण आन्दोललाई सात दलले नेतृत्व गर्न सकेनन् भन्न खोज्नुभएको हो ?**

त्यो सात दलको जिम्मेवारीको कुरा हो। हामीले हाम्रो जिम्मेवारी कुरा गरेका हौं। त्यो आन्दोलन सात दलको मात्र होइन, हाम्रो पनि आन्दोलन हो। त्यो त सात दल र नेकपा (माओवादी)बीचको समझदारीअनुसारको आन्दोलन हो। त्यो जिम्मेवारीबोधका कारण हामी काठमाडौं जाने तयारीमा लागेका छौं।

**दलहरूप्रति तपाइहरूको शंकालु रवैया प्रकट भइरहेको देखिन्छ। समझदारी भइसक्दा पनि किन यस्तो ?**

जनताको चाहनाविरुद्ध हानिकारक सम्झौता हुन नपाओस् भनेर जनतालाई सतर्क बनाइरहन हामीले जरुरी देख्यौं। अहिले त ठिकै देखिन्छ, तर राजा र उनका मन्त्रीहरूले दलहरूलाई बोलाइरहेको अवस्था छ। संसद् पुनःस्थापना वा सर्वदलीय सरकार वा त्यस्तै केही भयो भने दलहरूभित्र सबै त होइन, केही व्यक्तिहरू राजाको आह्वानअनुसार जाने र चुनावतिर लाग्ने सम्भावना छ। पहिला राजा र दलहरू मिलेर माओवादी सिध्याउने भनेर हिंडेकै हुन्, तर नसकेका मात्रै न हुन्। तसर्थ अहिले पनि राजासँग दलहरू मिल्नु त्यो समस्याको हल होइन। समस्याको हल त १२ बुँदे समझदारीमा छ। त्यसबाट दायाँ बायाँ कतै लाग्न खोजियो भने इतिहासप्रति विश्वासघात हुन्छ भनेर जनातालाई प्रशिक्षित गर्नु पर्छ भन्ने हामीले ठानेका छौं।

**तपाईंले चैत २४ सम्म हिसाबकिताब प्रस्ट हुन्छ भन्नुभएको थियो, त्यो मिति कटिसक्यो। के प्रस्ट भयो त खै ?**

नयाँ वर्ष लाग्ने बेलासम्म देशलाई एउटा निकासतर्फ लग्नु पर्छ भन्ने नै थियो। घटनाक्रम तीव्रताका साथ अघि बढिरहेका छन्। नेपाली जनताको रगत बग्ने क्रम रोकेर शान्तिपूर्ण निकास दिनु पर्छ भन्ने हाम्रो मान्यता हो। त्यसको निम्ति अन्तर्राष्ट्रिय समुदायले पनि सकारात्मक भूमिका खेलोस् भन्ने हाम्रो आग्रह हो। दल र हाम्रो समझदारीकै बीचमा शान्तिको खाका छ। निरंकुशताविरुद्धको एकता नै शान्तिको आधार हुन सक्छ। अरुसँगको सम्झौता त्यो आधार हुन सक्दैन। हामी त्यसको निम्ति जे गर्न पनि तयार छौं।



**राष्ट्रव्यापी युद्धविरामबाहेक जे गर्न पनि तयार हुनुभएको हो ?**

सात दलसँग हामीले भनिरहेका छौं- संविधानसभा वा लोकतान्त्रिक गणतन्त्रका कुरालाई स्पष्टसँग एजेन्डा बनाऊँ, संयुक्त कार्यक्रम बनाऊँ, नेपाली जनताको नाममा संयुक्त अपिल गरौं, तपाईंहरूले भनेजस्तै शान्तिपूर्ण आन्दोलनको निम्ति जरुरी पर्छ भने देशव्यापी युद्धविराम गर्न हामी तयार छौं, तर संयुक्त नारा, कार्यक्रम, नारा र अपिल नभएको अवस्थामा हामीलाई युद्धविराम गर भन्ने नैतिकता दलहरूसँग रहँदैन।

**तर, तपाईंहरूले युद्धविराम नगरी दिँदा दलहरू त अप्ठेरोमै परेका छन् नि ?**

अहिलेकै अवस्थामा युद्धविराम गरिदिने हो भने त्यो शाही सेनाको हितमा हुन्छ। हामीले अहिले देशव्यापी फौजी कारबाही गरेर सेनालाई विकेन्द्रित पारेका छौं। काठमाडौंमा आन्दोलनलाई उचाइमा लैजाने वातावरण बनेको छ। हामीले देशव्यापी युद्धविराम गर्‍यौं भने उसले आफ्नो योजनानुसार शक्ति केन्द्रित गर्छ। अहिलेको अवस्थामा हाम्रो फौजी कारबाही जहाँ तीव्र छ, आन्दोलन पनि त्यहीं प्रभावकारी भएको छ। काठमाडौंको हकमा भने त्यो कुरा सत्य होइन। त्यही मूल्यांकनका आधारमा काठमाडौंमा फौजी कारबाही स्थगित गरेका हौं। अहिलेको अवस्थामा हाम्रो देशव्यापी फौजी कारबाहीले सरकारी फौजको मनोबल घटेको छ, जनताको मनोबल बढेको छ र आन्दोलनमा ऊर्जा र उत्साह बढेको छ।

**भनेपछि युद्धविराम गर्नुहुन्न ?**

अहिले युद्धविराम गर्ने बेला भएको छैन। उपयुक्त बेला आएमा हामी युद्धविराम गर्न खुला छौं। ■

**वर्तमान द्वन्द्वको शान्तिपूर्ण समाधान गर्ने हेतुले माओवादीसँग समझदारी गरेपछि उनीहरूलाई शान्तिपूर्ण आन्दोलनको एजेन्डामा प्रवेश गराउनु दलको कर्तव्य नै हुन आउँछ। त्यसमा पनि शान्तिपूर्ण आन्दोलनमा आम जनताको सहभागिताको अपेक्षा गरिएको हुन्छ। माओवादी भनेर अलग गर्न मिल्दैन। सात दल- माओवादी समझदारीले गर्दा नै मुलुकमा शान्ति र प्रजातन्त्र चाँडै आउने सम्भावना देखिएको छ।**



■ दुर्गा सुबेदी

# मोही माग्ने ढुङ्ग्रो लुकाउने!

**माओवादी र सात** दलबीच १२ बुँदे राजनीतिक समझदारी हुनु अघिका आन्दोलनहरूमा आमजनताको चासो देखिएको थिएन। सम्बन्धित दलका कार्यकर्ता र विद्यार्थी संगठनको आंशिक सहभागितामा संसद्वादी दलहरूले आन्दोलन चलाइरहेका थिए। जनयुद्धमा संलग्न माओवादीले सात दलको शान्तिपूर्ण आन्दोलनलाई नैतिक समर्थन मात्र होइन, सक्रिय समर्थन गर्ने समझदारी भएपछि जनप्रदर्शनमा नयाँ तरंग पैदा भयो र त्यो विस्तारै जनआन्दोलनमा रूपान्तरित हुँदै छ। यस्तो राजनीतिक परिदृश्यलाई सचेत नागरिकहरूले बुझेका छन्, तर आन्दोलन संचालन गरिरहेका दलहरूले भने राजनीतिक तथ्य सार्वजनिक रूपले स्वीकार गर्न किन सकिरहेका छैनन् ?

तथ्य स्वीकार गर्न नसक्नुको पछाडि कायरता, हीनताबोध वा कपट लुकेको हुन सक्छ। मोही माग्ने ढुंग्रो लुकाउने लुच्याइँ देखाएर आन्दोलनलाई तार्किक परिणाममा पुर्‍याउन सकिनेछैन। वर्तमान द्वन्द्वको शान्तिपूर्ण समाधान गर्ने हेतुले माओवादीसँग समझदारी गरेपछि उनीहरूलाई शान्तिपूर्ण आन्दोलनको एजेन्डामा प्रवेश गराउनु दलको कर्तव्य नै हुन आउँछ। त्यसमा पनि शान्तिपूर्ण आन्दोलनमा आम जनताको सहभागिताको अपेक्षा गरिएको हुन्छ। माओवादी भनेर अलग गर्न मिल्दैन। माओवादी-सात दल समझदारीले गर्दा नै मुलुकमा शान्ति र प्रजातन्त्र चाँडै आउने सम्भावना देखिएको छ। षड्यन्त्र र अहंकारको चक्रव्युह रचेर गणेशमान, कृष्णप्रसाद र मदन भण्डारीलाई जस्तै तरिकाले माओवादी नेतृत्वलाई किनारा र ठेगाना लगाउने प्रयास गरियो भने त्यसको परिणाम षड्यन्त्रकारीको टाउकोमा बज्रिन सक्छ।

माओवादीले हिंसात्मक आन्दोलनमात्र चर्काइरहँदा निरंकुशतालाई तत्काल लाभ हुने देखेर नै सात दलको शान्तिपूर्ण आन्दोलनलाई साथ दिने निर्णय गरेका हुन्। जनयुद्ध र जनसंघर्ष दुवै संचालन गर्दै आएको माओवादी नेतृत्वले अब जनयुद्धभन्दा जनसंघर्षलाई प्राथमिकता दिएकै फलस्वरुप गाउँ गाउँमा जनसभा र जनप्रदर्शन भइरहेका छन्। यस्तो शान्तिपूर्ण राजनीतिक माहोललाई प्रोत्साहित गर्दै जाने हो भने माओवादी हिंसाले विकल्प रोज्ने अवसर पाउनेछ। जनयुद्ध आफ्नो सीमामा पुगेको कुरा त्यस पार्टीले स्वीकार पनि गरिसकेको छ। अब नेपाली जनताको रगत खेर जान नदिने हो भने उनीहरूले अहिंसाको बाटोमा गएर पनि पराक्रम देखाउन सक्नु पर्छ, जसरी हिंसामा देखाएका छन्। हिंसाबाट पनि राजनीतिक सत्ता परिवर्तन वा प्राप्ति हुन नसक्ने भन्ने होइन, तर यस्तो माध्यमबाट भएको परिवर्तनले स्थायित्व पाउन नसकेको इतिहास हाम्रै देशमा छ। २००७ सालमा नेपाली कांग्रेसको हिंसात्मक प्रहारबाट सत्ता परिवर्तन भयो तर त्यसले स्थायित्व पाउन सकेन र पुनः हिंसाबाटै प्रतिगमन भयो। त्यसपछि पनि सुवर्ण शमशेर र विपी कोइरालाको नेतृत्वमा कांग्रेसले हिंसात्मक आन्दोलन चलायो साथै झापाबाट पनि हिंसात्मक क्रान्तिको बिगुल कम्युनिस्ट केटाहरूले बजाएकै हुन्। त्यस्ता आन्दोलनहरू पछि गएर ०४६ सालको अहिंस्रक आन्दोलनमा समावेश भएकै कारण राजाको प्रत्यक्ष शासन हारेको हो। राजा प्रत्यक्ष शासनमा फेरि आएपछि क्रान्ति नै ल्याउने जनताले चासो देखाएका छन्। क्रान्ति विधि विधान मानेर आउँदैन। नयाँ विधि विधान बनाउन पुरानोलाई ध्वंस पार्नै पर्छ। राजाको निषेधित क्षेत्र र कर्फ्यु जनताले तोड्दै छन्, तर वैधानिक शक्ति मानिएका दलका शीर्ष नेताहरूले प्रत्यक्ष आएर राजाको त्यस आदेशलाई अवज्ञा गर्ने दृढता देखाएका छैनन्। नागरिकहरूले अवज्ञा गरेपछि त्यसको पछि पछि दलका झन्डा लिएर आन्दोलनको नेतृत्व गरेको स्वाङ रचिरहेका छन् दलका नेताहरूले।

राजाले जनताको नैसर्गिक अधिकार लुट्न आफूमा नीहित हिंस्रक शक्तिको प्रयोग गरे भने जनताले आफ्नो लुटेको सम्पत्ति फर्काउन अहिंस्रक शक्तिको प्रहार गर्नु स्वभाविक हो। अधिकार मागेर होइन खोसेर मात्र पाइन्छ। राजाले जनताको अधिकार बन्दुकबाट खोसे त्यसलाई माओवादीहरू बन्दुकबाटै खोस्ने प्रयास गरिरहेका छन्। बन्दुकको राजनीति जटिलमात्र होइन षड्यन्त्र र जोखिमपूर्ण हुन्छ। माओवादीले हिंसालाई नै राजाको अधिकार खोस्ने क्रान्तिको निर्विकल्प माध्यम मानेर बस्ने हो भने त्यसले सर्वनाश सिवाय केही प्राप्त हुनेछैन। नारायणहिटीमा बन्दुकले घेरिएर बसेका राजा स्वचालित बन्दुक आफैं पड्किएर सपरिवार मरे भन्ने विज्ञप्तिलाई तत्कालीन प्रधानमन्त्री र विपक्षी दलका नेताले स्वीकार गरेर आफ्नो राजनीतिक नैतिकता र हैसियत प्रदर्शित गरिसकेका छन्। अब उनीहरूकै भरमा अहिंसात्मक आन्दोलनले क्रान्तिको स्वरूप लिन सम्भव छैन। त्यसैले माओवादीले समयमै अहिंसाको झन्डा उठाएर अगाडि बढ्नेतर्फ कदम चालेमा सात दलको कपट र कायरताको राजनीतिमा पनि सुधार आउन सक्छ। माओवादी जनयुद्धका नेता प्रचण्ड र बाबुरामहरूले हालै आफ्नो राजनीतिक विचार जनसमक्ष प्रवाहित गर्ने क्रममा राजनीतिक उदाहरणको रूपमा गान्धीजीलाई सम्झिएका थिए। गान्धीजी एउटा महात्मा मात्र होइनन् अहिंसा र सदाचारको राजनीतिक नेता पनि हुन्। उनको अहिंसाको मतलब सनक र कमजोरी होइन। सत्यको आग्रह गर्नेले भाग्नु हुँदैन, लड्न र मर्न तयार हुनु पर्छ भन्ने अडान थियो उनको। प्रचण्ड र बाबुरामजीहरू पनि संघर्षबाट भाग्ने कुरा मनसा वाचसा सोच्दैनन् होला। 'यदि आप शस्त्रसे स्वराज ले सकते है तो आप उसे ले लिजिये, मै दूर खडा रहुंगा। लेकिन गुलाम मत रहिये और शस्त्रो से न लड सके तो मेरी निःशस्त्र लडाइँ में सामेल हो जाइये', गान्धीको यो अडान सम्झेर हिंसाको विकल्प अहिंसा मानेर जनसंघर्षको नेतृत्व गर्ने पराक्रम प्रचण्ड-बाबुरामहरूले पनि देखाउने मौका आएको छ। सहर होस् वा गाउँ सबै ठाउँमा हिंसा बन्द गरेर जनआन्दोलनको आँधिबेरी ल्याउने अवसरको रूपमा दलसँगको समझदारीलाई उपयोग गरेमा मात्र मुलुकको कल्याण हुनेछ। अहिलेको राजनीतिक तरलतालाई आ-आफ्नो राजनीतिक स्वार्थअनकूल एकले अर्कालाई प्रयोग गर्ने, कपट र षड्यन्त्र बुन्ने काम हुँदै जाने हो भने नेपाल र नेपालीको भविष्य छैन। ■

आन्दोलनकारीलाई निर्ममतापूर्वक प्रहार गर्दै प्रहरीहरू ▶



सुदर्शन रञ्जित

**खाली पेट, अपहेलित र असुरक्षित प्रहरी जवानहरू हरेक आन्दोलनका विचरा हुन् र यही पीडा उनीहरू आन्दोलनकारीलाई दमन गरेर मेटाउने मनोवैज्ञानिकहरू बताउँछन् ।**

# विचराहरू !

**दसवर्षे सशस्त्र** द्वन्द्वमा रुमालिएका प्रहरी राजा ज्ञानेन्द्रले १४ महिनाअगाडि सत्ता आफ्नो हातमा लिएपछि झनै मानसिकरूपमा कमजोर हुँदै गएका छन् । न्यून तलबमा काम गर्नु पर्ने बाध्यता, असुरक्षित भविष्य र तालिमको कमजोरीसँगै शाही सेना र सशस्त्र बलको समेत हेपुवा प्रवृत्तिले थप हिंस्रक हुँदै गएको मनोवैज्ञानिकहरूको विश्लेषण छ ।

सात दलले गरेको आमहडताल दबाउन सरकारले विभिन्न ठाउँमा लगाएको कर्फ्युको अवज्ञा गर्नेहरूमाथि प्रहरीहरू निर्मम दमनमा उत्रिएका छन् । त्यतिमात्र होइन सुरक्षाकर्मीको निर्मम कुटाइमा सर्वसाधारण बटुवा मात्र होइन बालकदेखि वृद्धसम्म पनि परेका छन् । सुरक्षाकर्मीले मानवीय संयमता वास्ता नै नगरी गरेको निर्मम कुटपिटले जनता थप आक्रोशित भएका छन् ।

प्रहरीमा देखिएको अमानवीय कार्यशैलीको पछाडि उनीहरूको खानपिनमा देखिएको बेवास्ता पनि एउटा कारण भएको ठहर मनोवैज्ञानिकहरूले गरेका छन् ।

जनतासँग प्रत्यक्ष सम्पर्कमा रहने प्रहरीहरूलाई अन्य सुरक्षाकर्मी सैनिक र सशस्त्र प्रहरीले समेत तल्लो दर्जाको रूपमा हेर्ने गर्छन् । त्यति मात्र नभई उनीहरूलाई दिइने खानामा समेत विभेद गरिएको छ ।

पछिल्लो आम हडतालमा बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म नियमित कर्फ्यु लगाएका कारण प्रहरीको खानाको समेत टुंगो नभएको हो । बिहान ५ बजेदेखि सडकमा ओर्लिने प्रहरीलाई बेलुका स्थिति साम्य भएपछि मात्र कार्यालय फिर्ता गरिन्छ । दिनभरि सडकमा खटिएका प्रहरीलाई बिहानको खानाको कुनै व्यवस्था गरिएको छैन । 'अहिले मुलुकभरि आन्दोलनले सडक तातेपछि बिहानको खाना खान पाइएको छैन', एक प्रहरी जवानले *समय*लाई बताए । करिब दिनको २-३ बजे खाजाको रूपमा दिइने चाउचाउ, बिस्कुट र फ्रुटीको भरमा उनीहरूले १२ घन्टाभन्दा लामो 'डिउटी' गर्नु पर्छ । एउटा बर्दीधारी समूहलाई आवश्यक सामान्य खानाको समेत व्यवस्था नहुँदा उनीहरूमा क्रूरता बढ्नु स्वभाविक भएको मनोविश्लेषकहरू बताउँछन् । उता सडकमा खटाइएका सैनिकका लागि भने आवश्यकतानुसार तौलबमोजिम खानाको व्यवस्था गरिएको हुन्छ । एक प्रहरी भन्छन्, 'सडकमा सबैभन्दा बढी खट्ने हामी तर हामीलाई नै अत्यावश्यक खानाको समेत व्यवस्था छैन ।'

मनोविश्लेषक डा. मुरारी रेग्मी भन्छन्, 'नेपालमा सुरक्षाकर्मी छनोट गर्ने प्रक्रिया नै गलत छ । छनोट गरिएको मानिस साधारण हो वा हैन भन्ने खालका मनोवैज्ञानिक परीक्षण नेपालमा गरिँदैन । हतियार बोक्ने सुरक्षाकर्मीलाई यसो गर्नु अत्यावश्यक हुन्छ ।' त्यसले गर्दा पनि मनोवैज्ञानिक अवस्था सामान्य नभएका मानिसहरू प्रहरी प्रशासनभित्र प्रवेश गर्न ढोका खुला भएको कारण पक्कै पनि उनीहरूले विभिन्न किसिमका अमानवीय क्रियाकलाप देखाउने गर्छन् ।' यस्ता विविध समस्यातर्फ सरकारको कुनै ध्यान नपुगेका कारण उनीहरूले अमानवीय चरित्र देखाएका छन् । लट्ठीको भरमा ठूलो भीड नियन्त्रण गर्नु पक्कै पनि जटिल कार्य हो ।

डा. रेग्मी भन्छन्, 'अहिलेको आन्दोलनसँग जोडेर हेर्ने हो भने प्रहरीहरूले व्यापकमात्रामा क्रूरता प्रदर्शन गरेको देखिन्छ । त्यसका पछाडि उनीहरूलाई मानसिकरूपमा कसरी तयार गरिएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ, तर त्यसमा कसैको पनि ध्यान पुगेको छैन । नियमित कडा डिउटी गर्नु पर्ने, खानाको व्यवस्था नगरेर ड्राइ फुड प्रयोग गर्ने जस्ता कार्यले उनीहरूमा मनोवैज्ञानिकरूपमा असर गरेको हुन्छ र सामान्य अवस्थामा भन्दा थप कठोर र हिंस्रक हुन्छन् ।'

मुलुकमा जारी जनआन्दोलन सफलतातर्फ गइरहेको सन्दर्भमा यो आन्दोलन दबाउनु पर्छ भन्नेमा प्रहरीहरू मानसिकरूपमा तयार भएको देखिँदैन । एक प्रहरी अधिकारी भन्छन्, 'लोकतन्त्र हाम्रो पनि आवश्यकता हो, तर अहिंसात्मक होस् भन्ने हाम्रो चाहना हो । अहिले हामी आफ्नो कर्तव्य पूरा गरिरहेका छौं ।'

प्रहरीहरूलाई दिइने तालिम अपूर्ण भएको ठहर मनोवैज्ञानिकहरूको छ । प्रहरीजस्तो जिम्मेवारीपूर्ण पेसामा अर्धशिक्षित मानिस लिएर मानवीय तालिमको कमी हुँदा त्यो झनै प्रत्युत्पादक हुने रेग्मी बताउँछन् । रेग्मीका अनुसार प्रहरीहरूको तलब र सुविधा ज्यादै न्यून हुनु र द्वन्द्वका कारण आफैं असुरक्षित हुँदै गएका कारण उनीहरूमा व्यापक मात्रामा नकारात्मक मनोवैज्ञानिक असर परेको हो । पाउँदै आएका बिदा कटौती हुँदै जानु, घरमा जाँदासमेत विद्रोही माओवादीको तारो हुनु जस्ता समस्याले गर्दा पनि प्रहरीहरूमा नैराश्य कायमै छ । त्यसो त दिनभर आन्दोलनमा खटिएका प्रहरीलाई राति माओवादीले आक्रमण गर्छन् भन्ने त्रास पनि उत्तिकै हुन्छ । यस्ता समस्याको जन्जिरमा रहेको प्रहरीले मानवीय भावनाको कसरी कदर गर्लान् ? उता कमसल हतियारबाट माओवादीसँग लड्नु पर्ने बाध्यताको मनोवैज्ञानिक असरले गर्दा पनि मानसिकरूपमै उनीहरू हिंस्रक हुँदै गएका छन् ।

■ **गोविन्द परियार/काठमाडौं**



# जनस्वास्थ्यमा खेलबाड

भास्कर ओझा

■ डिल्ली आचार्य/काठमाडौं

**संसद्वादी** सात दलको राष्ट्रव्यापी आम हडतालमा सरकारले आन्दोलनकारीहरूलाई तितरबितर पार्न अन्धाधुन्द रूपमा अश्रुग्याँसको प्रयोग गरिरहेको छ। प्रायजसो मान्छेहरू अश्रुग्याँसप्रति खासै सचेत रहेको देखिँदैन। उनीहरू यसले मानव स्वास्थ्यमा दीर्घकालीन रूपमा प्रतिकूल असर पार्ने विषयमा अनभिज्ञ छन् तर, यसको अधिक प्रयोग मानवका लागि ज्यादै हानिकारक भएको विज्ञहरू बताउँछन्। मानवको जिनमा समेत हानि पुऱ्याउने भएकाले भावी पुस्ताले समेत यसको कुप्रभाव भोग्नु पर्ने देखिन्छ।

सुरक्षाकर्मीहरू पनि यस्तो विषाक्त ग्याँसको प्रयोग गर्ने विषयमा त्यति संवेदनशील देखिँदैनन्। उनीहरूले यसलाई सामान्य रूपमा लिने गरेका छन्। सुरक्षाकर्मीहरूले एकैपटक एकै ठाउँमा दर्जनौं सेल अश्रुग्याँस समेत प्रहार गरेका छन्।

विश्व स्वास्थ्य संगठनले विद्यालय र अस्पताल क्षेत्रवरपर अश्रुग्याँस प्रयोग गर्न निषेध गरेको छ। तैपनि अस्पताल रहेका क्षेत्रमा यसको जथाभावी प्रयोग हुँदै आएको छ। चिकित्सकहरूका अनुसार कम हानि होओस् भनेर यसको प्रयोग गर्ने गरिएको भए पनि यसको अप्रत्यक्ष असर भने शारीरिक क्षतिभन्दा कम छैन। बरु बाहिरबाट हेर्दा देखिने चोटपटक उपचारपछि निको हुन्छ। तर, अश्रुग्याँसको कुप्रभाव भने भावी पुस्तासम्म पर्छ। पब्लिक हेल्थ कन्सर्न ट्रस्टका कार्यकारी निर्देशक तथा नेपाल मोडेल अस्पतालका चिकित्सक डा. भरतकुमार प्रधान भन्छन्, 'अश्रुग्याँसले मानव शरीरमा रहेका जिनमा असर पुऱ्याउँछ। त्यस्ता मान्छेका सन्तानमा यसले वंशाणुगत गुणमा असर पुऱ्याउने हुन्छ।' यो ग्याँसले प्रहार गर्ने व्यक्ति र सर्वसाधारणलाई पनि उत्तिकै असर पार्छ। बादल लागेको अवस्थामा भन्दा चर्को घाम लागेको बेला यो दसौं गुणा बढी प्रभावकारी हुने हुन्छ।

प्रथम विश्वयुद्धदेखि रासायनिक हतियारको प्रयोग गर्न थालिएको हो। सुरुसुरुमा विरोधी पक्षमाथि अलकत्राजस्ता चिज प्रयोग गरी लड्ने काम गरिन्थ्यो। कालान्तरमा त्यसको साटो कम घातक भनेर १५ वटा रसायनको प्रयोग गरिन थाल्यो। तीमध्ये पनि सिएन र सिएस सबैभन्दा कम हानिकारक मानिन्छन्। त्यसैले अहिले यी दुईवटा ग्याँस नै बढी प्रयोग गरिन्छ। नेपालमा सुरक्षाकर्मीद्वारा प्रयोग गरिने अश्रुग्याँस चाहिँ सिएस भएको बताइन्छ।

सिएस अश्रुग्याँस क्रिस्टल पाउडर (सिसा फुट्दा निस्कने मसिनो धुलो)बाट बनेको हुन्छ। यसमा पाइरोटेक्निक कम्पाउन्ड मिसाएपछि ग्रिनेडमा हालेर पड्काउँदा धुवाँको रूपमा आउँछ। मिथिलेन क्लोराइनले यो धुलोलाई बाफको रूपमा हावामा उड्न सहयोग गर्छ। यसमा खुर्सानीजन्य पिरो पदार्थ हालेर अझै कडा बनाइन्छ। यसमा प्रयोग गरिएको मिथिलेन क्लोराइनले शरीरमा क्यान्सर उत्पन्न गराउने तत्त्व पैदा गर्छ।

अर्थो क्लोरोबेन्जालिडिनम्यालेनाट्रिल र क्लोरोएसोटोफिनोन आदि रासायनिक यौगिकहरूबाट बनाइने भएकाले अश्रुग्याँस वायुमण्डलमा छिटै घुलनशील हुन्छ र मानव छालामा छिटै सोसिने खालको हुन्छ। मान्छेको शरीरमा परेपछि यसको असर एक महिनासम्म रहन्छ। हाम्रो शरीरमा परेपछि लुगा धुँदा पनि यसको प्रभाव सकिँदैन, कुनै न कुन रूपमा रहिरहेको हुन्छ। पचास मिटरदेखि पाँच सय मिटरको दूरीबाट प्रहार गरिने

अश्रुग्याँसको प्रभाव हावाको गति तथा दिशामा भर पर्छ। सामान्यतया यसको प्रभाव एक सय मिटरभित्र करिब ३० मिनेटसम्म रहन्छ।

अश्रुग्याँस हावामा फैलिनासाथ नाक र मुखमा पिरो हुने हुन्छ। विस्तारै छाला पोल्न थाल्छ। सास फेर्न ज्यादै कठिनाइ हुने हुन्छ। यो ग्याँसले घाँटी, निधार, कानको पछाडिको भाग र आँखामा भत्भती पोल्न थाल्छ। यसबाट मानिसमा तात्कालिक र दीर्घकालीन दुवै खालको असर पर्दछ।

यसबाट मान्छेलाई खोकी लाग्ने, छातीमा जलन हुने तथा नर्भस र डिसअर्डर हुन्छ। सास फेर्दा यो मानव शरीरभित्र पस्छ। यसले गर्दा स्वरतन्त्रीमा असर पर्ने भएकाले स्वर भद्दा र रुखो बन्ने खतरा हुन्छ भने छातीमा असर पर्नुका साथै श्वास फेर्न गाह्रो हुन्छ। यसमा कार्बनमोनोअक्साइडको मात्रा पनि हुन्छ जुन क्यान्सरको प्रमुख कारक मानिन्छ। यसबाट प्रभावित हुनेहरूमा क्यान्सर लाग्ने डर हुन्छ। टाउको दुख्ने, मुटुको धड्कन बढाउने, श्रवण र दृश्य शक्तिमा ह्रास ल्याउने, महिनावारी एवं फोक्सो र पाचनक्रियामा असर गर्ने तथा गर्भपतन गराउने सम्भावना हुन्छ। लामो समयसम्म यसको सम्पर्कमा रहयो भने नाकबाट पानी बगिरहने, र्‍याल चुहिने, खोकी लाग्ने, श्वास-प्रश्वास प्रक्रियामा कठिनाइ हुने, छटपटी, दोधार तथा अन्योल हुने हुन्छ। यस्ता मानिसमा कुनै निर्णय गर्ने तथा सोच्ने कुरामा असर देखिन थाल्छ। क्युबेकमा अश्रुग्याँसको प्रयोगले महिलाको प्रजनन क्षमता र महिनावारीमा प्रभाव पारेको निष्कर्ष निकालिएको छ। दाद भएको मान्छेलाई यसले तुरुन्तै छालामा असर देखाउन थालिहाल्छ। आँखामा कन्ट्याक्ट लेन्स लगाउनेहरूलाई यसको कुप्रभावले आँखामा अल्सरको समस्या देखिन थाल्छ। नाक-कान र घाँटीको समस्या भएका व्यक्तिहरूलाई यो अति खतरनाक हुन्छ। फोक्सोका रोगीहरूलाई त यसले तुरुन्तै प्रभावित पार्ने हुन्छ। कलेजोलाई दीर्घकालीन असर पार्छ। छारे रोगका विरामीलाई यसले तुरुन्त मूर्च्छा बनाउने काम गर्छ। यसको प्रभावले मानिसमा निमोनिया हुने हुन्छ।

यो ग्याँसको कण खानेकुरामा पर्‍यो भने त्यो तुरुन्तै विषाक्त बन्न पुग्छ। त्यस्तो खानेकुरा ग्रहण गर्ने मानिसलाई झाडापखाला लाग्छ।

सन् १९६९ मा संयुक्त राष्ट्रसंघको महासभामा यसलाई प्रतिबन्ध लगाउनु पर्छ भनेर बहस भएको थियो। विश्वका ८० वटा मुलुकले अश्रुग्याँसलाई रासायनिक हतियार भनेर परिभाषित गर्दै प्रतिबन्ध लगाउनु पर्ने मागसमेत गरेका थिए। युरोपेली संघको बैठकमा पनि यसबारे विभिन्न आवाज उठिरहेका छन्।

मानव स्वास्थ्यका निम्ति हानिकारक भएको प्रमाणित भएपछि क्यानडालगायतका मुलुकमा अश्रुग्याँसमाथि प्रतिबन्ध लगाइएको छ। संयुक्त अधिराज्य बेलायत र ब्रुनाईमा पनि यो प्रयोग गर्न निषेध छ। गोर्खा ब्रिटिस सेनामा कार्यरत केदार सुनुवार *समय*सँग भन्छन्, 'बेलायत र ब्रुनाईमा त यो प्रयोग गर्ने अनुमति छैन।' संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा यो ग्याँसलाई प्रतिबन्धित गरिएको छ। त्यहाँ यसको दुरुपयोग गर्नेलाई तीन वर्षको कारावास सजाय गरिन्छ अथवा तीन हजार अमेरिकी डलर जरिवाना गरिन्छ।

युस इन्भाइरोमेन्ट प्रिजरभेसन एजेन्सीका अनुसार यसको प्रभावमा आउने मानिसमा क्यान्सर, बच्चाहरूमा जन्मजात विकृति एवं नकारात्मक वंशाणुगत परिवर्तन गराउँछ। अश्रुग्याँसमा अति विषालु खालका घुलनशील मिथिलिन क्लोराइड भएकाले यसले मानसिक दुर्बलता गराउँछ।

## उपचार

यस्तो विषालु तथा दीर्घकालीन असर पार्ने ग्याँसको जथाभावी प्रयोगको विरोध गर्नु पर्छ। यो ग्याँस प्रहार गरिएको क्षेत्रवरपर जान हुँदैन। सुरक्षाकर्मीलाई यसबाट हुने असरबारे चेतना जगाउन अत्यावश्यक छ। काटेको प्याजले पनि यसको प्रभाव न्यून गर्ने भएकाले यस्तो अवस्थामा आफूसँग प्याजको टुक्रा लिएर हिँड्दा पनि यसको प्रभावबाट बच्न सजिलो हुन्छ। यसको असर देखिनासाथ पानीले मुख धुनु र कुल्ला गर्नु उक्त हुन्छ, तर खाली हातले आँखा मिच्न भने हुँदैन। हातले छाला छुने काम गरेमा अझै पोल्न थाल्छ। साबुनपानीले मुख धुनु ठीक हुन्छ। यद्यपि, साबुन तैलीय भने हुनु हुँदैन। गहिरो र सुस्तरी श्वास लिने गर्नु पर्छ। ■




# माओवादी र तराई जनतान्त्रिकबीच काटामार

**सशस्त्र विद्रोही माओवादी र उसबाटै** फुटेर गएको तराई जनतान्त्रिक मुक्ति मोर्चाबीच सिरहा र सप्तरीमा काटमारको स्थिति सृजना भएको छ। पछिल्लो पटक चैत २६ गते शनिवार राति सप्तरीको पिप्रापूर्व गाविस-८ मा जनतान्त्रिकका दुई कार्यकर्तासहित तीनजनाको माओवादीले हत्या गरेका छन्।

माओवादीद्वारा मापरनेमा ३० वर्षीय जाकिर मन्सुरी, ३५ वर्षीय साफिर मन्सुरी र ४० वर्षीय चन्द्रशेखर साह छन्। केही महिनायता फत्तेपुर, कञ्चनपुर र रुपनगर क्षेत्रमा चोरी डकैती, चन्दा संकलन र अपहरणमा संलग्न रहेको आरोपमा तीनैजनामाथि 'कारबाही' गरिएको माओवादीका सप्तरी जिल्ला २ नं. एरिया इन्चार्ज विमलले जनाएका छन्।

स्थानीय बासिन्दाले मन्सुरीद्वय तराई जनतान्त्रिकका कार्यकर्ता भए पनि साह निर्दोष भएको बताएका छन्। करिब ५० जनाको समूहमा आएका माओवादीले मन्सुरीद्वयलाई साहको घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरेका थिए भने सोही बखत घाइते भएका साहलाई उपचारका लागि कञ्चनपुर लाँदा बाटोमै मृत्यु भएको थियो।

मन्सुरीद्वयले चैत २४ गते नेपाल विद्युत् प्राधिकरणका मिटर रिडर महेश बस्नेतलाई कार्यालय फर्किरहेको अवस्थामा पिप्रापूर्व गाविसवाट अपहरण गरी एक मल्लाह थरका मानिसको घरमा थुनेर राखेका थिए। अपहरणकारी दुवै माओवादीको कारबाहीमा मारिएको सुनेपछि मल्लाहले चैत २७ गते आइतवार बस्नेतलाई थुना मुक्त गरेका छन्।

यसअघि चैत १४ गते सप्तरीको छिन्नमस्ता गाविस सखडा बजारमा तराई जनतान्त्रिकका कार्यकर्तालाई खोज्दै आएका सशस्त्र माओवादीले अन्धाधुन्द गोली चलाउँदा चारजना घाइते भएका थिए। तराई जनतान्त्रिक मुक्ति मोर्चाको प्रभावित क्षेत्र मानिने उक्त बजारका पसलेहरूलाई माओवादीले उनीहरूको जनसरकारमा दर्ता हुन दबाब दिएकाले त्यहाँ झडप भएको थियो।

माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्षसमेत रहिसकेका सप्तरीका जयकृष्ण गोइतले माओवादीले मधेसीहरूको भलाइको लागि केही नगर्ने निष्कर्ष निकाल्दै पार्टीबाट विद्रोह गरी २०६१ साल साउनमा छुट्टै 'तराई जनतान्त्रिक मुक्ति मोर्चा' गठन गरेका हुन्। माओवादीबाट अलग्गिएका गोइतले 'दुर्गानन्द झा प्लाटुन'का नाममा करिब पाँच सयजनाको समूहमा अलग्गै सशस्त्र फौज निर्माण गरी हिंसात्मक गतिविधि सञ्चालन गर्न थालेपछि माओवादीसँग उनीहरूको दूरी बढेको छ।

माओवादीले सुरुको अवस्थामा सिरहामा गरेको प्रत्येक हत्याकाण्डमा संलग्न रहेका विनयकुमार महतो (सुरज) पनि विद्रोह गर्दै तराई जनतान्त्रिक मोर्चाको 'तराई मुक्तिसेना'को प्रमुख रहेर सक्रियतापूर्वक सैन्य संगठन गर्न भिडेका थिए। माओवादीका कार्यकर्ताले सिरहाको अयोध्यानगर गाविस-५ मा गत साउन २ गते आफन्तको घर गएका बेला विनयको हत्या गरेपछि माओवादी र जनतान्त्रिकबीचको झगडा एक-अर्काको कार्यकर्ताको हत्या गर्ने स्थितिमा पुग्यो। यसअघि तराई जनतान्त्रिकका कार्यकर्ताहरूले सिरहा र सप्तरीमा पर्वतेमूलका मानिसलाई अपहरण गरी फिरौती लिएर छोड्ने गरेका थिए।

जनतान्त्रिकका कार्यकर्ताले २०६२ साल वैशाखमा माओवादीका सप्तरी जिल्ला कमिटीका सदस्य र साउन १२ गते कमलेश यादवको हत्या गरेका थिए। यसैबीच पटक पटक गरी सिरहामा माओवादीका दुई कार्यकर्ताको जनतान्त्रिकले र जनतान्त्रिकका तीन कार्यकर्ताको माओवादीले हत्या गरेका छन्।

■ **विजयप्रसाद मिश्र/लहान**

# पूर्व सांसद कोइलारा मारिए

**अमेरिकाको टेक्सास,** आर्लिरडटनको एक डिपार्टमेन्ट स्टोरमा गत चैत २८ गते पूर्व सांसद प्रकाश कोइरालाको निधन भएको छ। आपराधिक गिरोहले कोइरालालाई गोली हानेपछि स्टोरमा आगो लगाइएको हुन सक्ने शंका गरिएको छ। कोइरालाको मृत्युको स्पष्ट कारण भने अहिलेसम्म पनि खुल्न सकेको छैन।

कोइरालाले विगत केही वर्षदेखि एक पाकिस्तानीमूलका व्यापारीको उक्त स्टोरमा काम गर्दै आएका थिए। उनको मृत शरीर विभत्स अवस्थामा त्यहाँ फेला परेको थियो। उनको शरीर जलेर चिन्नै नसकिने अवस्थामा प्रहरीले फेला पारेको जनाइएको छ। अपराधीहरूले कोइरालालाई गोली हानेपछि त्यहाँ राखिएको क्यामेरामा कैद भएको घटनाको दृश्यको प्रमाण नष्ट गर्न उनीहरूले स्टोर नै आगो लगाइदिएको हुन सक्ने आशंका अधिकारीहरूले गरेका छन्। अनुसन्धानबाट ठोस निष्कर्षमा नपुगुन्जेल कोइराला हत्याकाण्ड रहस्यको पर्दामा सीमित रहने देखिन्छ।

कोइराला प्रजातन्त्र पुनःस्थापनापछिको सम्पन्न २०४८ सालको संसदीय निर्वाचनमा सिन्धुलीबाट नेपाली कांग्रेसको टिकटमा निर्वाचित भएका थिए। २०५१ सालको मध्यावधि निर्वाचनलगत्तै उनी अमेरिका गएका थिए। उनी विगत १० वर्षदेखि एक छोरा प्रतीकका साथ अमेरिकाको टेक्सासमा बस्दै आएका थिए। ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

माओवादीका उच्च लडाकुहरू सामेल बुटवल आक्रमणमा किन माओवादी अनपेक्षित रूपमा असफल भयो ? यसबारे माओवादीभित्र गम्भीर समीक्षा भइरहेको बुझिएको छ ।

# पत्याउनै गाह्रो



▲ माओवादी आक्रमणका साक्षी बुटवलवासीहरू



▲ आक्रमणमा परेका आफन्तको पीडामा शोकविह्वल स्थानीयवासी

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

**रातभरिको भीषण आक्रमण** र भिडन्तका कारण एक झप्को पनि नसुतेका बुटवलवासीलाई लागेको थियो, सबै सुरक्षानिकाय, सरकारी कार्यालयहरू ध्वस्त भए, घनाबजारका बस्ती खरानी भए ! बिहान पाँच बज्यो, रोकियो दोहोरो भिडन्त, क्षतिको त्यस्तो भयावह कल्पनाका साथ आक्रमणस्थल पुगेका हुलका हुल बुटवलवासीले घोर आश्चर्यका दृश्य देखे- प्रायः सबै सुरक्षा केन्द्र र सरकारी कार्यालयहरू सग्लै थिए ।

भिडन्त रोकिनासाथ हस्याङ-फस्याङ गर्दै घटनास्थल पुगेका सञ्चारकर्मीका लागि ती दृश्य झन् बढी अनौठा थिए । माओवादी जंगलतिर उकालो लाग्दै थिए, ध्वस्त भए भन्ठानिएका सुरक्षा केन्द्रहरू जस्ताका त्यस्तै थिए । अन्यत्र जस्तै सबभन्दा कम समयमा माओवादीले नियन्त्रणमा लिन सक्ने भनिएको इलाका प्रहरी कार्यालयमा एकाबिहानै पूर्ववत्‌रूपमै प्रहरी सेन्ट्री बसिरहेको थिए । बिहानका ती दृश्य कसैका लागि सपना जस्तै थिए, किनभने पूरापूर नौ घन्टा लामो भिडन्तमा ती केन्द्र-कार्यालयमा खास केही नभएको पत्याउन गाह्रो थियो ।

सात दलको आम हडताल सुरु भएको दोस्रो रात माओवादीले लुम्बिनी सदरमुकाम बुटवलमा आक्रमण प्रयास गरेका थिए, जुन उनीहरूकै लागि प्रत्युत्पादक रह्यो । त्यस रात माओवादीले बुटवलका सबै सुरक्षा केन्द्रहरूमा एकैसाथ हमला गरेका थिए । सँगै उनीहरूले कपिलवस्तु सदरमुकाम तौलिहवामा पनि भीषण आक्रमण गरेका थिए । त्यसअघि उनीहरूले रूपन्देहीको सालझन्डी, कपिलवस्तुको गोरुसिंगेलगायत सुरक्षा केन्द्रहरूमा आक्रमण गरेका थिए ।

माओवादी भीषण हमलाले माओवादीलाई नै क्षति पुऱ्याएको र सुरक्षाकर्मीको मनोबल उच्च पारेको शाही सेनाको भनाइ छ । निकै लामो गृहकार्य र रणनीतिपछि माओवादीले गरेको बुटवल आक्रमणमा सुरक्षाकर्मीभन्दा माओवादीतर्फ बढी क्षति पुग्यो । घटनामा सात माओवादीले ज्यान गुमाए । चारजना पक्राउ परे । केही हतियार पनि माओवादीले गुमाए । बुटवलका तुलनामा कपिलवस्तुमा सुरक्षा केन्द्रहरूमा बढी क्षति पुग्यो । कपिलवस्तुको तौलिहवामा सुरक्षा केन्द्रहरू ध्वस्त भए । माओवादीले १ सय चारजना कैदी भगाए पनि ।

ती दुवै ठाउँमा सुरक्षानिकायतर्फ ३-३ जना गरी ६ जनाको मृत्यु भएको सुरक्षास्रोतको दाबी छ । यद्यपि, घाइते सुरक्षाकर्मीको संख्या ज्यादा रहेको बताइएको छ ।

माओवादीका उच्च लडाकुहरू सामेल बुटवल आक्रमणमा किन माओवादी अनपेक्षित रूपमा असफल भयो ? यसबारे माओवादीभित्र गम्भीर समीक्षा भइरहेको छ । हुन त माओवादीले बुटवल आक्रमण 'ब्लकिङ'का लागि थियो भनेर तर्क दिएको छ । बुटवल जस्तो अञ्चल सदरमुकाममा आक्रमण गरेर आफू अघि बढेको पुष्टि भएको दाबीसमेत उसको छ, तर आक्रमणको प्रकृति ब्लकिङभन्दा शाही सेनाको आधारमा ठूलो क्षति पुऱ्याउने नै थियो । त्यसो त आक्रमण भइरहेकै बेला आक्रमणमा संलग्न माओवादी उच्च नेताहरूले

राति तीन बजेभित्र सैनिक आधार आफ्नो कब्जामा आउने दाबी सञ्चारमाध्यमहरूसँग गरेका थिए, तर रित्तै हात फर्किन बाध्य माओवादीले पछि कपिलवस्तुमा भीषण आक्रमण गर्न 'ब्लकिङ' गरेको गरेको छ। नौ-नौ घन्टासम्म अत्याधुनिक हतियारले आक्रमण गर्नु र दोहोरो भिडन्त भइरहनुले पनि माओवादी आक्रमणको रणनीति ब्लकिङ मात्रै थिएन भन्ने पुष्टि गर्छ।

त्यसअघि पनि माओवादीले बुटवल आक्रमण गर्ने अन्तिम तयारी गरेको चर्चा थियो। त्यति खेर प्राविधिक समस्याले नजिकबाट फर्किन बाध्य भएको जनाइएको थियो, तर आक्रमणबाट सफलता हात नलागेपछि माओवादीले कुनै पनि बेला बुटवलमा आक्रमण गर्न सक्ने जनाएको छ। यसले सुरक्षाकर्मीहरू उच्च सतर्कताका साथ बसिरहेका छन्। आक्रमणपछिका हरेक दिन सुरक्षा केन्द्र नजिकका बस्ती खाली भइरहेका छन्। त्यहाँ स्वयं सेनाले पनि भिडन्त हुन सक्ने जनाउँदै नजिकका बासिन्दालाई उठ्न भनिरहेको छ।

माओवादीले बुटवलका सात सुरक्षा केन्द्र र सरकारी निकायलाई निसाना बनाएर आक्रमण गरेपछि बढ्ता निसाना रामनगरस्थित शाही सेनाका २२ नम्बर बाहिनी र रणशाह गणलाई बनाएको थियो। यी सुरक्षा कार्यालय नजिकै रहेका पश्चिम प्रहरी तालिम केन्द्र र वडा प्रहरी कार्यालय भवन क्षतिग्रस्त बनेका छन्। त्यस्तै दुई किलोमिटर दूरीको फरकमा रहेका सैनिक तालिम केन्द्र, इप्रका र क्षेत्रीय ट्राफिकमा पनि कुनै क्षति पुगेन।

## किन भयो असफल ?

माओवादीकै स्वीकारोक्तिमा दुवै आक्रमणमा उसले १४ जना गुमाएको छ र चारजना पक्राउ परेका छन्। बुटवल जस्तो ठाउँका हात हालेर पनि माओवादी आक्रमण असफल हुनुमा खास कारण थिए, सुरक्षाकर्मीको उच्च सतर्कता र माओवादीको फितलो रणनीति।

आक्रमणको सुराकी पाएपछि शाही सेना पहिल्यै उच्च सतर्क बनेको थियो। र, सुरक्षा केन्द्रहरूमा पहिल्यै तैनाथ थियो। वडा प्रहरी कार्यालय रामनगरका प्रहरीहरू पहिले नै सैनिक ब्यारेकभित्र छिरेका थिए। इलाका प्रहरी कार्यालय, प्रहरी तालिम केन्द्रलगायतका कम सुरक्षा भएका सुरक्षा केन्द्रहरू र वरपरका प्रत्याक्रमण गर्न सजिलो ठाउँमा सैनिक तैनाथ भइसकेका थिए। सबै ठाउँमा लडाकु सैनिक अगाडि आइसकेका थिए। माओवादी आक्रमणको संकेत पाउनासाथ सैनिकहरूले वरपरका डाँडाहरूसम्म आक्रमण गरेका थिए। सुरक्षा क्याम्प नजिक आइसकेका माओवादीलाई पनि उनीहरूले अगाडि बढ्न दिएका थिएनन्। तैपनि बिहान उज्यालो भइन्जेल दुवैपक्ष दमदार तरिकाले लडेका थिए। सैनिक क्याम्पमा आक्रमण गर्न माओवादीका महिलाहरू खन्निएको स्थानीय बासिन्दाले बताए।

केही दिनयता सुरक्षा केन्द्र रहेका जंगलहरूमा माओवादीको बढ्ता चलखेल थियो। त्यसो त पाल्पा आक्रमण यता माओवादी सेनाहरूले गण्डक क्षेत्रमा अड्डा जमाइरहेका थियो।

बुटवल आक्रमण गर्न उनीहरूले चारैतर्फ ब्लकिङ गरेका थिए। बुटवलको नेपालगन्ज रोडमा उनीहरूले स्थानीय पसलबाट नुनका बोरा ल्याएर सेन्ट्री र ब्लकिङ पोस्ट खडा गरेका थिए। त्यस्तै उपचार केन्द्रहरू पनि खडा गरेका थिए। तर, सुरक्षानिकायका लागि निकै शक्तिशाली ठानिएको बुटवलमा आक्रमण गर्दा पनि उनीहरूले फितलो रणनीति अपनाएको जनाइएको छ।

बुटवल आक्रमणमा आएका धेरैजसो माओवादी छापामार नयाँ अनुहार थिए। धेरैलाई बुटवलको भौगोलिक बनावट नै थाहा थिएन। 'केही माओवादीले त इप्रका, वडा प्रहरी, सेनाको वाहिनी र तालिम केन्द्र कता पर्छ भनेर सोधेका थिए', प्रत्यक्षदर्शीको अनुभव छ। सैनिक तालिम केन्द्र र इलाका प्रहरी कार्यायमा आक्रमण गर्दा माओवादीले सर्वसाधारणका सामान्य घर प्रयोग गरेका थिए। आक्रमणको सुरुकै चरणमा माओवादीले सैनिक ब्यारेकअघि नै सेनाको बख्तरबन्द गाडी नियन्त्रणमा लिई टायर फुटाएका थिए। तर, पछि उनीहरू पछि हटेका थिए।

रातभर सशक्त लडे पनि परिणाम माओवादीको विपक्षमा देखियो जुन घटनाले सुरक्षानिकायको आत्मबल बढेको छ। गण्डक क्षेत्रको सुरक्षा शक्तिसम्पन्न सहरमा आक्रमण गरेर नयाँ सन्देश दिने माओवादी योजना खुम्चिएको छ।

आक्रमणमा परेर बुटवलका सर्वसाधारण अशोक थापा र कपिलवस्तुमा अर्का एक सर्वसाधरण मारिएका छन्। त्यस्तै केही सर्वसाधारण घाइते भएका छन्। आक्रमणबाट नेपाल पत्रकार महासंघको भवनमा पनि क्षति पुगेको छ। ■




# खै हक उपभोक्ताको ?

**आन्दोलनका नाममा जनताका मोबाइल बन्द गरेर फेरि एकपटक उपभोक्ताको हक खोसिएको छ, तर अर्कोतिर परीक्षणका नाममा मन्त्री र सुरक्षानिकायका हाकिमहरूलाई नेपाल टेलिकमको सिडिएमए बाँडिएको छ ।**



■ **मधुसूदन पौडेल/काठमाडौं**

**आन्दोलन दबाउन सरकारले** मोबाइल सेवा अवरुद्ध पारेको छ, तर मन्त्री, सरकारका माथिल्लो दर्जाका हाकिमहरू र सुरक्षानिकायका अधिकारीहरूको हातमा भने मोबाइल छुटेको छैन ।आमनागरिकका लागि बाँडिएको पाँच लाखभन्दा धेरै पोस्ट पेड र प्रिपेड मोबाइल सेवा काटेर उनीहरूले नेपाल टेलिकमले बाँड्ने तयारीमा रहेको सिडिएमए अन्तर्गतका हाते सेटहरूमार्फत मोबाइल सेवा उपभोग गरिरहेका छन् ।

टेलिकम कर्मचारीहरूका अनुसार 'परीक्षण'का लागि भन्दै टेलिकम व्यवस्थापनले काठमाडौं उपत्यकाभरि मोबाइलका रूपमा उपयोग गर्न सकिने उक्त सेवा सरकारका उच्चपदस्थ हाकिमहरूको सेवामा टक्र्याएको छ। यसरी बाँडिएका सिडिएमएका हाते सेटहरूको संख्या पाँच सयभन्दा बढी रहेको कर्मचारीहरूले बताएका छन् । परीक्षणका नाममा टेलिकम व्यवस्थापनले उनीहरूलाई निःशुल्क सेवा उपलब्ध गराएको हो । यो सेवा नागरिकका लागि भने आठ हजार रुपैयाँभन्दा बढीमा बाँड्ने योजनामा टेलिकम रहेको छ । यसले टेलिकमको व्यवसाय गर्ने नियतमाथि गम्भीर प्रश्न उठेको छ, माथिल्लो तहका सरकारी अधिकारीहरूका लागि निःशुल्क सेवा उपलब्ध गराउने र तल्लो तहका नागरिकबाट उनीहरूले प्रयोग गरेको टेलिफोनको बिल उठ्ने गरी महँगोमा बेच्ने ।

उपभोक्ताहरू सचेत नभएको अवस्थामा टेलिकमको यस्तो गैरव्यवसायिक आचरण नैतिकताभन्दा धेरै बाहिर पुगिसकेको देखिएको छ। यसै पनि टेलिकमले अहिले पनि अत्यधिक महँगो सेवा उपलब्ध गराइरहेको छ, झण्डै एकाधिकारपूर्ण नेपाली बजारमा। पछिल्ला दिनमा टेलिकमले सबै प्रकारका सेवाबाट दैनिक करिब तीन करोड रुपैयाँबराबरको व्यापार गर्दै आएको छ । कर्मचारीहरूका अनुसार जसको ५० प्रतिशत रकम उसले आर्जन गर्ने मुनाफा हो। ल्यान्ड लाइन र मोबाइल सेवामा टेलिकमले विभिन्न करका नाममा उपभोक्ताहरूबाट उठाउने रकम उसका लागि मुनाफाका स्रोत बन्दै आइरहेका छन् । यसतर्फ सरकारले आँखा चिम्लिनुको कारण उसले आवश्यक पर्दा रकम उठाउने स्रोत हो टेलिकम । स्वच्छ व्यवसायका लागि आवश्यक 'प्रतिस्पर्धा कानुन' ल्याउने प्रतिबद्धता जनाएर पनि सरकारले यसतर्फ बेवास्ता देखाउनुको फाइदा राम्रैसँग लुटेको छ, टेलिकमले आफ्ना ग्राहकसँग अधिक मुनाफा असुल गरेर ।

तर टेलिकमको पछिल्लो व्यवहार भने साँच्चिकै अन्यायपूर्ण छ, आफ्ना ग्राहकप्रति । किनभने एकातिर आमनागरिकले रकम भुक्तान गरेर लिएको मोबाइललाई निरन्तरता दिन नसक्ने र अर्कोतर्फ औपचारिक रूपमा वितरण नै नगरिएको सिडिएमए सेवा सरकारका माथिल्लो दर्जाका अधिकारीहरूलाई उपलब्ध गराएर उनीहरूलाई सेवा पुऱ्याउने । त्योभन्दा महत्त्वपूर्ण कुरा परीक्षणका नाममा सरकारी अधिकारीहरूलाई निःशुल्क फोन उपलब्ध गराउने र उनीहरूको खर्चसमेत आम उपभोक्ताबाट असुल गर्ने कार्यप्रति उपभोक्ता सचेत हुनु पर्ने देखिएको छ । यसअघि स्थानीय निकायको निर्वाचनका बेला पनि मोबाइल अवरुद्ध पार्दा सिडिएमए फोन यही रूपमा सरकारी र सुरक्षानिकायलाई उपलब्ध गराइएको थाहा भएको छ ।

मोबाइल फोन आन्दोलन दबाउन सरकारले प्रयोग गर्ने अर्को हतियार बनेको छ। आन्दोलन घोषणा भएपछि मोबाइल सेवा अवरुद्ध पारेर आन्दोलन दबाउने कामको सुरुवात गरिन्छ। यसबाट मोटो रकम भुक्तानी गरेर मोबाइल सुविधा लिएका उपभोक्ताको अधिकारमाथि ठाडो हनन त भएको छ नै, कम्पनीमा परिणत गरिएको नेपाल टेलिकमको आम्दानीमा पनि गम्भीर धक्का पुग्दै आएको छ। टेलिकमका महाप्रबन्धक सुगतरत्न कंसाकारले 'माथिको आदेश'मा मोबाइल अवरुद्ध भएको बताउँदै आएका छन्, तर कम्पनीमा परिणत भएको टेलिकमले नियतसंगत कार्य गरिरहँदा कुनै अदृश्य 'माथिको आदेश' पालना गर्न बाध्य हुनु पर्दैन भनेर व्यवस्थापनले अडान लिन सकेको छैन ।

टेलिकमलाई प्रत्यक्ष आर्थिक नोक्सान पुग्ने कार्यको कर्मचारीहरूले सरकारको आँखामा तारो बन्दै विरोधमा उत्रिँदै आएका छन् । र, यसपटक पनि उनीहरूले लोकतन्त्र स्थापनामा सात दलहरूले चलाएको आन्दोलनप्रति ऐक्यबद्धतासँगै अवरुद्ध मोबाइल सुचारु गर्नु पर्ने मागलाई पनि उत्तिकै महत्त्व दिएका छन् । नेपाल टेलिकम कर्मचारी संघका अध्यक्ष टंकलाल श्रेष्ठ भन्छन्, 'मोबाइल सेवा खुलाउन व्यवस्थापनलाई हामीले सचेत बनाएका छौं । अन्यथा संघर्षमा उत्रिनुको विकल्प छैन ।' कर्मचारीहरूले मोबाइल खुलाउनु पर्ने मागका साथ आन्दोलन अगाडि बढाएका छन् । ■



भुटानविरुद्ध अग्रता लिएपछि खुसीयाली मनाउदै नेपाली खेलाडी र प्रशिक्षक

तस्वीरहरू : मकरएज नेपाल

# तुहियो वर्षौंको सपना

■ नवीन अर्याल/काठमाडौं

**अन्तर्राष्ट्रिय फुटबलमा** सफलताको गाथा कोर्दै हर्षोल्लासका साथ घर फर्किने नेपाली फुटबलको एक दशकभन्दा लामो प्रतीक्षा यसपालि पनि प्रतीक्षामै सीमित भएको छ। कलात्मक प्रदर्शनका कारण विगत दुई सातादेखि बंगलादेशको चटगाउँ सहरमा प्रशंसित भइरहेका नेपाली फुटबल खेलाडीहरू सन् १९९३ पछि अन्तर्राष्ट्रिय फुटबल उपाधि घर भित्र्याउने योजनामा फेरि विफल बनेका छन्।

नेपाल एएफसी च्यालेन्जकपको सेमिफाइनल पुगेर बाहिरिएको छ। एसियाली फुटबल महासंघले वर्गीकृत गरेको 'सी' श्रेणीका १६ राष्ट्र सहभागी यो प्रतियोगितामा चिरपरिचित प्रतिद्वन्द्वी भारतलाई १३ वर्षपछि पराजित गरेर नेपालले उपाधि जित्ने बलियो सम्भावना देखाएको थियो। यद्यपि, सेमिफाइनलमा श्रीलंकासँग टाई-ब्रेकरमा ५-३ गोलअन्तरको पराजय भोग्दै उपाधिको होडबाट बाहिरियो। यसअघिका खेलमा गोलको वर्षा गर्दै प्रतियोगिताकै हिरो कहलिएका आक्रामक मिडफिल्डर प्रदीप महर्जन सेमिफाइनलमा पेनाल्टी गर्ने अवसरबाट दुईपल्ट चुक्नु नै नेपालका लागि दुर्भाग्य सावित भयो। समूहगत खेलमा श्रीलंकालाई १-१ गोलको बराबरीमा रोकेर दोस्रो चरण प्रवेश गर्ने आधार बनाएको नेपाल सेमिफाइनलमा यही टोलीसँग भिडेको थियो।

'मौकाको सदुपयोग गर्न नसक्नु नै पराजयको कारण भयो', निर्धारित समयमा पाएको पेनाल्टीको अवसर प्रदीपले गोल पोस्टमाथि हानेर खेर फ्याँकेको घटनातर्फ लक्षित गर्दै प्रशिक्षक श्याम थापाले स्थानीय पत्रकारलाई भनेका छन्। फाइनल प्रवेशको निर्णायक खेलमा श्रीलंकाका गोलरक्षक सुगथ तिलकरत्नेले स्ट्राइकर वसन्त थापालाई डिबक्सभित्र लडाएपछि नेपालले ६३ मिनेटमा पेनाल्टीको अवसर पाएको थियो। त्यस बेला खेल गोलरहित बराबरीमा चलिरहेको थियो। यसको दुई मिनेटपछि नै श्रीलंकाले कासन नादकिया जयासूर्याको गोलमद्दतले अग्रता लियो। हरि खड्काको अनुपस्थितिमा यो प्रतियोगिताको धेरै खेलमा कप्तानी गरिरहेका वसन्त थापाले ८४ मिनेटमा गोल नफर्काएको भए, सम्भवतः नेपाल निर्धारित समयमै पराजयतर्फ बढिसकेको थियो। उनकै गोलले टाई-ब्रेकरसम्म लम्बिएको थियो सेमिफाइनल खेल। टाई-ब्रेकरमा श्रीलंकाका ५ जना खेलाडीले पेनाल्टीलाई गोलमा परिणत गरिसकेको स्थितिमा नेपालका लागि टासी छिरिङ, नवीन न्यौपाने र अञ्जन केसी मात्र गोललाई सही दिशा दिन सफल भए। यसअघिका ४ खेलमा ५ गोल गरेर प्रशंसा पाएका प्रदीप चौथो तथा निर्णायक पेनाल्टीमा पुनः एकपल्ट चुके, जुन नेपालका लागि अन्तिम दुर्भाग्य बन्यो।

'नेपालको प्रदर्शन राम्रो थियो। तर जित्ने अवस्थामा हुँदाहुँदै पनि खेल गुमायौं', नेपालका पूर्व कप्तान उपेन्द्रमान सिंहले *समय*लाई बताए। डेढ दशक नेपाली राष्ट्रिय टोलीको सदस्य रहेर यही प्रतियोगितादेखि राष्ट्रिय टोलीबाट टाढिएका उपेन्द्र भारतसँगको क्वाटरफाइनलमा नेपालको फराकिलो जितपछि यो प्रतियोगितामा नेपाल फाइनलसम्म पुग्नेमा ढुक्क थिए। 'यो प्रतियोगितामा नेपाली खेलाडीको फिटनेस पनि राम्रो देखें मैले, तर अझै पनि हाम्रो खेलमा एकरूपता आउन सकेको छैन', प्रतियोगितालाई नजिकबाट नियालेका उपेन्द्र भन्छन्।

नेपालले यो प्रतियोगितामा आफ्नो चिरप्रतिद्वन्द्वी भारतलाई क्वाटरफाइनलमा ३-० गोल अन्तरले पराजित गर्दै एक दशक लामो रिस फेरेको थियो। आफ्नै देशमा अक्टोबर २९ तारिखदेखि हुने एएफसी युथ च्याम्पियनसिपको तयारीमा जुटेको भारतले उज्वेक प्रशिक्षक इस्ताम अखमेदोभको निगरानीमा २० वर्षमुनिका खेलाडी पठाएको थियो। भारतको फुटबलनगरी मानिने बंगालदेखि बाहिरका खेलाडीसम्मिलित यो टोली पहिलो हाफमै तीन गोलले पछि परेको थियो। १३ वर्षअघि बंगलादेशमै भएको साफ प्रतियोगिताको फाइनलमा टाई-ब्रेकरमा भारतलाई ४-३ गोलअन्तरले पराजित गरेपछि नेपालले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भारतलाई हराउन सकेको थिएन। यसबीचमा नेपाल तीनवटा अन्तर्राष्ट्रिय प्रतियोगितामा भारतविरुद्ध नराम्ररी पराजित भएको थियो। सन् १९९५ मा भारतमा भएको साफ प्रतियोगितामा सेमिफाइनलमा ३-० ले पराजित भएको नेपाल सन् १९९९ मा नेपालमै भएको आठौं साफको लिगचरणको खेलमा ४-० ले हारेको थियो। सन् १९९८ मा थाइल्यान्डमा भएको एसियाली खेलकुद छनोट खेलमा भने १-० ले मात्र पराजित भएको थियो नेपाल। यसअघि भएका आठवटा भिडन्तमा सातवटामा पराजय भोगिसकेको नेपालले दोस्रोपल्ट भारतलाई जितेको हो, अन्तर्राष्ट्रिय प्रतियोगितामा।

## भुटानको कोसेली

भुटानी शरणार्थीको मुद्दाले राजनीतिकरूपमा पछिल्लो समय नेपाल र भुटानबीचको सम्बन्ध त्यति सुमधुर नभए पनि फुटबल मैदानमा यी दुई देशबीच अन्योन्याश्रित सम्बन्ध छ। यही सम्बन्ध उजागर गर्ने क्रममा यसपालिको एएफसी च्यालेन्जकपमा भुटानले कहिल्यै नबिर्सिने उपहार दिएको छ नेपाललाई, लिग चरणको खेलमा ब्रुनाईलाई गोलरहित बराबरीमा रोक्दै। अपत्यारिलो नतिजा निकाल्दै नेपाललाई २-१ गोलले हराएर अगाडि बढेको ब्रुनाईलाई लिग चरणमा गोलरहित बराबरीमा रोक्दै नेपालको दोस्रो चरणमा प्रवेश गर्ने वातावरण तयार पारेको थियो भुटानले। भुटान र ब्रुनाईबीचको नतिजाले नेपाली फुटबल टोली सात वर्षयता पहिलोपल्ट अन्तर्राष्ट्रिय प्रतियोगिताको दोस्रो चरणमा उक्लिएको थियो। धन्यवाद दिनै पर्छ, आगामी वर्ष भुटान र नेपाली फुटबलको मित्रता ३० वर्षमा प्रवेश गर्न लागेको उपलक्ष्यमा भुटानले दिएको अमूल्य कोसेलीलाई। सन् १९८२ मा काठमाडौंमा भएको एन्फा मैत्रीपूर्ण आमन्त्रण फुटबल प्रतियोगितामा सहभागी भएपछि भुटान र नेपालबीच साइनो गाँसिएको थियो फुटबल मैदानमा।

भारतको चारवटा क्लबसँग मैत्रीपूर्ण खेल खेल्दै यो प्रतियोगितामा भाग लिन पुगेको नेपालले समूह चरणको खेल भुटान, ब्रुनाई र श्रीलंकासँग खेलेको थियो। यसअघि ६ वटै अन्तर्राष्ट्रिय खेलमा भुटानलाई हराएको नेपालले सहजै २-० गोलले जितेको थियो। प्रतियोगिताकै कमजोर मानिएको ब्रुनाईविरुद्धको दोस्रो खेलमा भने कमजोर रक्षापंक्ति र गोलरक्षकको गल्तीका कारण नेपाल पराजित हुन पुगेको थियो। श्रीलंकाविरुद्ध लिगको अन्तिम खेलमा नेपाल १-१ गोलको बराबरीमा रोकिएपछि नेपालको क्वाटरफाइनल प्रवेशको सम्भावना मुस्किल बन्न पुगेको थियो।

## खेलका नायक

समानस्तरका देशहरू सहभागी रहेको एएफसी च्यालेन्जकप थुप्रै नेपाली खेलाडीका लागि सुखद रह्यो, विशेष गरी युवा खेलाडीका लागि। चोटग्रस्त कप्तान हरि खड्का प्रायः बेन्चमै बस्न बाध्य भएपछि टोलीको नेतृत्व गर्ने जिम्मेवारी जापानबाट यो प्रतियोगिता खेल्न आएका सदावहार स्ट्राइकर वसन्त थापाले पाए। उनले सदाझैं यसपालि पनि महत्त्वपूर्ण दुईवटा गोल ठोके सशक्त विपक्षीविरुद्ध। उनले भारतविरुद्ध क्वाटरफाइनलमा एक र श्रीलंकाविरुद्ध सेमिफाइनलमा एक गोल गर्दै अन्तर्राष्ट्रिय फुटबलमा आफ्नो गोल संख्या नौ पुऱ्याए। यो प्रतियोगितामा विजय गुरुङ, अञ्जन केसी, राजु तामाङ, प्रदीप महर्जनजस्ता युवा खेलाडी चम्किए। चार महिनाअघि पाकिस्तानमा सम्पन्न साफ च्याम्पियनसिपमा खराब प्रदर्शन गरेर आलोचित बनेका टासी छिरिङ यसपल्ट राम्रो प्रदर्शनका कारण सबैको आँखामा गडे। उनले ब्रुनाईविरुद्ध गोल गर्दै अन्तर्राष्ट्रिय फुटबलमा गोलको खाता खोले। ■



रंगशालामा उपस्थित नेपाली दर्शक राष्ट्रिय झण्डा फहराएर नेपाली खेलाडीलाई हौस्याउँदै



प्रदीप महर्जन

# हिरो पनि जिरो पनि

**एएफसी च्यालेन्जकपमा** गोल वर्षा गर्दै एकाएक हिरो बनेका प्रदीप महर्जनले सन् १९९४ को विश्वकप फुटबलको फाइनललाई सम्झाए, चटगाउँको एमए अजिज रंगशालामा। रोबर्टो बाजियोको चमत्कारिक प्रदर्शनले इटाली विश्वकपको फाइनलमा त पुग्यो, तर उनले ब्राजिलविरुद्धको निर्णायक खेलमा पेनाल्टीलाई गोलमा बदल्न सकेनन्। प्रदीपको नियति पनि त्यस्तै भयो। ४ खेलमा ५ गोल गर्दै नेपाललाई ७ वर्षपछि अन्तर्राष्ट्रिय फुटबलमा उदाउने मौका प्रदीपले नै दिलाए, तर उनी निर्णायक भिडन्तमा बाजियोजस्तै फ्लप भए। एएफसी च्यालेन्जकपको सेमिफाइनलमा श्रीलंकाविरुद्ध पाएको २ वटै पेनाल्टी पोस्टबाहिर हानेकाले हारको अपजस पनि उनकै थाप्लोमा पऱ्यो।

यो प्रतियोगितामा दक्षिण एसियाली फुटबलप्रेमीको सर्वाधिक ध्यान तान्न सफल पनि प्रदीप नै भए। थ्रीस्टार क्लबका २१ वर्षीय प्रदीपको प्रभावशाली प्रदर्शनले स्थानीय सञ्चारमाध्यमको मात्र होइन, क्लबहरूको पनि ध्यान आकर्षित गऱ्यो। उनी यो प्रतियोगितामा प्यालेस्टाइनका फहेद अत्तल (८ गोल) पछि सबैभन्दा बढी गोल गर्ने खेलाडीको सूचीमा दोस्रो नम्बरमा छन्। नेपाली खेलाडीले अन्तर्राष्ट्रिय खेलको एउटै प्रतियोगितामा यति धेरै गोल गरेको यो पहिलो अवसर हो। उनले भुटानविरुद्ध महत्त्वपूर्ण २, भारतविरुद्ध २ र श्रीलंकाविरुद्धको पहिलो लिग खेलमा एक गोल गरेका थिए। उनी जमेको सबै खेलमा नेपालको प्रदर्शन राम्रो भएको थियो। ब्रुनाईविरुद्ध उनको प्रदर्शन निकै कमजोर थियो, जुन खेलमा नेपाल पराजित हुन पुगेको थियो। ■

# नहोस् अनिष्ट !


जनताले तान्नुपर्ने रथ यसपटक कर्फ्युका कारण सुरक्षाकर्मीलाई तान्न लगाइयो

तेजबहादुर बस्नेत

**मच्छिन्द्रनाथको रथयात्रा अवरुद्ध हुँदा अशुभ घटना हुने गरेको पाइएको छ । यसपटक जात्रा अवरुद्ध भएपछि नेपाली राजनीतिमा पहिले पहिले जस्तै केही परिवर्तन होला भन्ने कुरा आँकलन गरिरहेका छन् स्थानीय बासिन्दाहरू ।**

■ **छत्र कार्की/काठमाडौं**

**सरकारले सात राजनीतिक दलको** शान्तिपूर्ण जनआन्दोलन दबाउन कर्फ्यु आदेश जारी गरेपछि मच्छिन्द्रनाथको रथयात्रासमेत प्रभावित बन्यो । र , जात्रा निर्धारित समयभन्दा पछिमात्र सम्पन्न भयो । कर्फ्युका कारण हनुमानढोकामा रथ १ दिन रोकिएर चैत २७ गतेमात्र उक्त जात्रा सकिएको थियो ।

कर्फ्युका कारण यसपटक मछिन्द्रनाथको रथयात्रामा जात्रामा सहभागीको संख्या अत्यन्त थोरै थियो । चैत २४ गते मच्छिन्द्रबहालबाट सुरु भएको उक्त जात्रामा अवरोध सिर्जना हुनुलाई विज्ञहरूले अशुभको रूपमा लिएका छन् । संस्कृतिविद् सत्यमोहन जोशी भन्छन्, 'सांस्कृतिक मूल्यमान्यता बोकेको मच्छिन्द्रनाथको रथयात्रामा थोरै मानिस सहभागी हुनु राम्रो कुरा होइन । यसले पक्कै पनि सकारात्मक सन्देश दिन सक्दैन ।'

बोधिसत्वको प्रतीकको रूपमा बौद्ध धर्मको महायान सम्प्रदायले सुरु गरेको सेतो मच्छिन्द्रनाथको जात्राको दार्शनिक पृष्ठभूमि छ । उक्त जात्राले प्रत्येक मानिस साधना निरन्तर जारी राखेमा बुद्ध बन्न सक्ने सन्देश दिन खोजेको त्रिभुवन विश्वविद्यालय बौद्धअध्ययन विभागका प्रमुख डा. नरेश वज्राचार्य बताउँछन् ।

बौद्धमार्गीले सुरु गरेको भए पनि अहिले हिन्दु र बौद्ध दुवै धर्मावलम्बी उत्तिकै आस्थाका साथ यो जात्रामा सरिक हुन्छन् । अघिल्ला वर्षमा यो जात्रामा हजारौं मानिस रथ तान्न सहभागी हुन्थे, जात्राको रौनक नै छुट्टै हुन्थ्यो । यसपटक भने कर्फ्युका कारण हनुमानढोकामा रथ अलपत्र परेको समाचार प्रसारित भएपछि सरकारले अनिष्ट हुने भयले रथ तान्ने प्रयोजनका लागि ६० वटा कर्फ्यु पास उपलब्ध गराएको पूजा समितिले जनाएको छ । कर्फ्युको डरले रथ तान्ने मानिस एकदमै थोरै भएपछि प्रहरीले समेत रथ तानेर जतिसक्दो चाँडो रथजात्रा सिध्याउनपट्टि लागेको स्थानीय बासिन्दाले बताएका छन् ।

कर्फ्युमा जबर्जस्ती रथ तानेर जात्रा सिध्याएको घटनालाई राम्रो मान्न नसकिने धारणा राख्छन् संस्कृतिविद् हरिराम जोशी । उनी भन्छन्, 'परम्परागत चाडपर्वलाई जोगाउनु पर्ने हो । यसले त परम्परागतरूपमा चलिआएका यस्ता चाडको ऐतिहासिक महत्त्व समाप्त पारेको छ ।' जोशीका अनुसार निश्चित समय पालना नगरी सम्पन्न रथयात्राको कुनै अर्थ रहँदैन । उनी थप्छन्, 'आफूखुसी जात्रा सुरु गर्ने अनि सिध्याउने हो भने परम्परागत नियमको के अर्थ रह्यो ?'

सेतो मच्छिन्द्रनाथको जात्रा हरेक वर्ष चैत्र शुक्ल अष्टमीबाट सुरु गरेर पूर्णिमाअघि नै सिध्याउनु पर्छ । यो जात्रा सुरु गर्दा पहिले मच्छिन्द्रनाथको मूर्तिलाई मच्छिन्द्रबहालबाट खटमा राखेर जमल लगिन्छ । जमलबाट रथमा राखेर असन लगी एकदिन राख्ने प्रचलन छ । त्यसपछि हनुमानढोका हुँदै रथलाई लगनटोलमा पुर्‍याएपछि जात्रा सकिएको देखिए पनि फेरि मच्छिन्द्रनाथको मूर्तिलाई खटमा राखेर मच्छिन्द्र बहालमा ल्याएपछि औपचारिक रूपमा जात्रा सकिन्छ । आखिरमा उत्सव सकिएको अवसरमा भोज पनि हुने गर्छ, तर यसपटक भने भोजको कार्यक्रम सम्पन्न हुन नसकेको प्राध्यापक राजा शाक्य बताउँछन् । उनी भन्छन्, 'यस्तो बेला जात्रा नै रोकिएला भन्ने लागेको थियो, जेनतेन जात्रा सम्पन्न भयो । यस्तो विपत्तिको घडीमा भोजको कार्यक्रमचाहिँ पछि सारेका छौं ।' प्राध्यापक शाक्य जात्रा निर्बाधरूपमा सम्पन्न हुन नसक्नुलाई आफूले अशुभका रूपमा हेरेको बताउँछन् ॥

विभाग प्रमुख डा. वज्राचार्य आमहडताल र कर्फ्युका कारण यान्त्रिकरूपले सकिए पनि भावनात्मकरूपले पूरा हुन नसकेको विचार राख्छन् । उनी भन्छन्, 'राष्ट्रिय महत्त्वका पर्वलाई कसैले पनि अवरोध पुर्‍याउनु हुँदैन । यस्ता पर्वबाट वैरभाव हटाउन मद्दत मिल्छ ।' मुलुक द्वन्द्वग्रस्त भएको अवस्थामा समस्या समाधानको निम्ति जात्राले महत्त्वपूर्ण भूमिका खेल्ने विज्ञहरू बताउँछन् । जात्राको अवसरमा केही समयको लागि भए पनि मानिसले सबै कुरा थाती राखेर रमाउने गर्छन् । त्यसैले पनि भाइचारा बढाउन यसको ठूलो हात हुन्छ, तर नियमानुसार सम्पन्न नहुने जात्राको कुनै महत्त्व नरहने देखिन्छ ।

## अब के हुने हो ?

यसअघि मच्छिन्द्रनाथको रथयात्रा अवरुद्ध हुँदा अशुभ घटना हुने गरेको पाइएको छ । यसपटक जात्रा अवरुद्ध भएपछि नेपाली राजनीतिमा पहिले पहिले जस्तै केही परिवर्तन होला भन्ने कुरा आँकलन गरिरहेका छन् स्थानीय बासिन्दाहरू । प्रा. शाक्य भन्छन्, 'यसलाई संयोग वा जे सुकै माने पनि विगतमा जात्रा अवरुद्ध हुँदा कैयन् घटना भएका छन् । यसपालि पनि केही नहोला भन्न सकिँदैन ।' मच्छिन्द्रनाथको रथयात्रा रोकिएको घटना डेढ दशकपछिको हो । २०४६ सालको जनआन्दोलनका बेला पनि मच्छिन्द्रनाथको रथयात्रा रोकिएको थियो । त्यस बेला त रथकै आड लिएर प्रहरीले आन्दोलनकारीमाथि गोली प्रहार गरेका थिए । १९९० सालमा महाभूकम्पका बेला पनि जात्रा अवरुद्ध भएको थियो । पृथ्वीनारायण शाहले पनि नेपाल एकीकरणको बेला राम्ररी पूजाआजासहित जात्रा सम्पन्न गरेपछि एकीकरण अभियान सफल बनेको तथ्य इतिहासमा उल्लेख भएको पाइन्छ । रणबहादुर शाहको हत्या भएको समयमा पनि रथयात्रामा व्यवधान खडा भएको ऐतिहासिक घटना दर्ज भएको पाइन्छ ।

मुलुकमा निरंकुशतन्त्र नागरिक अधिकारमाथि धावा बोलिरहेको छ, नागरिकहरू स्वतन्त्रता प्राप्तिको लागि लडिरहेका छन् । लोकतन्त्रको आन्दोलन चर्किरहेका बेला मच्छिन्द्रनाथको अवरुद्ध रथयात्राले यसपटक पनि केही प्रतीकात्मक नतिजा दिने हो कि होइन त्यो त भविष्यले नै बताउनेछ । ■






'मैले हिजै भन्दिसकेँ दाइ, बरु मलाई काटेर मेरो मासु खानोस् । यो बोको त दिन्नँ', मंगला त्यसै पड्किई, जेठाजुले केही भन्न नपाउँदै ।

# बोको

■ सरोज शार्दूल

**'छ्या यो मोरो त,** कस्तो पात्तिएको', मंगलाले हात झट्कारी । हातमा रहेको सानो कुटो केही पर उछिट्टियो । आफ्नो नांगो घुँडोतर्फ हेरी । थोरै थुक लत्पतिएको थियो, धोतीको फेरले पुछी । निधारमा उम्रिएका चिट्चिट् पसिना पुछ्न त्यही फेर उठाई । नाक नजिकै पुग्दा फेर मगमगाएको अनुभूति भयो उसलाई । एकछिनसम्म नाकैमा टाँसी र टोलाइरही ।

सञ्चयकोषबाट सापटी रकम निकाल्न आउँदाको कुरा हो । नारायणदत्तसँगै पहिलोपटक काठमाडौं गएकी थिई ऊ । त्यो पनि निकै कर गरेपछि राजी भएका थिए नारायणदत्त । सन्तान थिएनन् । घरमा ताला लगाए, हिँडे । छिमेकमै रहेकी जेठानीले घरको चिन्ता नलिनु भनेपछि दुवै ढुक्क भएका थिए । फेरि तिनताका गाउँमा कुनै कुराको डर पनि त थिएन ।

काठमाडौंको एउटा मध्यमस्तरकै होटेलमा बसेका थिए उनीहरू । 'तँलाई हनिमुन भनेको थाहा छ', राति कोठामा टेलिभिजन हेर्दै गर्दा नारायणदत्तले सोधेका थिए । झ्यालबाट झिलिमिली काठमाडौं सहर हेरिरहेकी मंगलाले उनका कुरामा कुनै चासो दिइन । पाखुरी समाएर आफू नजिकै तान्दै नारायणदत्त आफैंले थपे, 'यता सहरमा सुहागरातलाई हनिमुन भन्छन् । नवविवाहिता जोडी हनिमुन मनाउन देश विदेशका ठूला सहर र रमणीय स्थानहरूमा जान्छन् ।' नारायणदत्तका छातीमा टाउको अड्याउँदै मंगलाले चेपारो पारी, 'अनि के त ?'

नारायणदत्त टेलिभिजनको रिमोटका बटनहरू थिच्न थाले । अर्को हात अझै पनि मंगलाका गलामै बेरिएका थिए । 'हामी आज हनिमुन मनाउने', गाउँभरि सोझा शिक्षक कहलिएका नारायणदत्त यसोभन्दा आफैं लजाए । जहिले मनाउँदा पनि हुने यो कस्तो हनिमुन रहेछ भन्ने नलागेको होइन मंगलालाई, तर सोध्नु कसरी ? लाजले नारायणदत्ततिर त हेर्न नसक्ने भइसकेकी थिई ऊ । सास पनि एक तमासले बढिरहेको थियो ।

नारायणदत्तका हात एकतमासले आफ्ना शरीरमा चलबलाउन थालेपछि आँखा घुमाएर पुलुक्क हेरी मंगलाले । नारायणदत्तका आँखा सामुन्नेको टेलिभिजनतर्फ सोझिएका थिए । फेरि पनि केही नचल्बलाई आँखा मात्र घुमाई उसले । टाउको नारायणदत्तको छातीमै अडिएको थियो । टेलिभिजनको दृश्यले उसको श्वास-प्रश्वास अझ बढायो । कम्मरमाथि केही नलगाएको एउटा पुरुष बिस्तारामा लडेकी एउटी महिलालाई कम्मरमुनिबाट नंग्याउँदै थियो । महिला नांगिई, पुरुषले बिस्तारै घुँडाबाट चाट्न सुरु गऱ्यो । अब मंगलाका ओठ पनि थर्थराउन थालिसकेका थिए । मंगला एकटकले टेलिभिजन हेरिरहेकी थिई । घुँडानिर चिसो महसुस भयो । यसो हेरेकी त नारायणदत्त त्यही गर्दै थिए, जुन उसले टेलिभिजनमा देखेको पुरुष गर्दै थियो । नारायणदत्तले कतिबेला उसको टाउको छातीबाट हटाएर सिरानीमा अड्याए र आफ्नो आसन बदले पत्तै भएन । उसका लुगा एकएक गर्दै बिस्ताराबाट तल भुइँमा झर्न थाले । कम्मरमाथि लुगा खोल्दा नारायणदत्त पनि अघि टेलिभिजनमा देखिएको पुरुषजस्तै लाग्यो उसलाई । बत्ती निभ्यो । केहीबेरमै टेलिभिजनको मधुर प्रकाश पनि हरायो ।

डङ्ग्रङ्ग करेसाबारीमै उत्तानो परी मंगला । सबै तन्द्रा भंग भयो । 'यो मोरोलाई आज म मारिदिन्छु', पर उछिट्टिएको कुटो समातेर करेसाभरि दगुरी ऊ । तर, कहाँ भेटिन्थ्यो त्यो चम्बु ! आज बिहानैदेखि दुःख दिइरहेको छ, करेसाबारी गोड्न बसेकी उसलाई । घरी धोतीमाथि सारिएको फाइदा उठाउँदै घुँडो चाट्न आइपुग्छ, घरी मुखमा थुतुनो जोत्न । हुनत सधैं यस्तै हो त्यो, तर आज त अति नै भयो । भएन भनेर अहिले त घचेटेरै लडाइदियो । 'असत्ती मोरो', खेदेर थाकेकी मंगला भुतभुताउँदै करेसा छोडेर घरतिर लाग्छे । लोटाको पानीले हातगोडा धोएर पिँढीमा ओछ्याइराखेको गुन्द्रीमा बस्छे । एक हुल सैनिक उसको आँगन डिलकै बाटोबाट उत्तरतिर लाग्छन् । 'दुष्ट राक्षसहरू !' मंगला मनमनै सराप्छे । यी वा यस्तै सैनिकको गोलीबाट मारिएका थिए उसका पति नारायणदत्त ।

'तँलाई आतंककारीको सुराकी !', मुखमा कालोपट्टी बाँधेको एक सैनिकले गर्जदै भनेको थियो, 'स्कुलमा पनि आतंकवादी विद्या सिकाउँछस् हैन ?' ढ्याङ्ढ्याङ् गोली चल्यो । मंगलाका साक्षात् नारायण हात जोडेकै अवस्थामा उसकै आँखाअगाडि ढले । त्यही आँगनको डिल हो । त्यही सैनिक ! त्यही बन्दुक !! 'ए नरपिशाच हो ! मलाई पनि मारेर जाओ', मंगला चिरिक्क चर्किई । त्यतिन्जेल ती सैनिक उसका आँखाबाट ओझेल भइसकेका थिए ।

लाससमेत पाइन मंगलाले । साँझ रेडियोले फुक्यो, 'आतंककारीका कमान्डर नारायणदत्त भट्टराई सुरक्षा कारबाहीमा मारिए ।' काखको चारवर्षे बालक नभएको भए उतिबेलै सेरिइसक्थी ऊ । छरछिमेकले सम्झाए, काखे बालक हेरी । माइलीले भनी, 'किन चिन्ता गर्छ्यौ, तिम्रो छोरो त छ, मेरो को छ र ?' माइलीको दुःख हेरी त मंगलाको केही होइन ।

छोरीहरूलाई आँखै अगाडि बलात्कार गरी मारे। ब्यारेकमा थुनिएको लोग्ने मरे-ज्यूँदोको पत्तो छैन। 'मेरो त छोरै पापी, के सोचेर जंगल पसेको हो कुन्नि ! आफू नि मारियो, हाम्लाई नि माऱ्यो', माइलीले सान्त्वनामा ओकलेका यी शब्दले बुटीको काम गऱ्यो। मंगलाले साहस बटुली।

काखमा केही चल्मलाएजस्तो भयो मंगलालाई। यसो हेरेकी त कालो बोको टाउको अडाएर मस्त बसेको छ। 'तँलाई असत्ती ! भोक लाग्यो होला, अनि आइस् हैन ?' यसो धकलेपछि छेवैको कुचो उल्टो समाएर ताक्दै भनी मंगलाले, 'अघि त खुब मलाई करेसामा लडाएर भाग्ने भएको।' बोको मुन्टो ऊतिर सोभ्याएर ठिंग उभियो मात्र, हातमा कुचो देख्दा पनि एक डेग चलेन। मंगलाको हात लत्याकलुतुक भयो। कुचो भुइँमा भऱ्यो। आँखा रसाए। बोकाको आँखाबाट त भन् केही थोपा 'पानी' नै गुडुल्किए। कसले भन्छ, पशुमा संवेदना हुँदैन भनेर !

ग्वाम्लांग अँगालो हालेर हिक्कहिक्क गर्न थाली मंगला। धेरै बेरसम्म चलिरहयो यो उपक्रम। त्यतिन्जेल बोको पनि नचल्मलाईकन उसको अँगालोमा बेरिइरहयो। 'मेरो छोरो ..', मंगलाको भक्कानो फुट्यो, 'मलाई कति सताउँछस् हँ त ? अघि किन भागेको नि त्यसरी, के म तँलाई कुट्न सक्थेँ र ! म मेरो कालेलाई कुट्न सक्छु ?'

'शोकलाई शक्तिमा बदल्नु पर्छ भाउजू। तपाईंले शत्रुसँग बदला लिनु पर्छ', साँझको प्रहर बित्नै लाग्दा एक हुल मानिस आएका थिए मंगलाका घरमा। नारायणदत्त मारिएको १३ दिन भएको थियो। 'सरजस्तो निहत्था मान्छेलाई त्यसरी ..', नेताजस्तो एकजनाले यसो भन्दा मंगलाले बीचमै रोकेकी थिई, 'सब तपाईंहरूकै कारण त हो नि। भो तपाईंहरू जानुहोस् र अब कहिल्यै नआइदिनुहोला, बिन्ती छ। म बाँच्न चाहन्छु, मेरो छोराका लागि।'

मंगलाको संवेदनाको कुनै अर्थ थिएन। उनीहरूले क्रान्तिका निकै ठूलाठूला कुरा गरे। नयाँ सत्ता आएपछि मंगलाले न्याय पाउने बताए। एक दिन नारायणदत्तजस्ता सहिदको रगतको, बलिदानीको मूल्य पाइने बताए। 'पुरानो सत्ताले आफ्नो अस्तित्व मेटाएर सहिदको बलिदानीको मूल्य चुकाउनेछ', नेता भन्दै थियो, 'हामी पनि त्यसै टाउकोमा कात्रो बाँधेर हिँडेका छैनौं।' मंगलालाई सवालजवाफ गर्न मन लागेको थियो, मानवजीवनको कुनै मूल्य हुन्छ र ? तर सकिन।

अहिले भएको भए सक्थी, तर उनीहरू आउँदै आउँदैनन्। आउनै सक्दैनन्। छोरो थियो, मंगलालाई जीवनप्रतिको मोह पनि थियो। आखिर नारायणदत्तको एकमात्र जीवित निसानी थियो ऊ। अहिले छोरो छैन, जीवनप्रतिको मोह पनि छैन। किन बाँचेकी छु भन्ने पनि थाहा छैन। बाँच्नै पर्छ भन्ने पनि छैन। त्यसैले निर्भयताका साथ कुरा गर्थी ऊ। औपचारिक रूपमा प्राथमिक शिक्षा मात्र हासिल गरेकी भएर के भयो, नियतिले धेरै कुरा सिकाएर गएको छ उसलाई। खुलेर बहस गर्थी ऊ।

किन आउँथे ? के नै छ र मंगलासँग उनीहरूलाई दिन, घृणाबाहेक। उनीहरू गएको भोलिपल्ट नै त हो, छोरो आँगनको डिलबाट हातमा केही खेलाउँदै आएको थियो। 'आमा, आमा हेल त मैले के भेत्ताएँ', यही अस्पष्ट वाक्य अन्तिम थियो उसको। हातको जिनिस पड्क्यो र आँगनमै ढल्यो। त्यस्तै जिनिस अघिल्लो राति टुकीको उज्यालोमा मंगलाले ती मानिसहरूसँग देखेकी थिई, जो सान्त्वना दिन आएका थिए। छोरो आँगनमा ढल्यो, मंगला पिँढीमा। होस खुल्दा छोराको सत्गत भइसकेको थियो।

काले बोको मंगलालाई छाडेर पर आँगनको डिलमा रहेको खोलेको भाँडो चाट्दै थियो। मंगला हत्तपत्त दगुरी र तानेर ल्याउँदै भनी, 'त्यता नजा भनेको होइन ? खालि त्यतै जान्छ।' करेसा नजिकको ठुटोमा बोको बाँध्दै फेरि फत्फताई ऊ, 'म पनि उस्तै, त्यो खोलेको भाँडो किन त्यहाँ राख्नु परेको !' उसको छोरो काले पनि त्यस्तै थियो, खालि त्यही डिलतिर गइरहन्थ्यो।

जेठाजुले काले, काले भन्न थालेपछि काले नै भएको थियो उसको नाम, खास त नवराज थियो।

काले बोको मंगलालाई छाडेर पर आँगनको डिलमा रहेको खोलेको भाँडो चाट्दै थियो। मंगला हत्तपत्त दगुरी र तानेर ल्याउँदै भनी, 'त्यता नजा भनेको होइन ? खालि त्यतै जान्छ।' करेसा नजिकको ठुटोमा बोको बाँध्दै फेरि फत्फताई ऊ, 'म पनि उस्तै, त्यो खोलेको भाँडो किन त्यहाँ राख्नु परेको !'

न्वारन गर्दा पण्डितले भनेका थिए, 'बाबुकै नामको पहिलो अक्षरबाट जुरेछ यसको नाम पनि। बाबुगोता गएछ, ठ्याक्कै बाबुजस्तै हुन्छ।' अघिका वाक्य सम्झन्न मंगला। त्यही अन्तिम वाक्यबाहेक, 'ठ्याक्कै बाबुजस्तै हुन्छ।' यो भनेको बाबुकै गति हुन्छ भनेको हो कि ! अनि त्यो आँगनको डिल। मंगलाका शरीरमा काँडा उम्रन्छ। मन बहलाउने साथी भनेकै त्यही बोको भएको छ, अहिले। रेडियो थियो, फोडिदिई। आफ्ना निर्दोष पतिलाई आतंककारी भन्ने त्यो रेडियोको के काम ? काले बोको नजिकै पुग्छे ऊ। सुमसुम्याउँछे र भान्छातिर लाग्छे। आफूलाई होइन, बोकोलाई खोले पकाइदिन। आज केही खाने मन छैन उसलाई।

साँझ झमक्क पर्छ। दिउँसोका सैनिक त्यसैगरी लाइन लागेर फर्कन्छन्। ऊ बोकालाई खोले ख्वाउनमै व्यस्त छे। ख्वाक्क खोकेको सुनिन्छ। जेठाजु रहेछन्। 'कति स्याहाछ्यौ यसलाई, मातेर उधुम भइसक्यो। दिउँसो मेरो बारीमा पसेर सबै बिरुवा निमास पारेछ', जेठाजुले भने। 'उसै..', मंगलाले यति मात्र भनी। उसलाई थाहा छ, जेठाजु भोलिको चैते दसैंमा काट्न त्यो बोको फकाउन आएका। त्यसैले यस्तो बहाना पार्दै छन्, बोकाको गल्ती देखाएर। गाउँमा अन्त भेटेनन् होला, अनि।

'मैले हिजै भन्दिसकेँ दाइ, बरु मलाई काटेर मेरो मासु खानोस्। यो बोको त दिन्नँ', मंगला त्यसै पड्किई, जेठाजुले केही भन्न नपाउँदै। 'भैगो नि त। मैले अर्कै खोजिसकेँ, किन आत्तिएकी त्यसै', जेठाजुले नम्र जवाफ फर्काए। जेठाजु हिँडेपछि मंगला छोरोलाई झैं बोको पछि लाएर घरभित्र पसी र ढोकाको आग्लो हाली। र, सधैंझैं बोकालाई खाटको खुट्टामा बाँधेर बिस्तरामा उक्लिई।

बत्ती निभाउनै लागेकी थिई। रोकिई र एकफेर बोकोतिर हेरी। बोको पनि उसैलाई घुरेर हेरिरहेको थियो। कस्तोकस्तो कुतकुती भयो मंगलालाई। कान समातेर बोकालाई बिस्तरामा तान्न खोजी। मान्दै मानेन। आफैं ओर्लिई र जुरुक्क बोकेर बिस्तरामा राखी। आफू पनि उक्लिई। ग्वाम्म अँगालो हाली बोकालाई। र, अघिपछि घीन लाग्ने उसको थुतुनोसँग जोडी आफ्नो मुख। 'ए हजुर ! हनिमुन मनाउने होइन ?' यसो भन्दा उसका आँखामा नारायणदत्त नाचिरहेका थिए।

बिहान सबेरै उठेर पानी लिन धारातिर लागी मंगला। आज नुहाई पनि। जीउ नै हलुंगो भएर आयो। फुर्तीसाथ पानी बोकेर घर फर्किई। खाना पकाई अनि बोकोलाई खोले बसाली। खोले पाकुन्जेल खाना खाई। खोलेको भाडो लिएर बाहिर निस्कँदा बोको थिएन। काले ! ए काले !! मंगलाले डाँक लगाई, 'पानी लिएर फर्कँदैदेखि थिएन, कहाँ गएछ, ए काले कता मरिस् ?' अघि कहिल्यै यसरी हराएको थिएन बोको। मंगला अघिल्लो रातमा पुगी। ग्लानिबोधले गाल्दै ल्यायो। चंगा मनको डोरी चुँडियो। चैतमा झरेको पातजस्तै भई ऊ।

जेठाजु साँझ बुहारीको हालखबर सोध्न आए। मंगला बाहिर थिइन। 'मंगला', जेठाजुले बारम्बार बोलाए, 'ए मंगला, कता छ्यौ ?' अहँ आवाज आएन। असजिलो मान्दै खुला ढोकाबाट भित्र पसे उनी। मंगला बिस्तरामा लडिरहेकी थिई। 'यहाँ पो रै'छिन् त, किन सन्चो भएन कि क्या हो नानी ?' जेठाजुले जवाफ पाएनन्।

एकैछिनमा छरछिमेकका सबै जम्मा भए। 'मंगला के भयो तिमीलाई ?' यो जेठानीको आवाज थियो। 'बिहान धारामा भेट्दा त निकै फुर्तिली देखिन्थिन्', यसपटक माइलीले भनिन्, 'एकाएक के भएछ ?' त्यसै बेला मंगलाले आँखाका ढकनी केही उघार्दै सकिनसकी बोली, 'काले ...' जेठाजुले फेरि नाडी छामे, अहिले शरीरमा कुनै ताप थिएन। हात भुइँमा लत्रियो। 'अब रहिनन्', जेठाजुले भने। बोको पनि त्यहाँ थिएन। ■

# यस्तो छ भविष्य फल !

**राजा गुरु र मन्त्री शुक्र परस्पर शत्रुताभाव राख्ने भएकाले र शुक्रले तल्लो वर्गको प्रतिनिधित्व गर्ने भएकाले राज्यसञ्चालनमा तल्लो वर्गको प्रतिनिधित्व रहनेछ भने मन्त्री शुक्रका कारण प्रधानमन्त्रीमा शक्ति आउने निश्चित देखिन्छ।**

**शान्ति र प्रगति सभ्य** मानिसका चाहना हुन् भने हिंसा र दमन असभ्यताका द्योतक हुन्। स्वभावैले मानिस शान्ति चाहन्छ। शान्तिविना प्रगतिको कल्पनासमेत गर्न सकिँदैन। त्यसकारण हरेक नयाँ वर्षको आगमन सँगसँगै मानिसले नयाँ चाहना राखेको हुन्छ। नेपाली जाति पनि त्यसबाट अछुतो रहन सक्दैन। यस्तै कामनासाथ हामी नेपालीले २०६२ वटा चाहनालाई व्यतीत गरिसकेका छौं र अर्को यस्तै चाहनालाई स्वागत गर्न आतुर छौं। हामीले जस्तै अरू मुलुकमा पनि यस्ता इच्छा राखेका हुन्छन्। हामीले एक्काइसौं शताब्दीमा पाइला टेकेको ६२ वर्ष पूरा भई त्रिसठ्ठिऔं वर्षमा प्रवेश गरेको छ। यस अवधिमा शान्तिको इच्छा झन्झन् प्रबल बन्दै गएको छ। गत वर्ष पनि यसै कामनासाथ नयाँ वर्षको खुसियाली मनाएका थियौं, तर हाम्रो सपना केवल सपनामा मात्रै सीमित रह्यो। अब आउने ०६३ साल कस्तो होला ? जिज्ञासामा सबै लीन छन्। तसर्थ ज्योतिषीय दृष्टिबाट २०६३ साललाई नियाल्ने जमर्को गरिएको छ यहाँ।

श्री सूर्य उत्तरायण, वसन्त ऋतु, श्रीशाके १९२८, विकारी नाम संवत्सर, विसं २०६३ वैशाख १ गते शुक्रवार, चौंलागाः १, वैशाख कृष्ण प्रतिपदा तिथि, चित्रा नक्षत्र, हर्षण योग, बालवकरण तदनुसार सन् २००६ अप्रिल महिनाको १४ तारिख बिहान ७ बजेर ५२ मिनेट जाँदा सूर्य मेषराशिमा प्रवेश गर्नेछन्। इष्टकाल ५।१६ रहेको सो समय नेपाली क्षितिजमा वृष लग्न, मीन नवमांश, मकर सप्तांश, सिंह द्वादशांश, कन्या त्रिशांश, वृष द्रेष्काण, मीन दशमांश, धनु षोडशांश, तुला षष्ठ्यांश एवं कर्क होरा चलिरहेको देखिन्छ। लग्नस्पष्ट १।८।४०।१५, सूर्यस्पष्ट ०।०।०।०, चन्द्रस्पष्ट ६।४।३०।६, मंगलस्पष्ट २।६।६।७, बुधस्पष्ट ११।३।२।८, गुरुस्पष्ट ६।२२।२३।२९, शुक्रस्पष्ट १०।१४।३१।४८, शनिस्पष्ट ३।१०।३१।७ एवं राहुस्पष्ट ११।९।३६।२८ रहेका छन्। समयशुद्धिमा कार्त्तिक २१ गते मंगलवार पश्चिमास्त गुरु, मंसिर १६ गते शनिवार पूर्वोदित गुरु तथा असोज १८ गते बुधवार पूर्वास्त शुक्र, मंसिर १० गते रविवार पश्चिमोदय शुक्र रहेका छन् भने यस वर्ष पनि तीनवटा ग्रहण भदौ २२ गते बिहीवार चन्द्रग्रहण, फागुन १९ गते शनिवार खग्रास चन्द्रग्रहण र चैत ५ गते सोमवार खण्डग्रास सूर्यग्रहण तथा जेठ महिनामा अधिमास परेका छन्। यो वर्ष गुरुले राजा र शुक्रले मन्त्री पद पाएका छन्। सूर्यले निरस र धनमा, बुधले रस र फलमा र गुरुले मेघ र दुर्गामा २।२ पद पाएका छन् भने धान्यमा शनि, शस्यमा चन्द्रमाले अधिकार पाएका छन्। राजा गुरु र मन्त्री शुक्र परस्पर शत्रुताभाव राख्ने भएकाले र शुक्रले तल्लो वर्गको प्रतिनिधित्व गर्ने भएकाले राज्यसञ्चालनमा तल्लो वर्गको प्रतिनिधित्व रहनेछ भने मन्त्री शुक्रका कारण प्रधानमन्त्रीमा शक्ति आउने निश्चित देखिन्छ।

जगल्लग्नचक्रानुसार सूर्य मेषको भई बाह्रौं, चन्द्रमा तुलाको भई गुरुसाथ छैटौं, मंगल मिथुनको भई धनस्थानमा, बुध र राहु मीनको भई लाभस्थानमा एवं शनि कर्कको भई पराक्रमस्थानमा रहेका छन्। आकाशमण्डलमा सूर्य र चन्द्रलाई राजा, बुधलाई राजकुमार, मंगललाई सेनापति, गुरु र शुक्रलाई मन्त्री एवं शनिलाई नोकरको स्थानप्राप्त छ। राजा ग्रह सूर्य वक्र गुरु र कर्कको शनि दृष्ट भई लग्नबाट बाह्रौं हुनुले राजा वा राज्यप्रमुखको अधिकारमा कटौती, स्वास्थ्यमा बाधा एवं राजाको वचनको व्यापक अवज्ञा हुन सक्नेछ। वृषलग्नमा सर्वथा अकारक ग्रह मंगलको धनस्थानमा उपस्थिति अनिकाल, महामारी, हिंसा, चोरी फैलिन जाने, तृतीय शनिका कारण नेपालको राज्यसत्तामा पश्चिमी जगत्को वर्चस्व बढ्ने, वैदेशिक सहयोगमा कटौती हुने, शिक्षा क्षेत्रमा तनाव, गडबडी देखा पर्नेछ। व्यापारमा खासै सुधार आउनेछैन। कवि-कलाकार वर्ग भने लाभान्वित हुनेछन्। सूर्यले निरस र धनमा अधिकार पाएकाले अर्थतन्त्रमा माथ्लोवर्गको नियन्त्रण रहनेछ। फल र रसमा बुधले अधिकार पाए पनि नीच भएकाले श्रमको उचित फल प्राप्त हुनेछैन। मेघ र दुर्ग (सीमा)मा गुरुले अधिकार पाएकाले छिमेकसितको सम्बन्ध राम्रै रहनेछ। शनिले धान्यपद पाएकाले बालीनालीमा कीरा, आँधी, हिमपात, अतिवर्षाबाट क्षति पुग्नेछ भने शस्यमा चन्द्रमाले अधिकार पाएको तर वक्र गुरु र सूर्यबाट वेधित हुनुले खासै उब्जा बढ्ने देखिँदैन। यसप्रकार २०६३ सालमा खाद्यान्न, सुनचाँदी, फलफूल, तरकारी, मणिमाणिक्यमा वर्षको उत्तरार्द्धतिर भाउवृद्धि हुनेछ भने सर्वसाधारणलाई बाँच्न कठिनाइ पर्नेछ। स्वास्थ्य र शिक्षाक्षेत्रमा अपेक्षाकृत सुधार आउनेछ। अतिवृष्टि, अनावृष्टि, भूकम्प, भूक्षय र खडेरीको प्रकोप नपर्ला भन्न सकिँदैन। आमसञ्चारमा उपल्लावर्गको नियन्त्रण रहन सक्ने छ भने राज्यसञ्चालनमा उतारचढाव प्रशस्त मात्रामा देखा पर्नेछ।

वैशाख, साउन, भदौ, असोज र माघ महिनामा राजनीतिक अस्थिरता बढ्न गई सरकारमा बस्नेलाई अप्ठेरो पर्न सक्ने, सरकारमा परिवर्तनको योग देखिन्छ। जेठ, मंसिर र चैतमहिनामा सुधारका लागि प्रयास हुने तथा राजनीतिमा सकारात्मक सोचको विकास हुनेछ भने कार्त्तिक र पुस महिना सामान्यरूपमा व्यतीत हुनेछन्। वर्षको उत्तरार्द्धतिर व्यापक वर्षा, हिमपात, शीतलहर, तुषारो तथा रोगव्याधिको प्रकोप बढ्न गई जनजीवन अस्तव्यस्त हुनेछ। यसप्रकार राज्यसञ्चालन गर्ने शासकवर्ग होसियार रहनु वाञ्छित हुनेछ। सञ्चार, यातायात, हवाई क्षेत्रमा त्यति राम्रो देखिँदैन। शनिको सिंह र कर्कटको भ्रमणले राजा वा राजपरिवारमा केही दुःख ल्याउन सक्ने भएकाले राजदरवारसमेत सचेत रहनु पर्ने देखिन्छ।

यस वर्ष मेष र धनुलाई अढैया, कर्कटलाई मध्य, मिथुनलाई अन्त्य र सिंहलाई आद्य साढेसाती शनिदशा लाग्नेछ। असोज २८ देखि माघ १४ सम्म वृष र मकरलाई अढैया, सिंहलाई मध्य, कर्कटलाई अन्त्य र कन्यालाई आद्य साढेसाती शनिदशा लाग्नेछ। जन्मकालमा शनि बलियो भए राज्यमान, नोकरीमा वृद्धि, मान-सम्मानप्राप्ति, शनि खराब (वेधित, अस्त, हीनबलि र अस्त) भए राज्यभंग, अवकाश, विविध रोगव्याधि एवं कठिनाइ सामना गर्नु पर्नेछ। मेषलाई वर्षको मध्यभागतिर लाभप्रद, पठनपाठनमा बाधा, आन्तरिकभन्दा बाह्यकार्यमा सफलता, वृषलाई पूर्वार्द्धमा वैदेशिक कार्यमा लाभ, नयाँ कार्यको सम्भावना एवं मध्यभागमा विविध कठिनाइ पर्ने, मिथुनलाई वर्षको मध्यभाग विदेशयात्रा, नयाँ नोकरी र काममा उत्साह, कर्कटलाई लाभहानि बराबरैजस्तो भइरहला, पढाइ र घरेलु काममा बाधा उत्पन्न, सिंहलाई स्वदेशभन्दा विदेशको काममा लाभ, सामाजिक क्षेत्रमा सफलता, कन्यालाई मध्यभाग केही कठिनाइ महसुस भए पनि पूर्वार्द्ध लाभप्रद छ, तुलालाई वर्षभरि राम्रो छ, धनवृद्धि, मान-सम्मान र राज्यलाभको योग, वृश्चिकलाई वर्षको उत्तरार्द्धतिर सुधार आई पठनपाठन, नोकरी आदिमा राम्रो, धनुलाई वर्षको पूर्वार्द्ध वित्तीयलाभ, पढाइमा सफलता एवं उत्तरार्द्ध खराब, मकरलाई वर्षको मध्यभाग खराब देखिए पनि पूर्व र अन्त्यभाग उत्साहप्रद रहला। कुम्भलाई वर्षभरि नै राम्रो रहने, नोकरीमा बढुवा, देश-विदेशको भ्रमण र आर्थिकलाभ एवं मीनलाई यो वर्षको उत्तरार्द्धबाट सुधार आई कामकाज, पठनपाठनमा सुधार, नयाँ नोकरी र पदोन्नतिको अवसर मिल्नेछ। शनि खराब हुनेले शनिवार साँझमा पीपलको बोटमा पानी चढाई 'ॐ शन्नोदेवीरभीष्टयऽआपो भवन्तुपित्ये। शंयोरभिस्रवन्तु नः' वा 'ॐ ह्रीं श्रीं शनिश्चरायै नमः' वा 'ॐ शं शनैश्चरायै नमः' जप गर्नु वाञ्छित हुनेछ।

राशिफलमा जे भए पनि यस वर्षले सबैमा शान्तिको पथमा लाग्ने, सुसभ्य समाज निर्माण गर्ने दिशामा सोच पुऱ्याओस् भन्ने हार्दिक मंगलमय कामनासाथ पाठकवर्गमा नयाँ वर्ष २०६३ को शुभकामना।

■ **ज्यो. रत्ननिधि रेग्मी, 'शुक्राचार्य'**

**वैशाख २५ गते सात राजनीतिक दलले पूर्ण प्रजातन्त्र स्थापनाका लागि प्रतिनिधिसभा पुनःस्थापनादेखि संविधानसभा निर्वाचन समेतका साझा एजेन्डा तयार गरी आन्दोलनमा उत्रने घोषणा गरे । यसले नेपाली राजनीतिको शून्यतालाई केही हदसम्म चिर्‍यो र लोकतन्त्रवादीको उत्साह बढायो । दलहरूको एकतालाई अमेरिका, भारत, युरोपेली संघलगायतका अन्तर्राष्ट्रिय शक्तिहरूले स्वागत गरे ।**



मोदनाथ खनाल

# माघ १९ को जाँतोमा

**२०६१ माघ १९** को कदमले २०६२ सालमाथि बलियोसँग आधिपत्य जमायो । ०६२ सालका हरेक गतिविधि माघ १९ बाट प्रभावित भए । माघ १९ पछि २०६१ सालमा त देशमा अभूतपूर्व सन्नाटा छायो । विदेशीहरूको छिटपुट आवाजबाहेक स्वदेशबाट कुनै उल्लेखनीय प्रतिरोध आएन शाही कदम विरूद्ध । राजावादीहरूले यही मौका छोपेर आफ्नो उपस्थिति जनाउन खुब प्रयत्न गरे । राजाको कदमलाई स्वागत गर्दै र्‍यालीहरू निस्किए, तर ती र्‍यालीले राजाको इज्जत बढाएन, न माघ १९ को कदमलाई जनसमर्थन जुटाउन सक्यो । यसले त राजाको निरीहता स्पष्ट पार्‍यो । त्यस्ता र्‍यालीहरू राजाकै लागि एउटा उपहास बन्यो । यसरी माघ १९ पछि २०६२ साल नलागुन्जेल राजावादीहरू आफ्नो अस्तित्व स्थापित गर्न उत्साहित भए पनि त्यसको सार्थकता रहेन ।

तर, २०६२ को आगमनसँगै राजनीतिक गतिविधिमा तीव्रता आउन थाल्यो विशेष गरेर दलहरूभन्दा पनि नागरिक समाज र पेसागत समूह बढी सक्रिय भए । उसो त, वैशाख ३ गते मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीले राजाको कदमको समर्थन गर्दै सो कदम नेपालको आन्तरिक मामिला भएका कारण हस्तक्षेप नगर्न अन्तर्राष्ट्रिय जगत्‌लाई आह्वान गरे । उनले दलका नेताहरू भ्रष्ट र राज्य सञ्चालन गर्न अक्षम भएकाले राजाबाट बाध्य भएर माघ १९ को कदम चालेको अवधारणा प्रस्तुत गरे । यता सोही दिन माओवादी विद्रोहीले नवलपरासीमा १० गाउँलेको वीभत्स हत्या गरेर मानवअधिकारको उछित्तो काढे । उनीहरूले परिवारका अगाडि १४ वर्षदेखि ४० वर्षसम्मका निहत्था पुरुषलाई लाइन लगाएर गोली हानी हत्या गरेका थिए ।

वैशाखमै संविधानविपरीत खडा गरिएको शाही आयोगले कांग्रेस प्रजातान्त्रिकका नेता प्रकाशमान सिंहलाई भ्रष्टाचारको अभियोगमा गिरफ्तार गर्‍यो । आफैं मुद्दा दायर गर्ने, आफैं अनुसन्धान र फैसला गर्ने दुनियाँमै नभएको कानुनी नाटक नेपालमा सुरु गरियो । माओवादीले फेरि पनि ११ गते रूपन्देहीका विभिन्न गाउँका पाँच सर्वसाधारणको हत्या गरे । माओवादीद्वारा नै जथाभावी फालिएको बम विस्फोट भएर रूकुममा ५ वर्षे बालकसहित ५ जनाको मृत्यु भयो । वैशाख १४ गतेका दिन राज्यले रातको १२ बजे पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई उनकै निवासबाटै गिरफ्तार गर्‍यो । राजाबाट वैशाख १६ गते संकटकाल फिर्ता गरिए पनि प्रजातान्त्रिक हकअधिकार पूर्ववत् निषेधित भइरहे व्यवहारमा ।

नेपालको मानवअधिकारको अवस्था अत्यन्तै दयनीय भएका कारण 'आइटम १९' अन्तर्गत नेपालमै संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको स्थापना भयो र २४ गते सो आयोगका नवनियुक्त नेपाल प्रमुख इयान मार्टिन नेपाल आइपुगे । वैशाख २५ गते सात राजनीतिक दलले पूर्ण प्रजातन्त्र स्थापनाका लागि प्रतिनिधिसभा पुनःस्थापनादेखि संविधानसभा निर्वाचन समेतका साझा एजेन्डा तयार गरी आन्दोलनमा उत्रने घोषणा गरे । यसले नेपाली राजनीतिको शून्यतालाई केही हदसम्म चिर्‍यो र लोकतन्त्रवादीको उत्साह बढायो । दलहरूको एकतालाई अमेरिका, भारत, युरोपेली संघलगायतका अन्तर्राष्ट्रिय शक्तिहरूले स्वागत गरे ।

जेठचितवन माडीमा २३ गते माओवादीले सर्वसाधारण चढेको गाडीलाई विद्युतीय धरापमा पारी ३५ जना सर्वसाधारणको हत्या गरे भने ७० जनाभन्दा बढी घाइते भए । जेठ ८ गते दलहरूद्वारा २०६१ माघ १९ पछि पहिलो सशक्त कार्यक्रमका रूपमा देशव्यापी जनप्रदर्शन भयो । प्रदर्शनमा सरकारद्वारा व्यापक धरपकड गरियो । खासगरी जेठ महिनामा त्रिपक्षीय द्वन्द्वमा तीव्रता आयो । माओवादीले सर्वसाधारणको हत्या र लुटपाट गर्ने कार्य गर्दै गए भने सात राजनीतिक दलले शान्ति र प्रजातन्त्रका लागि शान्तिपूर्ण आन्दोलन अघि बढाए । राज्यले पनि दलहरूको आन्दोलनलाई व्यापक दमन गर्‍यो । सञ्चारमाथि नियन्त्रण गर्ने दृष्टिबाट आउन लागेको सञ्चार अध्यादेशविरुद्ध पत्रकारहरू सडकमा ओर्लिए । कानुनविद्‌हरू शाही आयोगविरुद्ध खनिए । जेठको ३१ गते धनगढीमा माओवादीले काखे बालकलाई समेत बाँकी राखेनन् । सुरक्षाकर्मीका एक बालकसहित सातजनालाई अपहरण गरेर जंगलमा लगी वीभत्स ढंगबाट हतियारले काटेर हत्या गरियो ।

अमेरिकाले असार १४ गते राजा २०४६ सालअघिको अवस्थामा पुगेको विश्लेषण गर्दै त्यस्तो कार्य स्वीकार्य नहुने बतायो । असारकै २७ गते माओवादीले सात दलसँग वार्ता गर्न एक वार्ताटोली गठन गर्नका लागि सात दललाई आग्रह गरे । खासगरी असार महिनामा सात दल र माओवादीबीच सम्बन्ध सुध्रियो र उनीहरू छुट्टाछुट्टै तर निरंकुश राजतन्त्रविरुद्ध लड्ने सहमतिमा पुगे ।

साउन महिनामा माओवादीले कालिकोटमा आक्रमण गरी शाही सेनातर्फ ठूलो क्षति गराए । पचासभन्दा बढी सुरक्षाकर्मीको मृत्यु भयो । साउन महिनामा अमेरिकी सिनेटर प्याट्रिक लेहीले अमेरिकी सिनेटमा राजाको शासनलाई 'प्रजातन्त्रका नाममा लादिएको सामन्ती शासन'को संज्ञा दिए । साउन महिनामै सरकारले एफएमलाई समाचार प्रसारणमा प्रतिबन्ध लगाइए पनि त्यो प्रतिबन्ध अदालतले रोकिदियो ।

भदौ महिनामा नेपाली कांग्रेस पनि गणतन्त्रको बहसमा ओर्लियो । नागरिक समाज काठमाडौंभन्दा बाहिर विराटनगरबाट समेत लोकतन्त्रको उद्घोष गर्दै जुर्मुरायो । कांग्रेसकै भातृ संस्था नेपाल विद्यार्थी संघमा गणतन्त्रवादी र अन्यबीच गम्भीर संघर्ष भयो । महाधिवेशन नै बिथोलियो । अन्ततः कांग्रेसले पनि पार्टीको विधानबाट संवैधानिक राजतन्त्र झिकेर 'राजतन्त्र निरपेक्ष' राजनीतिक दलका रूपमा आफूलाई प्रस्तुत गर्‍यो ।

गणतान्त्रिक विचारको प्रभाव असोज महिनामा झनै तीव्र बन्यो । विशेष गरेर राज संस्थाका विषयमा नागरिक समाजले तिखो टिप्पणी गर्‍यो । असोजमै माघ २६ गते नगरनिर्वाचन गर्ने घोषणा भयो । यसले राजनीतिक द्वन्द्वलाई झनै उत्कर्षमा पुर्‍याउने काम गर्‍यो । राजनीतिक दलहरूद्वारा नगर निर्वाचन अस्वीकार गर्ने घोषणा भयो । यो महिनामा ५ महिनाअघि सरकारले तयार गरेको सञ्चार नियन्त्रण अध्यादेश राजाबाट जारी गरियो ।

सरकारको अनुदार चरित्र कात्तिक महिनामा सञ्चार क्षेत्रमा अति अशिष्ट ढंगले प्रस्तुत भयो । कात्तिक ६ गते मध्यरातमा डकैतीको शैलीबाट कान्तिपुर एफएमका प्रसारण उपकरण

सुरक्षाकर्मीद्वारा लुटियो ।

मंसीर महिनामा अमेरिकाका प्रभावशाली सिनेटर प्याट्रिक लेहीले अमेरिकी सरकारलाई भ्रष्ट एवं प्रतिगमनकारी राज संस्था र नेपाली जनतामध्ये एक रोज्न आग्रह गरे । मंसिर महिनामै दल र माओवादीबीच शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट निरंकुश राजतन्त्र अन्त्य गर्ने १२ बुँदे समझदारी भयो । यो समझदारीको संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले स्वागत गरे । उनले सरकारलाई पनि युद्धविराम गर्न र वार्ताको माध्यमबाट सशस्त्र द्वन्द्व समाधान गर्न आह्वान गरे । सरकारद्वारा विभिन्न ठाउँमा दलहरूले गर्न लागेको सभा असफल पार्न व्यापक धरपकड गर्‍यो । धरपकड हुँदाहुँदै पनि देशका प्रमुख सहरहरूमा दलहरूको उल्लेखनीय प्रदर्शन भयो । सञ्चारमाध्यममाथि सरकारको दमन यथावत् रह्यो । सरकारले रेडियो सगरमाथा विनाकारण बन्द गर्‍यो, तर दुई दिनपछि नै सर्वोच्च अदालतले सरकारको निर्णयलाई पल्टाई एफएमबाट समाचार प्रसारण नरोक्न आदेश जारी गर्‍यो ।

पुस महिनादेखि देशमा आन्दोलनको तापक्रम तीव्र भयो । सरकारले बलजफ्ती गर्न लागेको नगरनिर्वाचनका कारण सरकार सबैतिरबाट एक्लिँदै गयो । राजनीतिक दलहरू नगरनिर्वाचनलाई शान्तिपूर्ण ढंगले बहिष्कार गर्ने अभियानमा लागे । सरकार कडा दमनमा उत्रियो । निर्वाचनका निहुँमा व्यापक आर्थिक हिनामिना हुन थाल्यो । सञ्चार मन्त्रालयमार्फत निर्वाचनका लागि भनेर दुई करोडभन्दा बढी रकम विनाशीर्षकमा झिकियो ।

पुस महिनामा राजावादी दलका रूपमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी विभाजित भयो । खासमा नगर निर्वाचनमा भाग लिने या नलिने विषयमा पैदा भएका विवाद अन्ततः पार्टी विभाजनसम्म पुग्यो । संस्थापन राप्रपा नगरनिर्वाचन बहिष्कारमा उत्रियो । पुस महिनामै नगरकोटको काली मन्दिरमा सैन्य उन्मादकै फलस्वरूप एक सैनिकले ११ सर्वसाधारणको गोली हानी हत्या गरे । माओवादीले भदौ १७ गते गरेको युद्धविराम भंग गर्‍यो । ४ महिना लामो माओवादीको एकपक्षीय युद्धविराममा सरकारले युद्धविराम गर्नु त परै जावोस् युद्धविराम भंग गर्नका लागि माओवादीलाई उत्तेजित पार्ने खालका धेरै घटना भए ।

माघ महिना झनै तनावपूर्ण रह्यो । काठमाडौंको मुख्य प्रवेश नाका थानकोटमा माओवादीको भीषण आक्रमणबाट राजधानी आतंकित बन्यो । राजाको हठधर्मिताको उपजका रूपमा प्रस्तुत नगरनिर्वाचन नै तनावको मुख्य कारण बन्यो । माघ ७ गते सात दलले राजधानीमा विशाल प्रदर्शन गर्ने तयारी गर्दै थिए, तर हठात् सरकारले बर्बरशैलीमा धरपकड गर्ने दमनकारी नीति लियो । सरकार कतिसम्म आत्तियो भने सात दलले प्रदर्शन गर्ने दिनमा कर्फ्यु नै लगाइदियो । यस कार्यले राजाको एक्काइसौं शाताब्दीको प्रजातन्त्र कस्तो रहेछ, स्पष्ट भयो । माघ २६ गतेको नगरनिर्वाचन सफल गर्ने निहुँमा दलका नेता कोही नजरबन्दमा त कोही हिरासतमा बन्दी भए । यस्तो घटनाको भारत, अमेरिका, युरोप र जापानले गम्भीर चिन्ता प्रकट गरे । सरकारी दमनको प्रतिक्रियामा सात दलद्वारा माघ १३ गते नेपाल बन्दको घोषणा भयो । निर्वाचन बहिष्कारको अभियान पनि निकै तीव्र भयो । माओवादीको हिंसात्मक क्रियाकलापमा पनि वृद्धि भयो । जनकपुरमा सद्भावना पार्टी (मण्डल)का नगरप्रमुखका उम्मेदवारको हत्यापछि स्थिति झनै तनावपूर्ण रह्यो । निर्वाचनको समयमा राजनीतिक दलका नेता, कार्यकर्ता र विभिन्न पेसाका पेसाकर्मीलाई सरकारले छोडेन । अन्ततः सबै दल, नागरिक समाज, पेसाकर्मी, पत्रकार तथा मानवअधिकारकर्मीलाई बन्दी बनाएर सरकारले निर्वाचनको नाटक समाप्त गर्‍यो । निर्वाचन एउटा अनौठो उपहास जस्तो थियो । निर्वाचनको मूल्य, मान्यता एवं मौलिकताको उपहास गर्दै निरंकुश शासनको स्वरूपलाई नगरनिर्वाचनले अझ प्रस्ट्याउने कार्य गर्‍यो । नगरनिर्वाचनकै दिनमा सेनाद्वारा दलका दुई कार्यकर्ताको गोली हानी हत्या भयो । अमेरिका, बेलायत, भारत, जापान लगायतका राष्ट्रले नगरनिर्वाचनको कुनै औचित्य नभएको अभिव्यक्ति प्रकट गरे ।

नगरनिर्वाचनको अघिल्लो दिन अकस्मात् माओवादी अध्यक्ष प्रचण्डको अन्तर्वार्ता प्रकाशित भयो । प्रचण्डले शान्तिपूर्ण राजनीतिमा आफ्नो पार्टी आउन तयार रहेको अभिव्यक्ति दिए । माघ १९ लाई सात दलले कालो दिवसका रूपमा मनाए । यसरी माघ महिना २०६२ सालको सर्वाधिक तनावपूर्ण महिना रह्यो ।

राजाको सर्वसत्तावादी चिन्तनजन्य शाही आयोग सर्वोच्चद्वारा फागुन १ गते खारेज भयो । यसले न्यायालय निरंकुशताको छायाँबाट जोगिएको अनुभव भयो । सरकारले पेट्रोलियम पदार्थमा अत्यधिक मूल्य वृद्धि गर्दा सबै क्षेत्रमा मूल्य आकाशिन पुग्यो । साथै दलका नेताहरूलाई अकारण गिरफ्तार गर्ने कार्यमा झनै वृद्धि भयो । यसैबीच फागुन ११ गते एमालेले 'बृहद् लोकतान्त्रिक मोर्चा'को प्रस्ताव ल्यायो । दल र माओवादीबीचको समझदारी मोरियार्टीको अभिव्यक्तिपछि संकटमा पर्‍यो । माओवादीले पनि पुनः फाट्टफुट्ट दलका कार्यकर्तामाथि आक्रमण र अपहरण गर्नेजस्ता कार्य दोहोर्‍याउन थाले । भारत भ्रमणमा रहेका अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले राजालाई अविलम्ब प्रजातन्त्र पुनःस्थापना गर्न आह्वान गरे । माओवादीभित्रका दुई वरिष्ठ नेताले अध्यक्ष प्रचण्ड र नेता बाबुराम भट्टराईमा राजनीतिक विचलन पैदा भएको भनी पार्टीभित्रको आन्तरिक विवाद सार्वजनिक गरे । यता सात दलले चैत २४ गतेदेखि लगातार ४ दिन माओवादीको नैतिक समर्थनसहित आमहडताल गर्ने घोषणा गरे ।

२०६२ सालको अन्तिम महिना चैत १ गतेदेखि नै माओवादीद्वारा घोषित राजधानीलगायतका सहरकेन्द्रित नाकाबन्दीका कारण देशभर गम्भीर प्रभाव पर्‍यो । सात दल, नागरिक समाज, अन्तर्राष्ट्रिय जगत्, मानवअधिकारकर्मी तथा विभिन्न पेसाकर्मीको अनुरोधपछि अनिश्चितकालीन भनिएको नाकाबन्दी एक सातापछि माओवादीले खुलाए । चैत ६ गते दल र माओवादीबीच १२ बुँदे समझदारीमा पुनर्मूल्यांकन गरी समझदारीलाई अझ सबल र दिगो बनाउने दोस्रो समझदारी भयो । सोही समझदारीअनुरूप चैत २४ देखि २८ सम्म सात दलद्वारा आम हडताल आह्वान गरियो ।

नेपालको राजनीतिक इतिहासमा २०६२ को चैत महिना अभूतपूर्व बन्यो । जनआन्दोलन उत्कर्षमा पुग्यो । २०४६ सालमा केही मुख्य सहरमा मात्रै आन्दोलन चर्केको थियो, तर यसपटक सम्पूर्ण देश नै आन्दोलनको राँको बालेर अघि बढ्यो । गाउँ-गाउँबाट समेत जनता जागे । सरकारी दमनले मध्ययुगीन बर्बरतालाई माथ गर्‍यो, तर जनताले त्यो दमनको पर्वाह नै गरेनन् । कर्फ्यु र निषेधाज्ञाको सर्वत्र अवज्ञा भयो, जनताले रातदिन प्रहरी र सेनाको दमनविरुद्ध शान्तिपूर्ण प्रतिकार गरे । गृहमन्त्री कमल थापाले माओवादीको आन्दोलन भनेर आफ्नो जागिर लम्ब्याउने प्रयत्न गरे । उनले गंगबु क्षेत्रमा पूर्व डिएसपीको घरमा घुसपैठिया माओवादीले गोली हानेको कुरा सञ्चार माध्यममार्फत सार्वजनिक गरे, तर झूटो कुरा टिक्न सकेन । जनताले तुरुन्तै त्यस क्षेत्रमा पूर्व डिएसपीको घरै नभएको पत्ता लगाए । सर्वसाधारण जनता गिरफ्तार गरेर माओवादी गिरफ्तार भए भन्ने जस्ता निर्लज्ज झूटो बोल्न पनि चुकेनन्, कमल थापा । राज्यको जस्तोसुकै षड्यन्त्रका बीच पनि जनता अघि बढेका छन् । २४ गतेदेखि २७ गतेसम्म घोषित चारदिने आमहडताललाई जनताकै मागअनुसार सात दलले अनिश्चित समयका लागि लम्ब्याए । शान्तिपूर्ण जनआन्दोलनको पहिलो चार दिनमै निरंकुश सत्ताले ४ निहत्था जनताको ज्यान लियो । आम हडतालका चार दिनमा भीमसेन दाहाल (पोखरा), दर्शनलाल यादव (सप्तरी), तुलसी क्षेत्री (भरतपुर) र शिवहरि कुँवर (बनेपा)ले सहादत प्राप्त गरे । सात दलले उनीहरू चारैजनालाई लोकतान्त्रिक सहिद घोषणा गरे ।

चैतको तेस्रो साता सर्लाहीमा माओवादीले सेनाको हेलिकोप्टर आक्रमण गरी खसालेको दाबी गर्‍यो, तर सरकारले त्यसलाई प्राविधिक गडबडी मात्र भनेको छ । सर्लाहीकै भिडन्तमा सर्वसाधारण, सुरक्षाकर्मी र माओवादी गरी २३ को मृत्यु भयो । उता बुटवल र तौलिहवामा पनि माओवादीले सशक्त आक्रमण गरे ।

यसरी '२०६२' सालमा राजाको निरंकुश पञ्जाभित्र च्यापिएर जनताको सम्पूर्ण अधिकार कुण्ठित भए, आर्थिक विकास ठप्प भयो, शिक्षण संस्था सेना र माओवादीका ब्यारेक बने । राजा स्वयंले राज्यकोष मनपर्दीसँग दुरुपयोग गरे ।

समग्रमा यो वर्ष सम्भवतः नेपाली इतिहासमै सर्वाधिक कहालीलाग्दो र प्रत्युत्पादक बन्यो । सक्रिय शासन गर्ने राजाको महत्त्वाकांक्षामा विराम नलाग्दा सम्पूर्ण वर्ष नै अघिल्लो माघ १९ को खग्रासमा पर्‍यो ।

*(यो आलेख व्यवसायिक पत्रकारिता अध्ययन प्रतिष्ठानद्वारा प्रकाशनोन्मुख वार्षिक डायरीबाट झिकिएको सारांश हो)*



युवराज घिमिरे

## शून्य समय

# राजाले हार्नु पर्छ, हार्न सिक्नु पर्छ

'अपरिहार्य' ज्ञानेन्द्र राजा बन्दा राजाले हार्न नहुने संस्कृति फेरि आफ्नो विजयोल्लासका साथ उठ्यो । राजा वीरेन्द्रले ०४६ मा राजाको हार जनताको विजय बन्छ भने त्यसलाई स्विकार्नु पर्छ भन्ने परम्पराको कमजोर जग हालेका थिए, तर ज्ञानेन्द्रले दरवारको पुरानै संस्कृति लाद्ने कोसिस गरेर त्यो जगलाई विस्थापित गरे, छिन्नभिन्न पारे ।

**प्रेममा असफल** भएपछि युवराज दीपेन्द्रले दरवारमा उधुम मचाए । उनले जो अगाडि पर्‍यो त्यसलाई भुटे । आमाबाउ केही भनेनन्, तर अति मूर्च्छित या पूरा चेतहीन अवस्थामा उनी राजा घोषित भए । अपराधी र राजा एकैपल्ट । दरवार हत्याकाण्डको ५ वर्षपछि पनि त्यहाँभित्रको या राजपरिवारको मनोविज्ञान एउटा कौतुहलको विषय रहिआएको छ कयौँलाई ।

लाग्छ, दरवारको संस्कृतिमा राजालाई पराजित हुन सिकाइँदैन । जीवन जय, विजय, चिसो, तातो र अनुकूल तथा प्रतिकूल परिस्थितिको मिश्रण हो । ज्ञानीले ती सबै परिस्थितिमा आफूलाई एकनास राख्छ । बहादुरले प्रतिकूल परिस्थितिलाई अनुकूलमा परिवर्तन गर्ने कोसिस गर्छ, तर आइपरेमा पराजय स्विकार्छ ।

दीपेन्द्र एउटा प्रतीक हुन्, राजा बन्न तालिम हासिल र दरवारिया संस्कृतिमा पालिएका पोसिएका थिए उनी । असफलता स्वीकार नगर्नु र आफ्नो आकांक्षाका बाधकहरूलाई समाप्त पार्नु पर्छ भन्ने सिकेका थिए उनले त्यो संस्कृतिबाट । पृथ्वीनारायण शाहले त्यो बेलाको मान्यताअनुरूप वा युद्धविजयबाट मुलुकलाई एकीकरण गरे, तर कुनै कारण हारेको भए सायद उनले गोर्खाको गद्दी पनि गुमाउँदा हुन्, जसरी उपत्यकाका मल्ल राजाहरूले गुमाए । राज्यविस्तारको त्यो मान्यता अब समाप्त भए पनि उनका उत्तराधिकारीहरूमा एउटा जड सूत्रले जरा जमाएको छ - राजा असफल र पराजित भएमा उनी रहँदैनन् । र, त्यही सूत्रलाई निरन्तरता दिँदै आएको दरवारिया संस्कृति राजा असफलताकै पराकाष्ठामा पुगेपछि पनि उनलाई सुऱ्याइरहन्छ, 'सरकार ! सफलता धेरै नजिक छ । आन्दोलनमा २-४ सयको ज्यान गए पनि सफलताको त्यो संभावना गुमाउनु हुँदैन ।'

राजा सर्वत्र असफल भएको घोषणा गरेको छ अमेरिकी सरकारले । अन्तर्राष्ट्रिय जगत् उनलाई असफल घोषित गर्ने मुडमा मात्र छैन । राजाका गतिविधि र दमनलाई 'आपराधिक' मान्ने संकेत युरोपेली संघले दिइसकेको छ । आफ्नो टाउको या जीउमा लठ्ठी बज्रँदा प्रजातान्त्रिक योद्धाहरूले लठ्ठी चलाउने प्रहरीलाई नभएर राजा ज्ञानेन्द्रलाई 'आततायी' मान्छन् । पीडाबाट निस्किएको उसको श्राप त्यो प्रहरीलाई हैन राजालाई जान्छ । किनकि यो सबै राजाद्वारा र राजाका लागि हुँदै छ । उनको महत्त्वाकांक्षाका लागि हुँदै छ । प्रहरी त निमित्त मात्र हो ।



राजाले हार्नु हुँदैन - त्यही मन्त्रबाट परिचालित छन् राजा ज्ञानेन्द्र । ००७ सालमा राणा विरोधी आन्दोलन चर्क्यो । राजा त्रिभुवन सपरिवार दिल्ली गए । मामा घरमा रहेका अबोध ज्ञानेन्द्र राजा भए । २०५८ जेठमा दरवार हत्याकाण्ड भयो । राजा दीपेन्द्र मरेपछि ज्ञानेन्द्रको राज्यरोहण 'अपरिहार्य' बन्न गयो संविधान र परम्पराका कारण । 'अपरिहार्य' ज्ञानेन्द्र राजा बन्दा राजाले हार्न नहुने संस्कृति फेरि आफ्नो विजयोल्लासका साथ उठ्यो । राजा वीरेन्द्रले ०४६ मा राजाको हार जनताको विजय बन्छ भने त्यसलाई स्विकार्नु पर्छ भन्ने परम्पराको कमजोर जग हालेका थिए, तर ज्ञानेन्द्रले दरवारको पुरानै संस्कृति लाद्ने कोसिस गरेर त्यो जगलाई विस्थापित गरे, छिन्नभिन्न पारे ।

असोज १८ र पछि माघ १९ मा राजा 'अपराजेय' हुन्छ भन्ने दम्भका साथ उनले संविधानको मनपरी व्याख्या मात्र गरेनन्, त्यो क्रममा जनताका नेताहरूप्रति घृणाको भाव र भाषासमेत प्रयोग गरे । २००७ साल कात्तिक, २०५८ जेठ र २०६२ माघमा आफ्नो महत्त्वाकांक्षी उत्थानमा मुलुकको नियति देखे उनले । वास्तवमा उनले देखेको त्यो नियतिले उनको नियतलाई अझ बढी खोटो बनाउँदै लग्यो । मान्यतालाई अझ प्रगाढ बनायो- राजाले हार्नु हुँदैन ।

राजा सामान्य व्यक्ति हुन् र संवेदनशील तथा सम्मानित संस्थाका प्रतिनिधिका रूपमा उनी बढी सालीन, आत्मनिरीक्षक र वस्तुनिष्ठ बन्नु पर्छ भन्ने अपेक्षा खास गरी ०४७ को संविधानपछि दल र समाजका विभिन्न पक्षले चाहेका हुन् । तर, खासगरी राजा ज्ञानेन्द्रको उदयपछि त्यो अपेक्षाको कुव्याख्या हुन थाल्यो र कुव्याख्याबाट उत्पन्न महत्त्वाकांक्षा नै आजको परिस्थितिको जरोमा छ ।

अति दान गर्नाले राजा बलि बाँधिए, अति अभिमानले कौरव कुल विनाश भयो, अति दम्भले लंका जल्यो त्यसैले अति त्याज्य छ भन्ने मान्यतालाई 'हिन्दु नेपालको दरवारिया संयन्त्र'ले अस्वीकार गरेको छ राजाका सन्दर्भमा । लाग्छ, हिन्दुशास्त्रमा राजाको कल्याणकारी भूमिकाबारे उनी ज्यादा जर्नेल भरतकेशर सिंहबाट सुन्न चाहन्छन् । अति दमनले अन्त्य निम्त्याउछ- राजाले यो बुझ्न सक्नु पर्छ ।

राजा अपराजित हुनु हुँदैन र हुँदैनन् भन्ने मान्यता धर्म, विज्ञान, नीति, दर्शन, राजनीति र समाजशास्त्रको कुनै पनि नियमसँग मेल खाँदैन । त्यसैले राजाले मान्दै आएका संस्कार र कु-संस्कृतिबाट तत्काल आफूलाई मुक्त गर्न आवश्यक छ । आफूलाई अपराजित मान्ने राजाले सबैलाई शंका गर्छ, कसैलाई विश्वास गर्दैन । सर्वत्र षड्यन्त्र देख्छ । त्यसैले मेलमिलापलाई उ रणनीतिका रूपमा मात्र स्विकार्छ ।

तुलसी क्षेत्री, भीमसेन दाहाल, शिवहरि कुँवर, दर्शन यादव र विष्णु पाण्डेको ज्यान उनको गल्ती र महत्त्वाकांक्षी रणनीतिका कारण गयो । गोंगबु र सामाखुसी, चुच्चेपाटी र बुटवल, परासी अनि बनेपा, कलंकीमा बगेका रगतका लागि उनी दोषी छन् । हजारौं नेता र कार्यकर्ताको गिरफ्तारी कानुन विपरीत र राजाको आकांक्षा परिपूर्तिका लागि भएका छन् । ती सबै घटनाबारे वस्तुनिष्ठ विश्लेषण र मानवीय निष्कर्षका साथ राजाले जनतासमक्ष आफूलाई पेस गर्न सक्नु पर्छ इमानदारीका विनम्रता र आत्म समीक्षाका साथ । अर्कोतिर इमानदारी र सत्य कबुल गर्न नसक्ने राजालाई जनताले सम्मान गर्नेछैनन् । र, दरवारको हैन जनताको चाहनामा संस्कारित हुन चाहने राजाको मात्र भविष्य छ, अब नेपालमा । ■